# आर्थिक वर्ष २०६६।६७ को बजेट कार्यान्वयन प्रगति

## वार्षिक मूल्याङ्कन प्रतिवेदन

नेपाल सरकार
अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा
सिंहदरवार, काठमाण्डौं
२०६७, पुस

# मन्तव्य

वार्षिक वजेटको प्रभावकारी कार्यान्वयन हुन सक्यो भने मात्र यसले लिएका उद्धेश्यहरु प्राप्त हुन सक्छन् । आर्थिक वर्ष व्यतित भएपछि वजेटको कार्यान्वयनको यथार्थपरक मुल्याङ्कन गरेपछि के उपलब्धि हासिल भयो, कस्ता समस्या रहे र भावी वजेट कार्यान्वयन गर्दा कुन विषयमा ध्यान दिनु आवश्यक छ भन्ने कुराको जानकारी प्राप्त हुन सक्दछ । यसै विषयलाई दृष्टिगत गरी अर्थ मन्त्रालयले वजेटको वार्षिक मुल्याङ्कन गर्ने परम्परा थालनी गरेको छ । यो चौथो वार्षिक मुल्याङ्कन प्रतिवेदन हो ।

आर्थिक वर्ष २०६६/६७ को वजेटले पूर्वाधार निर्माण र सामाजिक सुरक्षा प्रवर्द्धनको दिशामा केही उल्लेख्य नयाँ कार्यक्रम लिएको थियो । विपन्न वर्ग लक्षित जनता आवाश कार्यक्रम नितान्त नौलो परिकल्पना थियो । लक्ष्य पूरै हासिल नभएपनि गएको आर्थिक वर्षमा यसमा प्राप्त उपलब्धिलाई कोशेढुङ्गा मान्न सकिन्छ । धेरै वर्षसम्म “गफ मात्रै गरिएको” काठमाडौ-तराई द्रुतमार्गको ट्र्याक खोल्ने काम प्रारम्भ भयो; असारसम्म आइपुग्दा करीव २० कि.मी. ट्र्याक खुल्यो । रुख कटानी र ट्र्याक सफाई सम्पन्न भयो । दलित तथा विपन्न वर्ग लक्षित पोषण सुधार कार्यक्रम, नर्सिङ तालीम, प्राविधिक शिक्षाको विस्तार गएको वर्षका उल्लेख्य उपलब्धि हुन । मध्यपहाडी लोकमार्गको निर्माणलाई तीव्रता दिईयो । माथिल्लो तामाकोशी जलविद्युत आयोजना राष्ट्रिय वित्तीय श्रोतबाटै सम्पन्न गर्ने अठोटका साथ निर्माण प्रारम्भ भयो । सिक्टा सिचाई आयोजना जसरी आन्तरिक श्रोतबाटै हिम्मतका साथ निर्माण कार्य अगाडि बढाइयो त्यसै गरी रानीजमरा सिंचाई आयोजना प्रारम्भ गरियो ।

२०६६ साउनमा घोषणा भएको तलवभत्ता वृद्धि, विशेष सुरक्षा योजना कार्यान्वयनका लागि वजेट व्यवस्थापन गर्नु समीक्षा वर्षको सर्वाधिक कठीन कार्य थियो । अर्थ मन्त्रालयले खर्च नियन्त्रणका उपायहरु अपनाएका कारण उल्लेखित खर्चहरु समेत व्यवस्थापन गरी चालु खर्चलाई वजेट अनुमानको सीमाभित्रै राख्न सकिएको छ ।

ढिलो वजेट पारित भएको पृष्ठभूमिमा पनि आर्थिक वर्ष २०६६/६७ को वजेट कार्यान्वयनका उपलब्धिहरुलाई सन्तोषजनक नै मान्नु पर्दछ । यस वार्षिक मूल्यांकन प्रतिवेदनले दिएका सुझावहरुले आगामी आर्थिक वर्षको वजेट निर्माण तथा कार्यान्वयनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, प्रतिवेदन तयारीमा संलग्न सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

पुस, २०६७

रामेश्वरप्रसाद खनाल
सचिव

## हाम्रो प्रयास

अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिवद्धता र जनता सामु गरेका बाचाहरुलाई मूर्तरुप दिन आवधिक योजनाको मार्गदर्शनभित्र रही सरकारले वार्षिक बजेट तर्जुमा गर्ने गर्दछ । बजेट तर्जुमाका वखत निर्दिष्ट गरिएका उद्धेश्यहरु हासिल गर्ने किसिमबाट वजेटको कार्यान्वयनको प्रयास पनि गरिएको हुन्छ । वजेट कार्यान्वयनको समीक्षा नगरी यसका उद्धेश्य हासिल भए नभएको थाहा पाउन नसकिने हुंदा वजेट तथा कार्यक्रम महाशाखाबाट वजेट कार्यान्वयनको वार्षिक मुल्याङ्कन हुने गरेको छ। प्रस्तुत मुल्याङ्कन प्रतिवेदन पनि यसैको निरन्तरता हो ।

क्षेत्रगत मन्त्रालयहरुले संचालन गरेका कार्यक्रमहरुको वार्षिक समीक्षा तथा महालेखा नियन्त्रक कार्यालयबाट तयार गरिने वार्षिक विवरणबाट प्राप्त हुने सूचनाहरुको आधारमा वजेट कार्यान्वयनको वार्षिक मुल्याङ्कन प्रतिवेदन तयार गरिने भएकोले यो प्रतिवेदन तयारीमा केही ढिलाई हुन गएको छ । तथापी, मुल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएका सूचनाहरुबाट आगामी दिनमा वजेट निर्माण तथा कार्यान्वयनमा अवलम्वन गर्नु पर्ने सुधारका क्षेत्रहरुको पहिचान गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, प्रतिवेदन तयारीमा संलग्न सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

पुस, २०६७

वोधराज निरौला
सहसचिव
वजेट तथा कार्यक्रम महाशाखा

## विषयसूची


| विवरण | | पृष्ठ |
|---|---|---|
| **परिच्छेद एक– परिचय** | | १ |
| १.१ | प्रतिवेदनको पृष्ठभूमि | १ |
| १.२ | प्रतिवेदनको औचित्य | १ |
| १.३ | प्रतिवेदनको उद्धेश्य | १ |
| १.४ | प्रतिवेदनको सीमा | २ |
| **परिच्छेद दुई– देशको आर्थिक स्थिति** | | ३ |
| २.१ | वास्तविक क्षेत्र | ३-६ |
| २.२ | वाह्य क्षेत्र | ६-७ |
| २.३ | मौद्रिक स्थिति | ७-८ |
| २.४ | समष्टिगत आर्थिक स्थितिमा मुख्य मुख्य बुंदाहरु | ९-१० |
| **परिच्छेद तीन– बजेटका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रगति** | | ११ |
| ३.१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ११-१२ |
| ३.२ | अर्थ मन्त्रालय | १२-१८ |
| ३.३ | उर्जा मन्त्रालय | १८-२२ |
| ३.४ | उद्योग मन्त्रालय | २२-२३ |
| ३.५ | कृषि तथा सहकारी मन्त्रालय | २३-२८ |
| ३.६ | गृह मन्त्रालय | २८-३० |
| ३.७ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ३१-३४ |
| ३.८ | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३४-३७ |
| ३.९ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३७-३८ |
| ३.१० | महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय | ३८-३९ |
| ३.११ | युवा तथा खेलकुद मन्त्रालय | ३९-४० |
| ३.१२ | वन तथा भूसंरक्षण मन्त्रालय | ४०-४२ |
| ३.१३ | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४२-४४ |
| ३.१४ | वातावरण मन्त्रालय | ४४-४५ |
| ३.१५ | शान्ति तथा पुनर्निर्माण मन्त्रलाय | ४५-४६ |

| | | |
|---|---|---|
| ३.१६ | संघीय मामिला, संविधानसभा, व्यवस्थापिका तथा संस्कृति मन्त्रालय | ४६-४७ |
| ३.१७ | शिक्षा मन्त्रालय | ४७-५२ |
| ३.१८ | सामान्य प्रशासन मन्त्रालय | ५२-५४ |
| ३.१९ | सूचना तथा संचार मन्त्रालय | ५४-५५ |
| ३.२० | सिचाई मन्त्रालय | ५५-५७ |
| ३.२१ | स्थानीय विकास मन्त्रालय | ५७-६१ |
| ३.२२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ६१-६४ |
| ३.२३ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ६४-६६ |
| ३.२४ | राष्ट्रिय योजना आयोग | ६६-६६ |
| ३.२५ | प्रगति विवरणको समिक्षात्मक टिप्पणी | ६६-७० |
| **परिच्छेद चार– केही ठूला आयोजनाहरुको विवरण** | | |
| ४.१ | उर्जा मन्त्रालय | ७१-७१ |
| ४.२ | उद्योग मन्त्रालय | ७१-७२ |
| ४.३ | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७२-७२ |
| ४.४ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ७२-७४ |
| ४.५ | महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालय | ७४-७५ |
| ४.६ | सिंचाई मन्त्रालय | ७५-७६ |
| ४.७ | स्थानीय विकास मन्त्रालय | ७६-७७ |
| ७.८ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ७७-७८ |
| **परिच्छेद पांच– वार्षिक खर्च विश्लेषण** | | |
| ५.१ | वार्षिक खर्चको स्थिति | ७९-७९ |
| ५.२ | नेपाल सरकार र वैदेशिक श्रोतको खर्चको स्थिति | ८०-८० |
| ५.३ | खर्च शीर्षक अनुसार खर्चको स्थिति | ८०-८१ |
| ५.४ | मन्त्रालयगत खर्चको स्थिति | ८१-८१ |
| ५.५ | वृद्धि तलवभत्ता तथा अन्य खर्चको व्यवस्थापन | ८१-८१ |
| ५.६ | बैदेशिक सहायताको स्थिति | ८१-८१ |

| | | |
|---|---|---|
| ५.७ | आन्तरिक ऋण | ८१-८२ |
| ५.८ | केन्द्रीय खाताको स्थिति | ८२-८२ |

**परिच्छेद छ– सार्वजनिक खर्च व्यवस्थापनमा सुधारका कार्यसूची रउपलब्धी विश्लेषण**

| | | |
|---|---|---|
| ६.१ | एकल खाता कोष प्रणाली कार्यान्वयन | ८३-८३ |
| ६.२ | बहुबर्षिय ठेक्का बन्दोबस्त | ८३-८३ |
| ६.३ | सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग गठन | ८३-८४ |
| ६.४ | विद्युतीय बोलपत्रको व्यवस्था | ८४-८४ |
| ६.५ | कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली | ८४-८४ |
| ६.६ | त्रिबर्षिय खर्च प्रक्षेपण/मध्यकालिन बजेट संरचना | ८४-८४ |
| ६.७ | राष्ट्रिय गौरवका आयोजनाहरुलाई रकम अभाव हुन नदिने प्रतिवद्धता | ८४-८४ |

**परिच्छेद सात– भोगिएका समस्याहरु र भविष्यमा अपनाउनु पर्ने सजगता**

| | | |
|---|---|---|
| ७.१ | प्रमुख आर्थिक परिसूचकहरु निराशाजनक | ८५-८५ |
| ७.२ | व्यवस्थापिका संसदबाट वजेट ढिलो पारित | ८५-८५ |
| ७.३ | मध्यकालिन खर्च संरचनालाई आन्तरिकीकरण गर्न नसकिएको | ८६-८६ |
| ७.४ | गैर बजेटरी रकम माग गर्ने प्रवृत्ति कायमै | ८६-८६ |
| ७.५ | रकमान्तर तथा श्रोतान्तर मागमा वृद्धि | ८६-८६ |
| ७.६ | आर्थिक बर्षको अन्तमा बढी खर्च गर्ने प्रवृत्ति | ८६-८७ |
| ७.७ | सबै खर्चको मापदण्डहरु निर्धारण नहुनु र भएको पनि पालना नहुनु | ८७-८७ |
| ७.८ | कार्यक्रम कार्यान्वयनमा अन्तर निकाय समन्वयको कमी | ८७-८७ |
| ७.९ | सार्वजनिक खर्चको नियमित अनुगमनको कमी | ८७-८७ |
| ७.१० | स्थानीय निकाय नेतृत्वविहिन | ८७-८८ |
| ७.११ | लेखांकन नगरिएका लुप्त तथा आकस्मिक दायित्व भुक्तानी गर्नु पर्ने बाध्यता | ८८-८८ |
| ७.१२ | वैदेशिक सहायताको उपयोग क्षमतामा ह्रास | ८८-८८ |

**परिच्छेद आठ– उपसंहार** ८९-८९

अनुसूचीहरु ९०-११२

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणको अभियानलाई गति दिने मुख्य उद्धेश्यकासाथ आ.व. २०६६/६७ को वजेट प्रस्तुत भएको थियो । नयां संविधान निर्माण र शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउने, सहकारी निजी एवं सार्वजनिक क्षेत्रको भूमिका र लगानी प्रोत्साहन गरी रोजगारी सिर्जना गर्ने, ठूला भौतिक तथा आर्थिक पूर्वाधारको विकासमा तीव्रता दिने, द्धन्द पीडितलाई राहत, पुनःस्थापन र पुनः निर्माणमा तीव्रता दिने र मूल्य नियन्त्रण तथा आपूर्ति व्यवस्थामा सहजता ल्याउने उद्देश्यहरु घोषणा गरिएको थियो । वजेट कार्यान्वयनबाट आर्थिक वृद्धि ५.५ प्रतिशत पुऱ्याउने र मूल्यवृद्धि ७ प्रतिशतमा सीमित राख्ने लक्ष्य निर्धारण गरिएको थियो ।

राज्यले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिवद्धता र जनता सामु गरेका बाचाहरुलाई मूर्तरुप दिन आवधिक योजनाको मार्गदर्शनभित्र रही सरकारले वार्षिक बजेट तर्जुमा गर्ने गर्दछ । बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । त्यसैले वजेटको कार्यान्वयन स्थितिको समीक्षा गर्नु अत्यावश्यक  हुन्छ । बजेटको मूल्याङ्कनले कार्यान्वयनका उपलब्धीहरुको अभिलेखन गर्दै देखिएका कमी/कमजोरी पनि औंल्याउछ । भविष्यमा पुनः ती कमजोरी दोहोरिन नदिन सजग गराउछ । यस अनुरुप अर्थ मन्त्रालयले बजेटको अर्ध वार्षिक र वार्षिक समीक्षा गरी प्रतिवेदन प्रकाशन गर्ने गरेको छ । यही क्रममा आर्थिक वर्ष २०६६/६७ को बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ । मन्त्रालयहरुको वार्षिक समीक्षा र महालेखा नियन्त्रक कार्यालयले वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि मात्र वजेटको समग्र पक्षको मूल्याङ्कन गरिने भएकोले यो प्रतिवेदन तयार गर्न केही ढीलो भएको हो ।

## १.२ अध्ययनको औचित्य

प्रत्येक क्षेत्रगत मन्त्रालयहरुले आफू अन्तर्गतका नीति तथा विकास आयोजना/कार्यक्रमहरुको भौतिक र वित्तीय प्रगतिको वार्षिक मूल्याङ्कन गर्दछन । राष्ट्रिय योजना आयोगले पनि विकाससँग सम्बन्धित सबै क्षेत्रहरुको समीक्षा गर्दछ । महालेखा नियन्त्रक कार्यालयले सरकारको केन्द्रीय आय/व्यय विवरण तयार गर्दछ । तथापी, ती मूल्याङ्कनहरुमा बजेटको भौतिक तथा वित्तीय अवस्थाको समग्र मूल्याङ्कन नसमेटिने भएकोले अर्थ मन्त्रालयबाट यस प्रकारको वार्षिक प्रगति समीक्षा गर्ने परिपाटीलाई निरन्तरता दिईएको हो ।

## १.३ अध्ययनका उद्धेश्य

**आ.व. २०६६/६७ को वजेटको वार्षिक मूल्यांकनको उद्धेश्यहरु निम्नानुसार छन् :**

क. समष्टिगत आर्थिक परिसूचकहरुको विश्लेषण गरी अर्थतन्त्रको उपलव्धी तथा कमजोरी पहिल्याउनु ।

ख. बजेट वक्तव्यमा परेका नीति तथा कार्यक्रमको प्रगति विश्लेषण गर्नु ।

ग. राष्टिय प्राथमिकता प्राप्त मुख्य मुख्य आयोजनाहरु र कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्नु ।

घ. सरकारी वित्तीय स्थितिको विश्लेषणात्मक समीक्षा गर्नु ।

ङ. प्रारम्भ गरिएका सुधारका प्रयासहरुको कार्यान्वयन स्थिति र त्यसबाट प्राप्त उपलब्धीहरुको समीक्षा गर्नु ।

च. बजेट कार्यान्वयनमा अनुभूत गरिएका समस्याहरु विश्लेषण गर्दै सुधारका संभावनाहरु खोज्नु ।

## १.४ अध्ययनका सीमाहरु

एक आर्थिक वर्षको बजेटको समग्र प्रगति समीक्षा छोटो समयमा सम्पन्न गर्नु आफैमा चुनौतिपूर्ण छ । त्यसमा पनि तथ्यगत आधारहरु अद्यावधिक गर्न लामो समय लाग्ने अवस्था र प्राप्त तथ्यको आधारमा नै विश्लेषण गर्नुपर्ने हाम्रो विवसताको धरातलमा यो प्रतिवेदन तयार भएको छ । यसका सीमाहरुलाई देहाय बमोजिम औल्याउन सकिन्छ ।

- सम्बन्धित मन्त्रालयबाट उपलब्ध सूचनाको आधारमा बजेट कार्यान्वयनको अवस्थाको विश्लेषण गरिएको छ ।
- सबै आयोजना/कार्यक्रमको विश्लेषण गर्न नसकिएकोले छनौटका आधारमा मुख्य मुख्य आयोजना/कार्यक्रमलाई मात्र समेटिएको छ ।
- देशको समग्र आर्थिक अवस्थाको सम्बन्धमा नेपाल राष्ट्र बैंकको प्रगति र आय व्ययको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको आर्थिक व्यवस्थापन सूचना प्रणाली (Financial Management Information System (FMIS) को तथ्यलाई आधार मानिएको छ ।
- समय अभावका कारण आयोजना/कार्यक्रमहरुको स्थलगत भ्रमण, अन्तर्वार्ता, विस्तृत सर्भेक्षण गर्न सकिएन । यसर्थ क्षेत्रगत मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक र महालेखा नियन्त्रक कार्यालयबाट उपलब्ध भएका तथ्यांक (Secondary Data) को आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।
- विश्लेषण तथ्यांकीय विधि(Statistical Method)को प्रयोग नगरी वर्णनात्मक(Descriptive) रुपमा मात्र गरिएको छ ।

## परिच्छेद दुई

# देशको आर्थिक स्थिति

## २.१ वास्तविक क्षेत्र

### कुल गार्हस्थ्य उत्पादन

१. केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०६६/६७ मा देशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत र उत्पादकको मूल्यमा ४.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६५/६६ मा उपरोक्त वृद्धिदरहरु क्रमशः ३.९ प्रतिशत र ४.९ प्रतिशत रहेका थिए । कृषि क्षेत्रको उत्पादन वृद्धिदर न्यून रहेको कारण कुल गार्हस्थ उत्पादन लक्ष्यभन्दा कम हुन गएको हो ।

२. आर्थिक वर्ष २०६६/६७ मा कृषि क्षेत्रको उत्पादन १.१ प्रतिशत र गैर-कृषि क्षेत्रको उत्पादन ५.१ प्रतिशतले वढेको अनुमान छ । अघिल्लो आर्थिक वर्षमा कृषि र गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमशः ३.० प्रतिशत र ४.७ प्रतिशत रहेको थियो ।

३. मौसमी प्रतिकूलताको कारण आर्थिक वर्ष २०६६/६७ मा धानको उत्पादन ११.० प्रतिशतले घटेकोछ । अघिल्लो वर्ष धानको उत्पादन ५.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मकैको उत्पादनमा पनि ३.९ प्रतिशत ह्रास आएको छ भने गहुँ, जौं र कोदोको उत्पादन क्रमशः १५.८ प्रतिशत, १८.८ प्रतिशत र २.३ प्रतिशतले वढेको अनुमान छ । समीक्षा वर्षमा फलफूल तथा तरकारीको उत्पादन क्रमशः २.७ प्रतिशत र ८.९ प्रतिशतले बढेको छ ।

### उपभोग, लगानी र बचत

४. आर्थिक वर्ष २०६६/६७ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अँश ०.३ प्रतिशत विन्दुले वढेर ९०.६ प्रतिशत पुगेको छ । फलस्वरुप, कुल गार्हस्थ्य उत्पादनमा गार्हस्थ्य बचतको अनुपात ९.४ प्रतिशतमात्र रहेको छ । अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल पूँजी निर्माणको अनुपात ३१.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा यस्तो अनुपातमा सीमान्त वृद्धि भई ३८.२ प्रतिशत पुगेको छ । समीक्षा वर्ष तथा अघिल्लो वर्षका दुवै अवधिमा कुल स्थिर पूँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको २१.३ प्रतिशत रहेको थियो ।

### कुल राष्ट्रिय खर्चयोग्य आय

५. कुल राष्ट्रिय आम्दानीमा नेपाली कामदारले विदेशबाट पठाएको विप्रेषण एवं खुद ट्रान्सफर समावेश गरिएको प्रचलित मूल्यको कुल राष्ट्रिय खर्चयोग्य आय आर्थिक वर्ष २०६६/६७ मा १८.१ प्रतिशतले बढेको अनुमान छ । अघिल्लो वर्ष कुल राष्ट्रिय खर्चयोग्य आय २४.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल राष्ट्रिय खर्चयोग्य आयको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १२५.१ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यस्तो अनुपात १२६.४ प्रतिशत रहेको थियो ।

## पर्यटक आगमन

६. आर्थिक वर्ष २०६५/६६ मा हवाईमार्गबाट ३ लाख ६४ हजार ८३० पर्यटकले नेपाल भ्रमण गरेकोमा आर्थिक वर्ष २०६६/६७ मा यो संख्यामा १२.८ प्रतिशतले वृद्धि भई ४ लाख ११ हजार ५८४ पुगेको छ । यस अवधिमा हवाईमार्गबाट आउने पर्यटक सँख्यामध्ये भारतीय तथा तेस्रो मुलुकको अँश क्रमशः २२.१ प्रतिशत र ७७.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अँश क्रमशः २४.१ प्रतिशत र ७५.९ प्रतिशत रहेको थियो । पर्यटकहरुको आगमनलाई क्षेत्रगत रूपमा विश्लेषण गर्दा समीक्षा वर्षमा तेस्रो मुलुकको पर्यटक आगमन सँख्या १५.७ प्रतिशतले वृद्धि भई ३ लाख २० हजार ४६८ पुगेको छ । अघिल्लो वर्ष तेस्रो मुलुकको पर्यटक सँख्या ०.५ प्रतिशतले घटेको थियो ।

७. भारतीय पर्यटक आगमन सँख्या समीक्षा वर्षमा ३.८ प्रतिशतले वढ्न गई ९१ हजार ११७ कायम रहेको छ । अघिल्लो वर्ष भारतीय पर्यटक आगमन सँख्या २.३ प्रतिशतले घटेको थियो ।

## वैदेशिक लगानी

८. शान्ति सुरक्षाको अवस्थामा भएको क्रमिक सुधारका कारण समीक्षा वर्षमा वैदेशिक लगानीको प्रतिवद्धता बढेको छ । समीक्षा वर्षमा उद्योग विभागले रू.९ अर्ब १० करोड वैदेशिक लगानी प्रतिवद्धता भएका १७१ वटा विदेशी सँयुक्त लगानीका परियोजनाहरू स्थापनाका लागि स्वीकृति दिएको छ । विभागले अघिल्लो वर्ष कुल रू ६ अर्ब २५ करोड बराबर वैदेशिक लगानी भएका २३० वटा सँयुक्त विदेशी लगानीका परियोजनाहरू स्थापना गर्न स्वीकृति दिएको थियो ।

९. दर्ता गरिएका विदेशी सँयुक्त लगानीका कुल १७१ परियोजनाहरूमध्ये सेवासम्बन्धी ७२, पर्यटनसम्बन्धी ५०, उत्पादनमूलक ३७, उर्जासम्बन्धी ५, खनिजसम्बन्धी ४, कृषिसम्बन्धी २ र निर्माणसम्बन्धी १ परियोजनाहरु रहेका छन् । अघिल्लो वर्षको तुलनामा स्वीकृत वैदेशिक लगानीमध्ये सवैभन्दा वढी उत्पादनमूलक परियोजनामा १२१.० प्रतिशतले वृद्धि भएको छ भने कृषि सम्वन्धी परियोजनामा ९६.७ प्रतिशतले ह्रास भएको देखिन्छ ।

१०. दर्ता भएका परियोजनाहरूबाट कुल ७ हजार ८ सय ४८ जनाले रोजगारी पाउने अनुमान गरिएको

छ । समीक्षा वर्षमा ३४ मुलुकले नेपालमा लगानी गर्न अनुमति लिएका छन् । मुलुकगत आधारमा हेर्दा समीक्षा वर्षमा सबैभन्दा बढी विदेशी लगानी भारतको रहेको छ । त्यसपछि क्रमशः मौरिसस, क्यानडा र चीन रहेका छन् ।

## वैदेशिक रोजगार

११. आर्थिक वर्ष २०६५/६६ मा नेपाल सरकार, वैदेशिक रोजगार विभागले कुल २ लाख १७ हजार १ सय ६४ जना कामदारहरुलाई वैदेशिक रोजगारीका लागि अन्तिम स्वीकृति प्रदान गरेको छ । सो सख्या अघिल्लो आर्थिक वर्ष भन्दा ३५.४ प्रतिशतले बढी रहेको छ ।

१२. आर्थिक वर्ष २०६६/६७ मा मलेशियामा मात्र १ लाख १३ हजार ९ सय ३३ जना कामदारहरुलाई वैदेशिक रोजगारीमा जान अनुमति दिइएको छ, उक्त सँख्या अघिल्लो वर्षको तुलनामा २४०.७ प्रतिशतले बढी हो । वैदेशिक रोजगारीमा जान अनुमति दिइएका कामदारहरुमध्ये झण्डै ३८.५ प्रतिशत मलेशियाका लागि रहेका छन् । मलेसियापछि नेपाली कामदार बढी खपत गर्ने राष्ट्रहरुमा क्रमशः साउदी अरब, कतार र संयुक्त अरब इमिरेट्स रहेका छन् । आर्थिक वर्ष २०६५/६६ सम्म

वैदेशिक रोजगारीको प्रमुख गन्तब्यस्थलको रुपमा कतार रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा मलेशिया अग्रस्थानमा रहेको छ ।

## उपभोक्ता मुद्रास्फीति

१३. आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति १३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा मुद्रास्फीतिमा सीमान्त रुपले सुधार भई १०.५ प्रतिशतमा झरेको छ । समीक्षावर्षमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १५.४ प्रतिशतको उच्च दरले वृद्धि भए पनि गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.७ प्रतिशतले मात्र वृद्धि भएकोले समग्रमा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति अघिल्लो आर्थिक वर्षको तुलनामा सुधार भएको हो । अघिल्लो आर्थिकवर्षमा यी समूहहरुको मूल्य सूचकाङ्कको औषत वृद्धि क्रमशः १६.७ प्रतिशत र ९.५ प्रतिशत रहेकोथियो ।

१४. समीक्षा वर्षमा काठमाण्डौ उपत्यका, तराई र पहाडको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः ९.७ प्रतिशत, १०.७ प्रतिशत र ११.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः१४.३ प्रतिशत, १२.८ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो ।

१५. समीक्षा वर्षमा वार्षिक औसत अन्तरर्निहित मुद्रास्फीति (Core Inflation) ११.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति १२.६ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१६. आर्थिक वर्ष २०६६/६७ मा वार्षिक औषत राष्ट्रिय थोक मूल्य सूचकाङ्क १२.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १२.८ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः २२.८ प्रतिशत र ८.६प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः १४.० प्रतिशत र १०.९प्रतिशत रहेको थियो । अघिल्लो वर्ष १२.१ प्रतिशतले वृद्धि भएको आयातित वस्तुको मुल्य सूचकाङ्कभने समीक्षा वर्ष १.२ प्रतिशतले ह्रास हुन गएको छ ।

१७. समीक्षा वर्षमा कृषिजन्य वस्तु अन्तर्गत नगदे वाली, मसला र पशुजन्य उत्पादन समूहतर्फको वार्षिक औषत मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ३८.० प्रतिशत, ३७.६ प्रतिशत र ३१.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ४.१ प्रतिशत, ११.४ प्रतिशत र २६.३ प्रतिशत रहेको थियो ।

१८. समीक्षा वर्षमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सूर्तिजन्य वस्तु, खाद्यजन्य वस्तु र निर्माण सामग्रीको वार्षिक औसत मूल्य सूचकाङ्कमा क्रमशः १३.४ प्रतिशत, १२.५ प्रतिशत र ४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त सूचकाङ्कहरुमा क्रमशः ११.७ प्रतिशत, ११.४ प्रतिशत र ११.१ प्रतिशतले वृद्धि भएको थियो ।

१९. समीक्षा वर्षमा आयातित औषधी एवं कपडाजन्य वस्तुहरुको वार्षिक औषत मूल्य सूचकाङ्कमा क्रमशः ७.५ प्रतिशत र ३.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी समूहहरुमा क्रमशः ५.९ प्रतिशत र १५.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्ष १०.४ प्रतिशतको वृद्धिको तुलनामा समीक्षा वर्षमा पेट्रोलियम वस्तु तथा कोइलाको वार्षिक औषत मूल्य सूचकाङ्कमा ४.८ प्रतिशतले ह्रास आएको छ ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२० आर्थिक वर्ष २०६६/६७ मा वार्षिक औषत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १७.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १५.३ प्रतिशत रहेको थियो । राष्ट्रिय तलब तथा ज्यालादरसूचकाङ्कमध्ये तलवको सूचकाङ्क वार्षिक औसत २०.२ प्रतिशतले र ज्यालादरको सूचकाङ्क वार्षिकऔसत १६.३ प्रतिशतले वृद्धि भएको छ । यस्तो वृद्धिदर अघिल्लो वर्ष क्रमशः १०.५ प्रतिशत र १६.९प्रतिशत रहेको थियो । समीक्षा वर्षमा सरकारी कर्मचारी, सँस्थानका कर्मचारी, सेना तथा प्रहरी र शिक्षकहरुको तलव वृद्धिदर सूचकाङ्क क्रमशः २३.६ प्रतिशत, १८.६ प्रतिशत, २२.७ प्रतिशत र २९.७ प्रतिशत रहेको छ । अघिल्लो बर्ष यस्तो वृद्धिदर क्रमशः १८.७ प्रतिशत, १४.२ प्रतिशत २०.६ प्रतिशत र ९.५ प्रतिशत रहेको थियो । कृषि, औद्योगिक र निर्माण मजदूरहरूको वार्षिक ज्यालादर सूचकाङ्कमा भएको बृद्धिको कारणले राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा चाप पर्न गएको हो ।

## २.२ वाह्य क्षेत्र

### वैदेशिक व्यापार

२१. आर्थिक वर्ष २०६६/६७ मा कुल वस्तु निर्यात ९.७ प्रतिशतले घटी रु. ६१ अर्ब १३ करोड रहन गएकोछ । अघिल्लो वर्ष यस्तो निर्यात १४.२ प्रतिशतले बढी रु. ६७ अर्ब ७० करोड पुगेको थियो ।

२२. भारततर्फको निर्यात अघिल्लो वर्ष ६.४ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २.२ प्रतिशतले घटेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २८.९ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २१.३ प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा भारततर्फ मुख्यतयाः तयारी पोशाक, कर्कट पाता, जि.आई.पाइप, प्लाष्टिकका भाँडाकुँडा लगायतका वस्तुहरु एवं अन्य मुलुकतर्फ विशेषगरी दाल,ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, जडीबुटी लगायतका वस्तुहरुको निर्यातमा गिरावट आएको छ ।

२३. अघिल्लो वर्ष २८.२ प्रतिशतले वृद्धि भई रु. २८४ अर्ब ४७ करोड पुगेको कुल वस्तु आयात आर्थिक वर्ष २०६६/६७ मा ३३.२ प्रतिशतले बढी रु. ३७८ अर्ब ८० करोड पुगेको छ ।

२४. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १४.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ३४.२ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको ५३.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा ३१.८ प्रतिशतले बढेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, सवारी साधन तथा पार्टपुर्जा, एम.एस. विलेट, रासायनिक मल एवं एम. एस. वायर तथा रड र अन्य मुलुकबाट विशेषगरी सुन, सञ्चार उपकरण तथा पार्टपुर्जा, पोलिथिन दाना, चाँदी, स्टिल रड तथा शिटलगायतका वस्तुहरुको आयातमा भएको उल्लेख्य वृद्धिको कारण कुल आयात बढ्न गएको हो ।

२५ आर्थिक वर्ष २०६६/६७ मा कुल वस्तु व्यापार घाटा ४६.५ प्रतिशतले वृद्धि भई रु. ३१७ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा ३३.३ प्रतिशतले बढी रु. २१६ अर्ब ७७ करोड पुगेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा अघिल्लो वर्ष १७.० प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ४६.५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, अघिल्लो वर्ष ६२.० प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा वर्षमा ४६.७ प्रतिशतले वृद्धि भएको छ ।

२६. निर्यात व्यापारमा आएको कमी तथा आयात व्यापारमा भएको उल्लेख्य विस्तारको कारण आर्थिक वर्ष २०६६/६७ मा निर्यात-आयात अनुपात १६.१ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष यस्तो अनुपात २३.८ प्रतिशत रहेको थियो ।

### शोधनान्तर स्थिति

२७. आर्थिक वर्ष २०६६/६७ मा समग्र शोधनान्तर स्थिति रु. २ अर्ब ६२ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष रु. ४४ अर्ब ७६ करोडले शोधनान्तर बचतमा रहेको थियो। आर्थिक वर्ष २०६६/६७ मा चालु खाता रु. ३२ अर्ब ३५ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षमा भने चालु खाता रु. ४१ अर्ब ४४ करोडले बचतमा रहेको थियो। समीक्षा वर्षमा वस्तु तथा सेवा व्यापार घाटामा भएको उल्लेख्य वृद्धिका कारण चालु खाता घाटा उच्च रहन गएको हो।

### विदेशी विनिमय सञ्चिति

२८. २०६७ असारमसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६६ असारमसान्तको तुलनामा ७.० प्रतिशतले घटी रु. २६६ अर्ब ५७ करोडमा सीमित हुन पुगेको छ। २०६६ असारमसान्तमा यस्तो सञ्चिति ३४.८ प्रतिशतले बढेर रु. २८६ अर्ब ५४ करोड पुगेको थियो। २०६७ असारमसान्तमा रहेको कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६६ असारमसान्तको तुलनामा ८.४ प्रतिशतले ह्रास आई रु. २०५ अर्ब ३७ करोडमा सीमित हुन पुगेको छ। नेपाल राष्ट्र बैंकसँग रहेको यस्तो सञ्चिति २०६६ असारमसान्तमा रु. २२४ अर्ब १९ करोड रहेको थियो। अमेरिकी डलरमा गणना गर्दा २०६७ असारमसान्तमा कुल सञ्चिति २०६६ असारमसान्तको तुलनामा २.५ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्ब ५८ करोडमा सीमित हुन पुगेको छ। अघिल्लो वर्ष यस्तो सञ्चिति १८.३ प्रतिशतले बढेको थियो। खासगरी व्यापार घाटामा भएको उल्लेख्य वृद्धिको कारण कुल विदेशी विनिमय सञ्चितिमा गिरावट आएको हो। आर्थिक वर्ष २०६६/६७ को बाह्र महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.६ महिनाको वस्तु आयात र ७.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

२९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ असारमसान्तको प्रति ब्यारल अमेरिकी डलर ६१.५३ को तुलनामा २०६७ असारमसान्तमा २४.२ प्रतिशतले वृद्धि भई प्रतिब्यारल अमेरिकी डलर ७६.४० पुगेको छ। त्यसैगरी, सुनको मूल्य २०६६ असारमसान्तको प्रति आउन्स अमेरिकी डलर ९३८.० को तुलनामा २०६७ असारमसान्तमा २६.८ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ११८९.२५ पुगेको छ।

३०. २०६६ असारमसान्तको तुलनामा २०६७ असारमसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.८५ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १२.२४ प्रतिशतले अवमूल्यन भएको थियो। २०६७ असारमसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७४.४४ पुगेको छ। २०६६ असारमसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो।

## २.३ मौद्रिक स्थिति

### मुद्राप्रदाय

३१. आर्थिक वर्ष २०६६/६७ मा विस्तृत मुद्राप्रदाय १४.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय २७.१ प्रतिशतले बढेको थियो। सँकुचित मुद्राप्रदाय अघिल्लो वर्ष २७.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ११.२ प्रतिशतले मात्र बढेको छ। अघिल्लो वर्षको तुलनामा खुद

आन्तरिक सम्पत्ति न्यून दरले बढ्नुको साथै खुद वैदेशिक सम्पत्ति पनि घटेकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन ।

३२. संकुचित मुद्राप्रदायको अंशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा वर्षमा १३.० प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्रा २५.५ प्रतिशतले बढेको थियो । चल्ती निक्षेप अघिल्लो वर्ष ३०.५ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ७.९ प्रतिशतले बढेको छ । आवधिक निक्षेप अघिल्लो वर्ष २७.० प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.१ प्रतिशतले बढेको छ ।

३३. आर्थिक वर्ष २०६६/६७ मा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. २ अर्ब ६२ करोडले घटेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति रू. ४४ अर्ब ७६ करोडले बढेको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्ष व्यापार घाटामा उच्च विस्तारभएकोले खुद बैदेशिक सम्पत्ति घटेको हो ।

## देशको आर्थिक स्थिति

**(आर्थिक वर्ष २०६६।६७ को बार्षिक तथ्याङ्कमा आधारित)**

| आर्थिक परिसूचकहरु | आर्थिक वर्ष २०६६।६७ | आर्थिक वर्ष २०६५।६६ |
|---|---|---|
| ➢ कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा | ३.५ प्रतिशत | ३.९ प्रतिशत |
| ➢ कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा | ४.६ प्रतिशत | ४.९ प्रतिशत |
| ➢ विस्तृत मुद्राप्रदाय | १४.५ प्रतिशतले बढेको | २७.१ प्रतिशतले बढेको |
| ➢ संकुचित मुद्राप्रदाय | ११.२ प्रतिशतले बढेको | २७.३ प्रतिशतले बढेको |
| ➢ खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) | रू. २ अर्ब ६२ करोडले घटेका | रू. ४४ अर्ब ७६ करोडले बढेको |
| ➢ कूल आन्तरिक कर्जा | १६.२ प्रतिशतले बढेको | २७.१ प्रतिशतले बढेको |
| ➢ तरलता प्रशोचन (खुला बजार कारोवार) | रू ८ अर्ब ४४ करोड | रू. २० अर्ब ७२ करोडको |
| ➢ वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क | ४७७.७३ विन्दु | ७४९.१० विन्दु |
| ➢ मुद्रास्फीति ( वार्षिक बिन्दुगत उपभोक्ता ) | १०.५ प्रतिशत | १३.२ प्रतिशत |
| • खाद्य तथा पेय पदार्थ समूह | १५.४ प्रतिशत | १६.७ प्रतिशत |
| • गैरखाद्य तथा सेवा समूह | ४.७ प्रतिशत | ९.५ प्रतिशत |
| ➢ कुल सरकारी खर्च | २०.२ प्रतिशत बृद्धि | ३७.८ प्रतिशत बृद्धि |
| ➢ बजेट घाटा/बचत | ३९ अर्ब ८ करोड घाटामा | रू. ३४ अर्ब ३६ करोड घाटामा |
| ➢ राजस्व परिचालन | २५.४ प्रतिशतले वृद्धि | ३३.३ प्रतिशतले बढेको |
| ➢ वैदेशिक नगद ऋणवापत् | रू. ४ अर्ब २७ करोड | रू. ३ अर्ब ७३ करोड |
| ➢ वैदेशिक नगद अनुदानवापत प्राप्त | रू. २४ अर्ब ८५ करोड | रू. २४ अर्ब ४० करोड |
| ➢ कुल निर्यात | ९.७ प्रतिशतले घटेको | १४.२ प्रतिशतले बढेको |
| • भारततर्फको निर्यात | २.२ प्रतिशतले घटेको | ६.४ प्रतिशतले बढेको |

| | | |
|---|---|---|
| • अन्य मुलुकतर्फको निर्यात | २१.३ प्रतिशतले घटेको | २८.९ प्रतिशतले बढेको |
| ➢ कुल आयात | ३३.२ प्रतिशतले बढेको | २८.२ प्रतिशतले वृद्धि |
| • भारततर्फको आयात | ३४.२ प्रतिशतले बढेको | १४.१ प्रतिशत वृद्धि |
| • अन्य मुलुकतर्फको आयात | ३१.८ प्रतिशतले वृद्धि | ५३.४ प्रतिशतले बढेको |
| ➢ समग्र शोधनान्तर स्थिति | रु. २ अर्व ६२ करोडले घाटा | रु. ४४ अर्व ७६ करोडले बचत |
| ➢ चालू खाता | रु. ३२ अर्व ३५ करोडले घाटा | रु. ४१ अर्व ४४ करोडले बचत |
| ➢ विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले धान्न पर्याप्त (आयातलाई आधार मान्दा) | • ८.६ महिनाको बस्तु आयत<br>• ७.३ महिनाको वस्तु तथा सेवा आयात | • ११.८ महिनाको बस्तु आयत<br>• ९.७ महिनाको वस्तु तथा सेवा आयात |
| ➢ कुल विदेशी विनिमय सञ्चिति | ७.० प्रतिशत ले घटी<br>रु. २६६ अर्व ५७ करोड | ३४.८ प्रतिशतले बढेको<br>रु. २८६ अर्व ५४ करोड |
| ➢ विप्रेषण आप्रवाह | १०.५ प्रतिशतले वृद्धि | ४७.० प्रतिशतले बढेको |

## २.४ समष्टिगत आर्थिक स्थितिका मुख्य मुख्य वूंदाहरु :

- देशको कुल गार्हस्थ उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत र उत्पादकको मूल्यमा ४.६ प्रतिशत रहेको छ।
- कृषि क्षेत्रको उत्पादन १.१ प्रतिशत र गैर कृषि क्षेत्रको उत्पादन ५.१ प्रतिशत रहेको छ।
- कूल गार्हस्थ उत्पादनमा गार्हस्थ बचतको अनुपात ९.४ प्रतिशत रहेको छ।
- कूल राष्ट्रिय खर्च योग्य आयको कूल गार्हस्थ उत्पादनसंगको अनुपात १२५.१ प्रतिशत रहेको छ।
- कूल राष्ट्रिय आम्दानीमा नेपाली कामदारले विदेशबाट पठाएको विप्रेषण एवं खुद ट्रान्सफर समावेश गरिएको कूल राष्ट्रिय खर्चयोग्य आय समीक्षा बर्षमा १८.१ प्रतिशतले बढेको छ।
- शान्ति सुरक्षाको अवस्थामा सुधारका कारण बैदेशिक लगानीको प्रतिवद्धता बढेको छ। रु. ९ अर्व १० करोड बैदेशिक लगानी प्रतिवद्धता भएका १७१ विदेशी संयुक्त लगानीका परियोजना स्थापनाको स्वीकृति दिईएको छ।
- नेपाल सरकरको राजस्व २५.४ प्रतिशतले वृद्धि भै राजस्व/कूल गार्हस्थ उत्पादन अनुपात १५.२ प्रतिशत पुगेको छ।
- बार्षिक औषत राष्ट्रिय तलव तथा ज्यालादर १३.८ प्रतिशतले वृद्धि भै रु. ३९ अर्व ८ करोड पुगेको छ।
- कूल गार्हस्थ उत्पादनसंग नगद प्रवाहमा आधारित बजेट घाटाको अनुपात ३.३ प्रतिशत रहेको छ।

- नगद प्रवाहमा आधारित कूल सरकारी खर्च २०.२ प्रतिशतले वृद्धि भएको छ ।
- समग्र शोधानान्तर स्थिति रु. २ अर्व ६२ करोडले घाटामा रहको छ ।
- कुल विदेशी बिनिमय संचिति रु. २६६ अर्व ५७ करोड रहेको छ ।
- कूल गार्हस्थ उत्पादनसंग आन्तरिक ऋणको अनुपात २.५ प्रतिशत रहेको छ ।

# परिच्छेद ३

## वजेटका  नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रगति

आर्थिक वर्ष २०६६/०६७ को वजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आर्थिक वर्षको शुरुमा नै कार्यान्वयन कार्य योजना तयार गरी सम्बन्धित सबै मन्त्रालयहरुमा पठाईएको थियो र सोही आधारमा नियमितरुपमा अर्थ मन्त्रालयमा कार्यान्वयन प्रगति समीक्षा गरिएको थियो । ती नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रगतिको अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ५० | सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचय-पत्रको रूपमा निर्वाचनमासमेत प्रयोग गर्न सकिने गरी फोटोसहितको वायोमेट्रिक स्मार्ट कार्ड वितरण गर्ने | ◆ कार्यक्रमको प्रारूप तयार गरिएको, संस्थागत संयन्त्रको रूपमा गृह मन्त्रालयका सह-सचिवलाई कार्यकारी निर्देशकको काम हेर्न तोकिएको । कानून तर्जुमा तथा प्राविधिक तयारीका कार्यहरू गर्न उपसमितिमार्फत अगाडि बढाइएको । निर्वाचन आयोगले नमुना सङ्कलन गरेको मतदाता नामावलीलाई आधार मानी कम्तीमा एक गाउँ विकास समितिमा परिचयपत्र बाँड्ने तयारी गरिएको । |
| ५६ | गरिबी निवारण र समावेशी विकासका लागि स्थानीयस्तरका कार्यक्रमहरूलाई समुदाय मार्फत प्रभावकारी रूपमा अगाडि बढाउने । | ◆ गरिबी निवारण कोषले विकासका मूल प्रवाहबाट बाहिरिएका खासगरी गरिब महिला, दलित, मधेशी, जनजाती पहिचान गरी समुदाय परिचालनको माध्यमबाट सामुदायिक संस्थामा आवद्ध गरी समुदायको आवश्यकता र प्राथमिकतामा परेका आय आर्जन, क्षमता अभिवृद्धि र सामुदायिक पूर्वाधार विकास कार्यक्रमहरू समुदायबाटै प्रभावकारीरूपले कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्य अगाडि बढिरहेको छ । यस आर्थिक वर्षको अन्त्यसम्ममा १,५५,१२७ घरधुरी लाभान्वित भइसकेको छन् । |
| ५८ | सामाजिक तथा आर्थिकरूपले पछाडी परेका समुदाय र गरिबीको रेखामुनी रहेका घर परिवारलाई लक्षित गरी सञ्चालन हुँदै आएको गरिबी निवारण कार्यक्रमलाई सबै जिल्लामा विस्तार गरिने | ◆ कोषको कार्यक्रम २५ जिल्लाहरूमा नियमितरूपमा सञ्चालन भइरहेकोमा थप १५ जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न सहयोगी संस्था नियुक्ति भई कार्यक्रम थालनी भइसकेको र थप १५ जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न र बाँकी २० जिल्लाहरूमा पनि गरिबी पकेटको माध्यमबाट कार्यक्रम लैजाने तयारी अन्तिम चरणमा पुगेको छ । ३४०५ वटा आयमूलक आयोजना, ६७४ वटा साना पूर्वाधार निर्माण कार्यक्रम र ९८ वटा नविनतम आयोजनाहरूको लागि सम्झौता भई कार्यक्रम सञ्चालन गरिएको छ । |
| २५८ | भ्रष्टाचार विरुद्धको रणनीतिक योजनालाई कडाईका साथ कार्यान्वयन गरी शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । | ◆ प्राप्त सुझाव र निर्देशनका लागि आवश्यकतानुसार केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकमासमेत छलफल गरी आवश्यक निर्णय लिने व्यवस्था गरिएको र समितिको नियमित बैठकमा निर्णय कार्यान्वयनको अनुगमन गर्ने गरिएको छ ।<br>◆ भ्रष्टाचार र अनियमितता बारे प्राप्त उजुरीहरू राष्ट्रिय सतर्कता केन्द्रमा पठाइ छानवीन गर्ने र प्रतिवेदन दिने व्यवस्था मिलाई सतर्कता केन्द्रलाई सक्रिय बनाइएको छ । सुशासनसम्बन्धी सरकारले गरेका निर्णयहरू कार्यान्वयनको लगत अनुगमन गरी प्रतिवेदन दिने व्यवस्थासमेत गरिएको |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | छ। |
| २७०क | सार्वजनिक खरिद प्रणालीमा देखिएका विसङ्गतिहरूमा सुधार गर्न ठूला पूर्वाधारका आयोजनाहरूमा अनिवार्यरूपमा विद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्ने व्यवस्था मिलाउने। | ◆विद्युतीय बोलपत्रसम्बन्धी रणनीतिपत्र परामर्शदाताबाट प्राप्त भएको छ। प्रथम चरणमा बोलपत्र दाखिलाको काम चार/पाँच वटा आयोजनामा परीक्षण गर्न उपयुक्त हुने सुझाव समेत प्राप्त भएकोले कार्यान्वयनका लागि आन्तरिक गृहकार्य भइरहेको छ। |
| २७०ख | सार्वजनिक खरिदप्रणली पुर्णरूपमा लागू नभएसम्म एकभन्दा बढी स्थानमा बोलपत्र पेश गर्न सकिने गरी कानूनीरूपमा संशोधन गरिने। | ◆कानून संशोधनको मस्यौदा तयार पार्ने काम भइरहेको। |

## ३.२ अर्थ मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ४५ | द्वन्दको क्रममा सम्पत्ति कब्जा भएको परिवारहरूले लिएको ऋणको साँवा बुझाएमा पुरै व्याज मिनाहा दिने। | ◈कृषि विकास बैङ्कलाई रु. ५८ लाख ५६ हजार र राष्ट्रिय वाणिज्य बैङ्कलाई रु. १० लाख ६२ हजार गरी जम्मा रु. ६९ लाख १८ हजार शोधभर्ना उपलब्ध गराइएको। |
| ६३ | दलित र गैरदलितबीचको अन्तरजातिय विवाह-लाई समाजले अझैपनि तिरस्कार गर्दछ र यस्ता जोडीका प्रारम्भिक दिन कठिन हुन्छन्। सरकारले यस्तो विवाहलाई प्रोत्साहन गर्न जिल्ला प्रशासन कार्यालयमा विवाह दर्ता भएको ३० दिनभित्र बरबधुलाई प्रोत्साहनस्वरूप रु. १ लाख अनुदान उपलब्ध गराउनेछ। यसैगरी विधवा विवाह प्रोत्साहन स्वरूप प्रत्येक जोडीलाई जिल्ला प्रशासन कार्यालयमा विवाह दर्ता गरेको ३० दिनभित्र रु. ५० हजार अनुदान उपलब्ध गराईनेछ | ◈दलित र गैरदलितबीचको अन्तरजातीय विवाह प्रोत्साहन अनुदान वितरणको कार्यविधि स्वीकृत भई कार्यान्वयन भएको। सम्मानीत सर्वोच्च अदालतको आदेशले विधवा विवाह प्रोत्साहन अनुदानमा रोक लगाईएकोले विधवा विवाह प्रोत्साहन अनुदान कार्यक्रम स्थगित भएको। २०६७ असार मसान्तसम्म ४३ जोडीको अन्तरजातिय विवाह जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको जानकारी प्राप्त भएको। |
| ७८ | असल ऋणीहरूलाई प्रोत्साहन गर्न कृषि विकास बैङ्क, नेपाल बैक लिमिटेड, राष्ट्रिय वाणिज्य बैङ्क र साना किसान सहकारी बैङ्कबाट रु. ५० हजार-सम्मको ऋण लिई आर्थिक वर्ष २०६६/६७ मा किस्ता बुझाउने साना किसान र व्यवसायीलाई बुझाउने व्याजमा ५०% छुट दिइनेछ | ◈साना किसान विकास बैङ्कलाई रु. ३४ लाख ५७ हजार, कृषि विकास बैङ्कलाई रु. १० करोड ३३ लाख ८९ हजार र राष्ट्रिय वाणिज्य बैङ्कलाई रु. १५ लाख ४४ हजार शोधभर्ना उपलब्ध गराइएको। |
| ८९ | किसानको उत्पादन तथा पशुपालनको सुरक्षणको लागि पशु तथा बालीको लघु बीमा गर्ने। | ◈बैङ्क तथा वित्तीय संस्थाबाट ५७४ जना कृषकले रु. १३ करोड ६० लाख १९ हजार बराबरको कर्जा लिइ खरिद गरेको ६,०७५ वटा पशुधन सुरक्षण भएको । |
| १३३ | विदेशमा लगानी गर्ने बाटो खुला गर्न कानून तर्जूमा गरिने | ◈विदेशमा लगानी खुला गर्नेसम्बन्धी ऐनको मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ। |
| १३५ | बेरोजगार युवाहरूलाई स्वरोजगार व्यवसाय सञ्चालन गर्न बैङ्कमार्फत बिनाधितो रु. २ लाखसम्म ऋण उपलब्ध गराउने कार्यक्रमलाई | ◈नियमावली संशोधन गरी कार्यक्रमलाई परिमार्जन गरिनुको साथै लगानीको क्षेत्र फराकिलो बनाइएको छ। यस अवधिमा १,०८,९०० जनालाई स्वरोजगार तथा व्यवसाय सञ्चालनसम्बन्धी अभिमुखीकरण |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | थप परिमार्जन गरी निरन्तरता दिईने । | तालिम प्रदान गरिएको छ । |
| १३६ | पाँच हजार रिक्साचालकलाई भाडामा चलाइ-रहेको वा नयाँ रिक्सा खरिद गर्न स्वरोजगार कोषबाट ऋण उपलब्ध गराइने । | ◈किष्ट बैङ्कसँगको सहकार्यमा कैलालीको धनगढीबाट कार्यक्रम सुरु गरिएको । भाडामा रिक्सा चलाइरहेका ८० जना रिक्सा चालकहरूलाई नयाँ रिक्सा खरिद गर्न ऋण उपलब्ध गराइएको छ । |
| १३९ | विदेशमा काम गर्ने नेपालीहरूलाई लक्षित गरी नेपाल राष्ट्र बैङ्कले स्थीर विनिमयदर तोकी रु. ७ अर्वको "वैदेशिक रोजगार बचतपत्र" जारी गर्ने । | ◈"वैदेशिक रोजगार बचतपत्र" जारी गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई रु. १ अर्वको बचतपत्र निष्काशन गरिएकोमा रु. ४० करोडको बचतपत्र बिक्री भएको । |
| २४० | ग्रामीण क्षेत्रमा आधुनिक बैङ्किङ्ग सेवाको विस्तार गर्न बैङ्क तथा वित्तीय संस्था हरूलाई प्रोत्साहन गरिने, शाखारहित बैङ्किङ्ग प्रविधि विस्तारमा जोड दिइने, बचत तथा ऋण सहकारी संस्था खोल्न प्रोत्साहन गरिने । | ◈शाखारहित बैंकिङ्ग प्रविधि विस्तार गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट परिपत्र जारी भएको, मोबाइल बैङ्किङ्गसम्बन्धी नीतिगत व्यवस्था गर्न पहल भएको छ । |
| २४१ | बैङ्क तथा वित्तीय संस्थाहरूले साना व्यक्तिगत निक्षेपकर्ताहरूको सुरक्षणको लागि २ लाख रुपैयाँसम्मको बचत र मुद्दती निक्षेपको बीमा अनिवार्यरूपले गर्नुपर्ने । | ◈निक्षेप बीमासम्बन्धी अवधारणाम कार्यान्वयन गर्न नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त (घ) वर्गका लघुवित्त, सीमित बैङ्किङ कारोबार गर्न इजाजत प्राप्त सहकारी संस्थाहरूको साना बचतकर्ताहरू (दुई लाखसम्म) र वित्तीय मध्यस्थता गर्ने इजाजत प्राप्त संस्थाको निक्षेप सुरक्षण गर्न स्वीकृति प्रदान भएको । |
| २४२ | नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्कको सुधार जारी राख्दै आगामी दुई वर्षभित्र पुँजी पर्याप्तता सुनिश्चित गर्ने कार्ययोजना कार्यान्वयन गर्ने । | ◈नेपाल राष्ट्र बैङ्कसँग समन्वय राखी कार्य भइरहेको छ । |
| २४३ | सरकार र नीजी क्षेत्रका वाणिज्य बैङ्कको लगानीमा आगामी मंसिरसम्म पूर्वाधार विकास बैङ्क स्थापना गरिनेछ । | ◈पूर्वाधार विकास बैंक स्थापना गर्ने प्रावधान सहितको बैंक तथा वित्तीय संस्था विधेयक व्यवस्थापिका संसदमा प्रस्तुत । |
| २४४ | बैङ्क सेवाको गुणस्तर, शाखा विस्तार र नयाँ बैङ्क स्थापनासम्बन्धी नीति पुनरावलोकन र अनुगमन संयन्त्र प्रभावकारी बनाउने । | ◈अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणलाई थप प्रभावकारी बनाइएको छ ।<br>◈नयाँ संस्था स्थापना गर्न नीतिगत तथा प्रक्रियागत व्यवस्था परिमार्जन गर्न अध्ययन समिति गठन भई कार्य भइरहेको छ । |
| २४५ | नीयतवस ऋण नतिर्नेलाई गरी आएको कारवाहीलाई सुस्तता आउन नदिने र असल ऋणीलाई प्रोत्साहन गर्ने । | ◈नियतवश ऋण नतिर्ने उपरका कारवाही जारी । |
| २४६ | सम्पत्ति शुद्धिकरण कार्यलाई निरुत्साहित गर्न र अनुसन्धान तथा कारवाही प्रक्रियालाई प्रभावकारी बनाउन विशेषज्ञ जनशक्तिसहितको सङ्गठनात्मक व्यवस्था र वित्तीय सूचनाप्रणालीलाई व्यवस्थित गरिने । | ◈ राजस्व अनुसन्धान विभागमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ७ वटा केशको अनुसन्धान भइरहेको ।<br>◈सम्पत्ति शुद्धीकरण निवारण ऐनको सन्दर्भमा Real Estate, Housing Company, Bank, Finance Company आदिको तथ्याङ्क सङ्कलन भइरहेको छ ।<br>◈एसियाली विकास बैङ्कको प्राविधिक सहयोगमा राजस्व अनुसन्धान विभागको केन्द्रीय सूचना प्रणाली स्थापित गरी सबै इकाई कार्यालय तथा चेकपोष्टमा सूचना प्रविष्ट गर्ना साथ Online Access हुने व्यवस्था मिलाउन सम्झौता सम्पन्न भई Software Development, Hardware |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | खरिद र System Installation गर्ने कार्य भइसकेको छ । <br>◈सम्पत्ति शुद्धीकरण नियमावली पारित भएको छ । <br>◈संयुक्त राष्ट्र संघ सङ्गठित अपराधविरुद्धको महासन्धी र आतङ्ककारी गतिविधिमा वित्तीय लगानीविरुद्धको महासन्धीमा नेपाल पक्ष बन्न मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको । <br>◈सम्पत्ति शुद्धीकरणसम्बन्धी सरकारी तथा अन्य निकायहरू-बाट निर्देशन जारी गरी प्राप्त सूचनाको आधारमा करीब २०० जनालाई कारवाहीको लागि राजस्व अनुसन्धान विभागमा लेखी पठाएको । |
| २४७ | धितोपत्र बजारको आकार वृद्धि हुँदै गएको र यस क्षेत्रमा सर्वसाधारण जनताको लगानी बढ्दै गएकोले यसलाई पारदर्शी, व्यवस्थित र लगानी-मैत्री बनाउँदै लगिनेछ । बजार अनुगमन तथा नियमन प्रणालीलाई थप सुदृढ तुल्याइनेछ । पुँजीको उत्पादनशील परिचालनमा जोड दिई लगानीकर्ताहरूको हित संरक्षणलाई प्राथमिकता दिइनेछ । २०६६ असोजसम्ममा धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना गरिनेछ । | ◈केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्न निजी क्षेत्रको सहभागिता रहने गरी छुट्टै कम्पनी स्थापना गर्ने काम अगाडी बढेको छ । प्रबन्धपत्र र नियमावली तयार भई मन्त्रालयबाट कम्पनी दर्ताको लागि लेखी पठाइएको छ । <br>CDSL-India सँग सम्झौता भइसकेको । CDSL-India ले केन्द्रीय निक्षेप प्रणलीको सफ्टवेयर खरिद गर्न CMC Ltd.लाई भेण्डरकोरूपमा तोकिसकेको र CMC सँग सम्झौताको लागि कारवाही अगाडि बढिरहेको छ । |
| २४९ | बीमा व्यवसायमा समयानुकूल सुधार गर्न प्रचलित बीमा ऐनमा आवश्यक संशोधन गरिने छ पूनर्विमा व्यवसायलाई मुलुकभित्रबाटै सञ्चालनमा ल्याउन विदेशी तथा स्वदेशी निजी क्षेत्रको सहभागितामा पूनर्विमा कम्पनी स्थापना गर्नेतर्फ कानूनी लगायतका आवश्यक व्यवस्था गरिनेछ । राष्ट्रिय बीमा संस्थानको संरचनात्मक सुधार गरी यसको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ । | ◈प्रचलित बीमा ऐनमा गर्नु पर्ने संशोधन प्रस्ताव बीमा समितिबाट प्राप्त भएको । <br>◈बीमा समितिबाट प्राप्त बीमा प्राधिकरण ऐन, २०६७ का सम्बन्धमा सह-सचिव, कानुनको संयोजकत्वमा समिति गठन भई छलफल भइरहेको छ <br>◈राष्ट्रिय बीमा संस्थानबाट अवधारणापत्र तयार गर्न एक समिति गठन भई कार्य भइरहेको । |
| २५० | सरकारी स्वामित्वका संस्थानहरू तथा सरकारी संस्थानले निर्माण गर्ने जलविद्युत आयोजना-हरूको सेयर जनतालाई खुलारूपमा बिक्री गरी आयोजनामा जनस्वामित्व वृद्धि गर्दै लैजाने नीतिलाई अझ प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ । | ◈जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, राष्ट्रिय बीउ बीजन कम्पनी लिमिटेड, गोरखापत्र संस्थान, नेशनल ट्रेडिङ्ग लिमिटेड, दुग्ध विकास संस्थान, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, हेटौडा सिमेन्ट उद्योग लिमिटेड र नेपाल औषधी लिमिटेडको सेयर सर्वसाधारण-लाई बिक्री गरी विनिवेश गर्नको लागि निजीकरण समितिमा छलफल भइरहेको छ । साना किसान विकास बैंकमा रहेको सरकारी शेयर विनिवेश भै सकेको छ । |
| २५१ | सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थान-हरूको प्रमुख कार्यकारीको नियुक्ति प्रतिस्पर्धाको आधारमा गरिने नीतिलाई निरन्तरता दिइनेछ । सार्वजनिक संस्थानलाई सरकारी हस्तक्षेपबाट मुक्त बनाउदै व्यवसायिक सङ्गठनकोरूपमा विकास गर्दै समग्र कार्यसम्पादनमा सुधार ल्याइनेछ । | ◈गत आर्थिक वर्षदेखि नै कार्यान्वयन भई कार्यविधिसमेत निर्माण भइसकेको छ । समसामयिक सुधार तथा परिमार्जन गर्ने कार्य पनि भइराखेको छ । यसै विषयमा माननीय अर्थ मन्त्रीस्तरीय समितिले समेत अध्ययन गरीरहेको छ । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २५२ | सञ्चालनमा नआई बन्द रहेका र निरन्तर घाटामा रहेका संस्थानहरूको स्वामित्वमा रहेका गैरव्यवसायिक सम्पत्तिलाई आर्थिक प्रतिफल आउने गरी प्रयोग गरिनेछ। | ◈ सङ्कटग्रस्त सम्पत्ति व्यवस्थापन कार्य गर्ने सङ्कटग्रस्त जेथा निपटारा कार्यदलको स्थापना गर्ने गृहकार्य भइराखेको । साथै सम्बन्धित मन्त्रालयसँग यस्तो विवरण माग गरी पठाइएको छ। |
| २५३ | सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीको सुविधा संस्थानको वित्तीय अवस्था र कार्य-सम्पादन सूचकको आधारमा निर्धारण गर्ने नीति लिइनेछ। | ◈आवश्यक व्यवस्था मिलाउन सम्बन्धित सबै मन्त्रालय-हरूलाई परिपत्र भएको छ। यसैको लागी प्रशासन पुन संरचना आयोगमा कार्यदल गठन भई संस्थान समन्वय महाशाखाको समेत संलग्नतामा प्रतिवेदन तयार पार्ने काम भइरहेको छ। |
| २५५ | सडक दुर्घटनाका कारण मृत्यु हुनेका परिवारजनलाई तत्काल राहत प्रदान गर्न २०६६ भदौ १ गतेदेखि सबै सार्वजनिक तथा निजी यातायातका साधनले मृतक परिवारलाई रु. पाँच लाख रुपैयाको नगद राहत प्राप्त हुने गरी तेस्रोपक्ष बीमासमेत गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ। नयाँ सवारी साधन दर्ता र नवीकरण गर्दा तेस्रोपक्ष बीमा गराएको प्रमाण अनिवार्यरूपमा पेश गर्नु पर्ने व्यवस्था गरिनेछ। | ◈तेश्रोपक्ष बीमा २०६६ भदौ १६ गतेदेखि कार्यान्वयनमा आइसकेको छ।<br>◈मोटर बीमा दरसम्बन्धी निर्देशिका २०६६ श्रावण २२ गते जारी गरी कार्यान्वयनमा आएको छ।<br>◈सवारी तथा यातायात व्यवस्था नियमावली संसोधन भई लागू भएको छ |
| २६६ | वैदेशिक सहायतालाई राष्ट्रिय हित र प्राथमिकता अनुकूल हुने गरी परिचालन गर्न आगामी आर्थिक वर्ष वैदेशिक सहायता नीतिमा पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइनेछ। वैदेशिक सहायताको उपयोगलाई प्रभावकारी बनाउन राष्ट्रिय सहायता प्रभावकारीतासम्बन्धी कार्य-योजनाको कार्यान्वयन गरिनेछ। | ◈वैदेशिक सहायता नीतिमा पुनरावलोकन गर्ने क्रममा दाताहरूबाट प्राप्त भएको एकमुष्ट सुझाव समावेश गरी छोटो र बुँदागतरूपमा एउटा मस्यौदा तयार गरी अन्तिम रूप दिने कार्य भइरहेको छ। वैदेशिक सहायता प्रभावकारितासम्बन्धी राष्ट्रिय कार्ययोजनाको मस्यौदामा दातृपक्षबाट अझै छलफल गरेर मात्रै अन्तिमरूप दिनु पर्ने सुझाव प्राप्त भएकोले छलफलको क्रममा रहेको छ। |
| २६७ | गैरसरकारी संस्थामार्फत परिचालन हुने वैदेशिक सहायताको पारदर्शिता कायम गर्न र नेपाली जनताको बृहत्तर हित अनुकूल हुने गरी उपयोग गर्नका लागि गैरसरकारी सहायता परिचालन सिफारिश कार्यदलबाट प्राप्त प्रतिवेदनका सुझावहरू क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। | ◈कार्यक्रम सञ्चालन गर्दा अनिवार्यरूपमा जिल्ला तथा स्थानीयस्तरका सरकारी निकायहरूसँग समन्वय गर्नुपर्ने व्यवस्था मिलाइएको छ। यस आर्थिक वर्षमा ८ वटा आयोजनाको मध्यावधि मूल्याङ्कन र १७ वटा आयोजनाको अन्तिम मूल्याङ्कन भइसकेको जानकारी समाज कल्याण परिषद्बाट प्राप्त भएको छ। |
| २६८ | वैदेशिक सहायतासम्बन्धी सूचना प्रणालीलाई समयानुकूल परिमार्जन गरिनेछ। सूचना प्रणालीलाई संस्थागत गरी यसमा सबै सरोकारवालाको पहुँचलाई सहज बनाईनेछ। सहायताको प्रभावकारीताको र यसको उपयोग क्षमता वृद्धि गर्न सुदृढ अनुगमन प्रणालीको विकास गरिनेछ। | ◈वैदेशिक सहयोग समन्वय महाशाखामा वैदेशिक सहायता सूचना प्रणाली स्थापना गर्ने प्रारम्भिक कार्य शुरु भएको छ। यस सम्बन्धी प्रोटोटाईप जडान गरी महाशाखाका अधिकृत कर्मचारीहरूलाई प्रारम्भिक तालिम दिइएको छ। वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूको तथ्याङ्क प्रविष्टीको काम भइरहेको छ। |
| २७१ | छानिएका ठूला पूर्वाधार आयोजनाहरूमा कार्य-सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिने। यो प्रणालीको कार्यान्वयनबाट समयमै | ◈कार्ययोजना तयार भएको, पाँचवटा आयोजना (हुलाकी राजमार्ग, पुष्पलाल लोकमार्ग, साना शहरी खानेपानी तथा सरसफाई आयोजना, जनता आवास कार्यक्रम र रानीजमरा सिचाई आयोजना) को छनौट |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | बजेट खर्च गर्ने र सदाचार पद्धतिमा सुधार आउने विश्वास लिइएको । | गरिएकोमध्ये पुष्पलाल लोकमार्गको सम्बन्धमा मात्र कार्यसम्पादन परिसूचक निर्माण भई मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न सहमती दिइएको |
| २७४ | सार्वजनिक लेखा समितिका सदस्यको नेतृत्वमा सरकारी वजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग गठन गर्ने । | ◈ २०६६ फागुनमा गठन भएको सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोगले २०६७ असारमा अन्तरिम प्रतिवेदन र २०६७ कार्तिकमा अन्तिम प्रतिवेदन पेश गरेको । |
| २८९.क | **राजस्व प्रशासनलाई सबल र सुदृढ तुल्याई राजस्व असुलीलाई बढावा दिन राजस्व प्रशासनमा निम्न सुधारको प्रस्ताव गरेको :** आर्थिक गतिविधिको विकास एवं विस्तार, करदाताको पहुँच र कार्यबोझको अनुपातलाई ध्यानमा राखी आन्तरिक राजस्व विभाग र कार्यालयको संरचनामा समयानुकूल परिवर्तन गरिने। यस क्रममा काठमाडौं उपत्यका, धनकुटा, सुर्खेत, बाग्लुङ र जुम्ला जिल्लामा करदाता सेवा केन्द्रहरू र बुटवलमा आन्तरिक राजस्व कार्यालय स्थापना गरिने । | ◈आन्तरिक राजस्व विभाग र अन्तर्गतका सम्पूर्ण निकायहरूको सङ्गठनात्मक संरचनामा समयानुकूल परिवर्तन गर्ने कार्य सम्पन्न भएको छ । काठमाडौं उपत्यकामा १३ वटा र उपत्यका बाहिर १३ वटा गरी जम्मा २६ वटा सेवा केन्द्र स्थापना गर्ने कार्य आरम्भ गरिएको छ ।<br>◈बुटवलमा आन्तरिक राजस्व कार्यालय स्थापना भई कार्य सञ्चालनमा आएको छ । |
| २८९.ख | राजस्व नीति, राजस्व प्रशासन, राजस्व सम्बन्धी ऐन नियम लगायतका विषयमा स्थायीरूपमा निरन्तर अनुसन्धान गरी अल्पकालीन, मध्यकालीन एवं दीर्घकालीन सोचअनुरूप राजस्व नीति निर्धारण र राजस्व प्रशासनलाई सञ्चालन गर्न यसै आर्थिक वर्षभित्र एक उच्चस्तरीय स्थायी केन्द्रीय राजस्व बोर्डको स्थापना गरिने । | ◈केन्द्रीय राजस्व बोर्ड स्थापना गर्ने सम्बन्धमा तयार भएको अध्ययन प्रतिवेदनका आधारमा कानुन तर्जुमाका लागि विधेयकको मस्यौदा तयार भइरहेको छ । |
| २८९.ग | मेची भन्सार कार्यालयमा सुख्खाबन्दरगाह आगामी आर्थिक वर्षभित्र सञ्चालनमा ल्याइने र तातोपानीको लार्चामा सुख्खाबन्दरगाहको निर्माण कार्य थालिने । | ◈मेची भन्सार कार्यालयमा सुख्खाबन्दरगाह निर्माण कार्य सम्पन्न भएको ।<br>◈सिन्धुपाल्चोकको लार्चामा सुख्खाबन्दरगाह निर्माणको लागि २२१ रोपनी जग्गा अधिग्रहण गरिएको । चिनियाँ परामर्श-दाताको समूह आई विस्तृत डिजाइन तयार भइरहेको छ । |
| २८९.घ | सबै भन्सार कार्यालयहरूको भौतिक सुविधामा विस्तार गरिनेछ। भन्सार कार्यालयहरूलाई अधिकृतमूलक बनाइनुका साथै केही भन्सार कार्यालयहरूको स्तरवृद्धि गरी सङ्गठन पुर्नसंरचना गरिने कार्य यस वर्ष पुरा गरिने। साथै सीमा क्षेत्रबाट हुने अवैध मालसामान ओसार-पसार नियन्त्रण गर्न भन्सार विभागअन्तर्गत भन्सार प्रहरीको व्यवस्था गरिने । | ◈सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भई दरबन्दी पुनर्संरचनाको काम सम्पन्न भएको छ ।<br>◈भन्सार प्रहरी परिचालनसम्बन्धी कार्यविधि भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र सशस्त्र प्रहरी बलबीच पुनः छलफलको क्रममा भई सहमतिको लागि गृह मन्त्रालयमा पठाईएको छ । |
| २८९.ङ | भन्सार जाँचपास पछिको परीक्षण कार्यालय ( post clearance Audit Office) को स्थापना गरी आगामी तीन महिनामाभित्र कार्य सञ्चालन गरिने | ◈दरवन्दी स्वीकृत र कार्यालय स्थापना भई सञ्चालनमा आएको छ । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २८९.च | राजस्व अनुसन्धान विभागको विद्यमान संरचनामा पुनरावलोकन गरिनुका साथै थानकोट, बर्दिवास र अत्तरियामा थप इकाई कार्यालयहरू तत्काल स्थापना गरिने। राजस्व चुहावट नियन्त्रणको लागि छुट्टै राजस्व प्रहरीको व्यवस्था गरी आकस्मिक एवं द्रुत गस्तीको परिचालनद्वारा राजस्व चुहावट गर्ने कार्यलाई कडाईका साथ नियन्त्रण गरिनेछ। | ◈राजस्व अनुसन्धान विभाग र मातहतका कार्यालयहरूको पुनर्संरचना गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भैसकेको छ।<br>◈बर्दिबास, बर्दघाट र अत्तरियामा चेकपोष्ट स्थापना गरिएको छ।<br>◈भन्सार विभाग, सशस्त्र प्रहरी प्रधान कार्यालयसँग सशस्त्र प्रहरी परिचालनसम्बन्धी मोडालिटी बारे छलफल भई कार्यविधि तयार गरी सहमतिको लागि गृह मन्त्रालयमा पठाईएको छ।<br>◈आकस्मिक गस्ती परिचालन भइरहेको र द्रुतगस्ती परिचालनको लागि निर्देशिकामा समयानुकूल परिमार्जन गर्ने कार्य भइरहेको छ। |
| २८९.छ | अन्तःशुल्क प्रशासनलाई अझ बढी सुदृढ, सक्षम र प्रभावकारी बनाउन यसका नीतिगत, सङ्गठनात्मक तथा प्रशासनिक प्रक्रियाको अध्ययन गरी सुझाव पेश गर्न आगामी आर्थिक वर्षमा एक कार्यदल गठन गरिने। साथै, कार्यदलको प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउन पहल गरिने। | ◈कार्यदल गठन भएको र सक्रियतापूर्वक काम भइरहेको छ। |
| २८९.ज | मूल्य अभिवृद्धि करका सम्बन्धमा उद्यमी र व्यवसायी समुदायबाट व्यक्त भावनालाई उच्च महत्व दिँदै यसलाई वैज्ञानिक र व्यवहारिक तुल्याउन अध्ययन गरिने। | ◈अध्ययन कार्यदल गठन भइ काम गरिरहेको छ। |
| २८९.झ | कर प्रशासनमा करदाताको सहज पहुँच बढाउन विद्युतीय माध्यमबाट स्थायी लेखा नम्बर लिन सक्ने, अन्तःशुल्क, मूल्य अभिवृद्धिकर, आयकरका विवरण र स्रोतमा कर कट्टी गरेको विवरण विद्युतीय माध्यमबाट दिन सक्ने र कर सम्बन्धमा थप सूचना र जानकारी एसएमएस सेवा र वेभसाइट मार्फत पाउन सक्ने व्यवस्था मिलाईने। | ◈सूचनाहरू प्रसारण भई सम्बन्धित पक्षलाई जानकारी भएको छ।<br>◈गुरुयोजना बमोजिमको रणनीति कार्यान्वयन शुरु भएको छ।<br>◈**e-Taxation** को **Master Plan** तयार गर्ने कार्य भइरहेको छ।<br>◈**ICT System** को **Security Audit** गरी **Penetration Test** गरिसकिएको र प्रतिवेदन तयारीको क्रममा रहेको छ।<br>◈करसम्बन्धी जिज्ञासा समाधानको लागि ८०५ वटा **Frequently Asked Questions (FAQs)** तयारी पुरा भएको छ भने यसका लागि **Call Centre** समेत स्थापना भई कार्य सुचारु रहेको छ।<br>◈करसम्बन्धी थप सूचना र जानकारी एसएमएस सेवा वेभसाइटमार्फत प्राप्त गर्न सकिने व्यवस्था भएको।<br>◈**Excise Automation** को सफ्टवेयरको लागि **Requirement Analysis** र **System Design** भइसकेको छ।<br>◈विद्युतीय माध्यमबाट व्यक्तिगत स्थायी लेखा नम्बर **(Personal e-PAN)** प्राप्त गर्न सक्ने व्यवस्था भई नम्बर प्रदान गर्ने कार्य सुचारु रहेको छ। सम्माननीय राष्ट्रपतिबाट सुरु भई २०६७ असार मसान्तसम्ममा १,०५,७४४ जनाले प्राप्त गरिसकेका।<br>◈करदाताले आयकरको डे-०१ विवरण विद्युतीय माध्यमबाट दाखिला गर्नसक्ने व्यवस्था भई विवरणहरू प्राप्त भइरहेको।<br>◈करदाताहरूको रु. १० लाखभन्दा बढीको खरिद बिक्री र डेब्टर्स/क्रेडिटर्स तथ्याङ्क तथा कर फिर्तासँग सम्बन्धित खरिदका कर विजकहरू प्रविष्ट गर्नका लागि सफ्टवेयर तयार गरी कार्यालयहरूबाट उक्त तथ्याङ्क प्रविष्ट गर्ने कार्य भइरेहको। |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | ◈आन्तरिक राजस्व विभागको Website: **www.ird.gov.np** मार्फत जोसुकैले **e-Systems: e-PAN, e-TDS,e-VAT,e-D01** को **Officewise Progress Status** को **General Report** हेर्न सक्ने व्यवस्था गरिएको छ।<br>◈**Personal e-PAN** लाई **e-TDS System** सँग **Integration** गरी **Withholding Agent** ले **Withholdee** को **Personal PAN** प्रविष्ट गर्न र **Personal e-PAN** को दर्ता अवस्था हेर्न सक्ने व्यवस्था गरिएको छ।<br>◈**Internal Monitoring System** को परिमार्जित **Software** तयार भएको र त्यसलाई **WebBased** बनाई कार्यालय-हरूबाट नै तथ्याङ्क प्रविष्ट गर्न सक्ने व्यवस्था शुरु गर्ने तयारी भएको। |

## ३.३ उर्जा मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १६६ | निर्माणाधीन विद्युत आयोजना यथासमयमा सम्पन्न गर्ने कार्यलाई तीव्रता दिइने । नयाँ आयोजनाको सम्भाव्यता अध्ययन गर्ने र प्रसारण लाइनको विस्तार एवं मर्मतमा विशेष जोड दिइने । जलस्रोत रणनीति, २००२ ले लिएको लक्ष्य र जलविद्युत विकासको वर्तमान मूल्याङ्कनको आधारमा आगामी दुई दशकभित्र कम्तीमा २५ हजार मेगावाट क्षमताको जलविद्युत विकास गर्ने लक्ष्यकासाथ कार्यक्रम तर्जुमा गरिने । यसका लागि आवश्यक संस्थागत र नीतिगत पूर्वाधार तयार गरिने । | ◆मन्त्रिपरिषदबाट पारित भई व्यवस्थापिका-संसदको विधायन समितिमा पेश भएको, विद्युत नियमन आयोग ऐन विधायन समितिमा छलफलका क्रममा रहेको । |
| १६७ | राष्ट्रिय विद्युत सङ्कट निरूपण कार्य योजनालाई आवश्यक परिमार्जन सहित उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्न विद्यमान नीतिहरूमा आवश्यक पुनरावलोकन गरी दीर्घकालीन ऊर्जा विकासका लागि उपयुक्त नीति तर्जुमा गरिने । विद्युत उत्पादन र प्रसारणमा नियमनको कार्य प्रभावकारी बनाउन स्वायत्त विद्युत नियमन आयोग गठन गरिने । | ◆प्रस्तावित विद्युत नियमन आयोग ऐन व्यवस्थापिका-संसदको विधायन समितिमा छलफलमा रहेको ।<br>◆८ वटा आयोजनाहरूमध्ये ६ वटाको मुल्याङ्कन सम्पन्न भई ६ वटा **Best Bidding** गर्ने प्रवर्द्धकलाई विद्युत सर्भेक्षण अनुमतिपत्र प्रदान गरिएको । |
| १६९ | जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययनका लागि परेका आवेदनहरूको तत्काल निर्णय दिने व्यवस्था मिलाइने । अनुमतिपत्र लिएर पनि निर्माण कार्य अगाडि नबढाएकाहरूको अनुमतिपत्र रद्ध गरिने । | ◆१०० मेगावाट भन्दामुनिको आयोजनाको लागि कार्यविधि तयार भई लागु गरिएको ।<br>◆सन्तोषजनक प्रगति गर्न नसकेका ४ वटा आयोजनाहरूको अनुमतिपत्र रद्द गरिएको । |
| १७० | राष्ट्रिय प्राथमिकता र गौरवको आयोजनाको रूपमा नेपाल सरकारको स्रोतबाटै सम्पन्न गर्ने | **माथिल्लो सेती**<br>◆हाइड्रोलोजी तथा सेडिमेण्ट सर्भे कार्य सम्पन्न। टेष्ट अडिटको निर्माण |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | गरी जलाशययुक्त माथिल्लो सेतीको निर्माण कार्य शुरु गरिनेछ। स्वदेशी लगानीमा निर्माण हुने ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत आयोजना आर्थिक वर्ष २०६९/७० भित्र सम्पन्न गर्ने गरी निर्माण कार्य शुरु गरिनेछ। | कार्य चालू।<br>◆ २ वटा पुलको डिजाइन प्रतिवेदन तयार भएको। आयोजनाको ड्याम साइट र पावरहाउस साइट जोड्ने सडक एवं क्याम्प फ्यासिलिटिजको विस्तृत डिजाइन कार्य चालू। ११ किलोभोल्ट प्रशारण लाइनका सर्भे सम्पन्न भई अन्तिम प्रतिवेदन तयार भएको। आयोजनाको कार्यालय दमौली, तनहुँमा खोलिएको।<br>**माथिल्लो तामाकोशी जलविद्युत आयोजना**<br>◆ सिँगटी-लामाबगर प्रवेशमार्ग ट्र्याक निर्माण कार्य २८ मीटर सम्पन्न। दोलखा-सिँगटी खण्डको प्रवेशमार्ग सुदृढीकरण कार्य ३४.२ मीटर सम्पन्न।<br>◆ लट नं.१ मुख्य सिभिल निर्माण कार्यको बोलपत्र दाखिला गर्ने अन्तिम मिति २२ मंसीरमा दाखिला हुन आएका ५ वटा अन्तर्राष्ट्रिय बोलपत्रदाताहरूको **lowest bidder Sino Hydro, China** सँग वार्ता भई सम्झौता प्रक्रिया अगाडि बढाइएको।<br>◆ मुख्य सिभिल निर्माण कार्यअन्तर्गत विद्युतगृह निर्माणस्थल प्रवेश गर्ने **Access Tunnel** निर्माण कार्य ७६० मीटर सम्पन्न।<br>◆ लट नं.२ हाइड्रोमेकानिकलको **PQ** को प्राप्त प्रस्ताव खोली मूल्याङ्कन प्रतिवेदनअनुसार पूर्वयोग्यता निर्धारण भएको।<br>◆ लट नं.३ मेकानिकल तथा इलेक्ट्रिकल कार्यको पूर्वयोग्यताका लागि प्रस्ताव बुझाउने म्याद डिसेम्बर २८, २००९ सम्म प्राप्त भएका प्रस्तावहरू खोली मूल्याङ्कन सम्पन्न भई पूर्वयोग्यता निर्धारण भएको।<br>◆ पहिलो चार यूनिटको **Testing, Commissioning** र व्यापारिक उत्पादन (३०९ मेगावाट) फागुन २०७० मा र बाँकी दुइ यूनिटको १४७ मेगावाट जेठ २०७१ मा हुने। |
| १७१ | बढ्दो विद्युत मागको आपूर्ति पूरा गर्न सुरु गरिएका मध्यम-स्तरका कुलेखानी तेस्रो (१४ मेगावाट), चमेलिया (३० मेगावाट) र माथिल्लो त्रिशुली-ए (६० मेगावाट), राहुघाट (२७ मेगावाट) र तल्लो सोलु जलविद्युत आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइनेछ। साथै, माथिल्लो त्रिशुली-३बी (४० मेगावाट) को कम्पनी खडा गरी आगामी आर्थिक वर्षमा वित्तीय व्यवस्थापन गरिनेछ। | ◆ तल्लो सोलु जलविद्युत आयोजना ८ वटा निजिक्षेत्रबाट प्रतिस्पर्धाका आधारमा विकास गरिने कार्यक्रमभित्र परेको जस मध्येका ६ वटा आयोजनाहरू प्रतिस्पर्धाको आधारमा निजी क्षेत्रलाई विद्युत सर्भेक्षण अनुमतिपत्र प्रदान गरिएको।<br>**कुलेखानी तेस्रो जलविद्युत आयोजना**<br>◆ ३०० रोपनी जग्गा उपलब्धि।<br>◆ भवन निर्माण कार्य जारी।<br>◆ पुल निर्माण कार्य सम्पन्न।<br>◆ इलेक्ट्रोमेकानिकल र प्रशारण लाइनको बोलपत्र मूल्याङ्कन कार्य सम्पन्न।<br>◆ मुख्य सिभिल निर्माण कार्यअन्तर्गत विद्युतगृहस्थलमा जग खन्ने कार्य सम्पन्न भएको तथा मुख्य सुरुडको **Downstream** मा जम्मा ८८९ मीटर खन्ने कार्य सम्पन्न। |
| १७२ | पंचेश्वर बहुउद्देशीय आयोजनाको परियोजनास्थलसम्म पुग्ने सडक र रोपवे निर्माण जस्ता पूर्वाधार विकास गरी आयोजना निर्माणको प्रारम्भिक कार्य आगाडि बढाइने। | • पाटन, पञ्चेश्वर सडकको LOI तथा ल.ई तयारी भइरहेको।<br>• Detail EMP को TOR र Specification तयार भइरहेको। |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १७३ | जलाशययुक्त सुनकोशी दोस्रो, सुनकोशी तेस्रो, दुधकोशी र तमोर आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गरिने । यसैगरी, बुढी-गण्डकी, कालीगण्डकी र आँधीखोला जलाशय-युक्त आयोजनाहरू निजी–सार्वजनिक अवधारणा अन्तर्गत अगाडि बढाइने । नौमुरे जलविद्युत आयोजनाको कार्य प्रारम्भ गरिने । अरुण तेस्रो, माथिल्लो कर्णाली र पश्चिम सेती जस्ता ठूला आयोजनाहरूलाई निजी क्षेत्रबाट अगाडि बढाइने । | ◆सुनकोशी-२ र ३, दुधकोसी आयोजनाहरूको अध्ययन गर्दा हाल अध्ययनमा रहेको सप्तकोशी उच्चबाँध तथा सुनकोसी स्टोरेज कम डाइभर्सन आयोजना लगायतका उक्त बेसीनमा रहेका अन्य आयोजनाहरूसँग अन्तरसम्बन्ध रहने हुँदा यी आयोजनाहरूको समष्टीगत अध्ययन गर्न अवधारणा बनाउन सुझाव दिने हेतुले कार्यटोली गठन भई अध्ययन भई ऊर्जा मन्त्रालयमा प्रस्तुतिकरण भइसकेको । मस्यौदा कार्यसूचीलाई अन्तीमरूप दिने कार्य भइरहेको । अरुण तेश्रोको **FSR, DPR, EIA** र **EMP** लगायतको कार्य अघि वढाउनका लागि सम्झौतापश्चात स्थलगत अध्ययन जारी राखेको ।<br>◆ पश्चिम सेती जलविद्युत आयोजनाको सम्झौताको म्याद १ वर्ष थप भएको ।<br>◆माथिल्लो कर्णालीको **Optimization Study** बाट ३०० मेगावाटको सर्वेक्षण अनुमतीपत्र संशोधन भई ९०० मेगावाट कायम भएको ।<br>◆तमोर जलविद्युत आयोजनाको सम्भाब्यता अध्ययन प्रारम्भ ।<br>◆बुढी गण्डकी जलविद्युत आयोजना अध्ययन जारी रहेको । |
| १७४ | ग्रामीण विद्युतीकरण मार्फत् गाउँ-गाउँमा विद्युत सेवा पुऱ्याउन ग्रामीण विद्युत कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ । | ◆हालसम्म २४१ वटा संस्थाहरूसँग सम्झौता भएको छ। ४८० वटा प्राप्त प्रस्तावहरूमध्ये २६८ वटा सामुदायिक संस्थाहरूको प्रस्तावहरू स्वीकृत भएको छ। १३२ वटा संस्थाहरू सञ्चालनमा आएका छन् ।<br>◆**EIA** प्रस्ताव तयार भई वातावरण मन्त्रालयमा समीक्षा भइसकेको। ३३ किलोभोल्ट लाइन निर्माणका लागि आंशिक मूल्याङ्कन कार्य सम्पन्न । |
| १७६ | विद्युत उत्पादनलाई सहज बनाउन ३ मेगावाटसम्म उत्पादन अनुमती लिनु नपर्ने र ५० मेगावाटसम्मको विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु नपर्ने व्यवस्थालाई निरन्तरता दिएको । यसैगरी राष्ट्रिय विद्युत सङ्कट निरूपण कार्ययोजनामा परेका प्रसारण लाइन निर्माणकालागि पनि विस्तृत वातावरणीय प्रभाव मुल्याङ्कन गर्नु नपर्ने र प्रशारणलाईन निर्माणमा प्रतिशत हेक्टर भन्दा कम वनक्षेत्र परेमा विस्तृत वातावरणीय प्रभाव मुल्याङ्कन गर्नु नपर्ने व्यवस्था मिलाइएको । | ◆विद्युत प्रसारण लाइनको लागि **EIA** गर्नु नपर्ने नयाँ व्यवस्था भएअनुसार काम कारवाही भइरहेको । |
| १७७ | नेपाल तथा भारतको संयुक्त लगानीमा विद्युत आयात-निर्यात गर्ने अन्तर्देशीय उच्च क्षमताको प्रशारण लाइन निर्माण गरिनेछ। नेपाल विद्युत प्राधिकरण र नीजिक्षेत्रको संयुक्त लगानीमा ४०० किलोभोल्ट क्षमताका ३ मुख्य अन्तर्देशीय प्रशारण लाइन निर्माण थालिनेछ। बुटवल-सुनौली र दुहबी-जोगबनी प्रशारण लाइन विस्तारको कार्य आगामी वर्ष शुरु गरिनेछ। आर्थिक वर्ष २०६७/६८ मा ढल्केवर-भित्तामोड ३० किलोमीटर प्रशारण लाइन सम्पन्न गर्ने गरी | ◆डेस्क अध्ययनको कार्य भइरहेको ।<br>◆भारततर्फ लाइन जोड्न सहमति प्राप्त भइ नसकेको ।<br>◆ढल्केवर-मुजफ्फरपुर ४०० किलोभोल्ट प्रशारण लाइन विस्तृत सर्भे तथा वातावरणीय अध्ययन कार्य सम्पन्न। सबस्टेशनका लागि जग्गा अधिग्रहण कार्य २० प्रतिशत सम्पन्न ।<br>◆भारतमै ऊर्जा अभाव भएकोले नेपाललाई विद्युत दिन नसक्ने जानकारी प्राप्त भएको ।<br>◆५ मीटर जोगवनी-विराटनगर रानी ३३ किलोभोल्ट दोश्रो सर्किट निर्माण, १२ मीटर बीरगञ्ज-रक्सौल ३३ किलोभोल्ट दोश्रो सर्किट निर्माण कार्यक्रम स्थगित भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | बजेट विनियोजन गरिएकोछ। कटैया-कुशाहा प्रशारण लाइनको दोस्रो सर्किटबाट थप ३० मेगावाट र सुरजपुरा विन्दुबाट ३० मेगावाट तत्कालै आयात गरिनेछ। वीरगञ्ज, विराटनगर तथा कुशाहा लगायतका विन्दुबाट थप विद्युत आयात गर्न प्रशारण लाइन निर्माण गरिनेछ। | |
| १७८ | सुनकोशी-कमला डाईभर्सन र भेरी-बबई डाईभर्सन बहुउद्धेश्यीय परियोजनाहरूको निर्माण कार्य सुरु गरिने। | ◆ सुनकोशी कमला डाइभर्सन आयोजनाको संयुक्त आयोजना मार्फतको फिल्ड कार्य विज्ञहरूद्धारा निरिक्षण गराउन मात्र बाँकी रहेको, थप अन्वेषण कार्यहरू कहाँ गराउने भन्ने निर्णय विज्ञको सल्लाहमा गरिनु पर्ने भएको । नियमित तथ्याङ्क सङ्कलन लगायतका कार्यहरू भइरहेको । सुनकोशी–कमला डाईभर्सन आयोजना नेपाल भारत सहयोगमा अध्ययन भइरहेको । |
| १७९ | दुहबी मल्टिफ्यूल र हेटौंडा डिजेलप्लाण्टलाई मर्मत सम्भार गरी पूर्ण क्षमतामा सञ्चालन गरिनेछ। बढ्दो विद्युत मागको व्यवस्थापन गर्न किफायती खालका विद्युत उपकरण र सीएफएल चिम प्रयोग गर्न मुलुकभरि विशेष अभियान गरिनेछ। सरकारी कार्यालयहरूमा यस्ता चिम अनिवार्य गरिनेछ। | **मल्टिफ्यूल पावर प्लान्ट**<br>◆ स्पेयर पार्टस् खरीद कार्य भइरहेको ।<br>◆ २ यूनिट आर्थिक वर्ष २०६७/६८ मा मर्मत गर्ने। यूनिट नं.२ र ५ ब्रेकडाउन अवस्थामा रहेको। यूनिट नं.३, ४ र ६ चालू अवस्थामा रहेको। यूनिट नं.१ हालसालै बिग्रिएको। १३ देखि १४ मेगावाट विद्युत उत्पादन रहेको। |
| | | **हेटौडा डिजेल केन्द**<br>◆ मेशिन निर्माता कम्पनीबाट **Man Diesel England** बाट प्राप्त स्पेयर पार्टस्को अफर नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिबाट स्वीकृत भई सो सम्झौतासमेत भइसकेको। तथा हाल एल.सी. खोल्ने क्रममा रहेको।<br>◆ सातवटै मेशिन चालू अवस्थामा रहेका।<br>**सी.एफ.एल.**<br>◆ आर्थिक वर्ष २०६६/६७ मा सीएफएल पाइलट कार्यक्रम अन्तर्गत प्रथम, दोस्रा र तेस्रो चरण गरी २१ स्थानका गार्हस्थ ग्राहकहरूलाई निःशुल्क एवं खरीद गरी करीब ६ लाख सीएफएल वितरण गरिएको छ। उक्त सीएफएल प्रयोगबाट नेपाल विद्युत प्राधिकरणका लागि पीक समयमा दैनिक ८.४ मेगावाट विद्युत शक्तिको बचत एवं दैनिक २५,२०० यूनिट ऊर्जा बचत हुने अनुमान गरिएको छ।<br>◆ नेपाल विद्युत प्राधिकरणभित्रका सबै कार्यालयहरूमा सूचना जारी गरी सीएफएल चिम प्रयोग भइरहेको। रेडियो, एफएम तथा टेलिभिजनहरूमा सीएफएल चिमको प्रयोगबारे प्रचार प्रसार भइरहेको। |
| १८० | निजी क्षेत्रको उत्पादनलाई प्रोत्साहन गर्न २.५ मेगावाटसम्मका आयोजनाको विद्युत खरिदको मूल्य निर्धारण गरिसकिएको। साथै, २.५ मेगावाट भन्दा माथिको आयोजनाको सम्भाव्यता अध्ययन एवं वित्तीय व्यवस्थापन गरिसकेपछि | ◆ निजी क्षेत्रका २४ वटा (१३७.०६ मेगावाट) आयोजनाहरूसँग विद्युत खरीदसम्झौता सम्पन्न भएको। |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | विद्युत खरिदको सम्झौता अविलम्ब गर्ने व्यवस्था मिलाइने । | |

### ३.४ उद्योग मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १२४ | प्रधानमन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय लगानी बोर्ड गठन र साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन गर्न घरेलु ग्राम स्थापना गरिने । | ◆ धनकुटा जिल्लामा घरेलु ग्राम स्थापना गर्न सम्भाव्यता अध्ययन भएको तथा जग्गा प्राप्तिका लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडसँग अन्तिम चरणमा छलफल भइरहेको । |
| १२५ | निजी क्षेत्रको विकासका लागि व्यवसायिक लागत कम गर्ने सूचकहरू, व्यवसायको शूरुवात र समापनमा सरलता, अनुमतिपत्रको व्यवस्था, लचिलो एवं उत्पादनशील श्रमको उपलब्धता, सम्पत्तिको अभिलेख एवं स्वामित्व हस्तान्तरणमा सरलता, सम्पत्तिको अधिकारको प्रत्याभूति, सरल एवं सहज-रूपमा कर्जा प्रवाह, लगानीकर्ताको लगानीको संरक्षण, व्यवसायमैत्री करप्रणाली, सीमाक्षेत्रको अवैध व्यापार नियन्त्रण र करारको कार्यान्वयनको सुनिश्चितता जस्ता अर्न्तसम्बन्धित विषयहरूमा लगानी अनुकूल हुने गरी सुधार गरिने । | ◆ नयाँ औद्योगिक नीति, २०६७ स्वीकृत भई कार्यान्वयनमा आइसकेको ।<br>◆ नयाँ औद्योगिक नीति, २०६७ को प्रावधानअनुरूप औद्योगिक व्यवसाय ऐनलगायत विद्यमान अन्य ऐन, नियम, कार्यविधि आदि निर्माण, परिमार्जन, सुधार एवं संशोधन गर्न प्रारम्भिक मस्यौदा तयार गर्न कार्यदल गठन भएको । |
| १२८ | नेपाली पहिचानको रूपमा रहेको श्रममूलक गलैंचा उद्योगको पुनरुत्थानका लागि सुझाव दिन एउटा उच्चस्तरीय कार्यदल गठन गरिने । कार्यदलबाट प्राप्त सुझावहरू आगामी आर्थिक वर्षभित्रै कार्यान्वयन गरिने | ◆ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६६।०९।२२ गतेको निर्णयानुसार माननीय उद्योगमन्त्रीको अध्यक्षतामा गलैंचा उद्योग पुनरुत्थान सुझाव कार्यदल गठन भएको । |
| १३० | निर्माणाधीन र प्रस्तावित सबै सिमेन्ट उद्योग निर्माणस्थलसम्म विद्युत प्रसारण लाइन विस्तार, सवस्टेशन निर्माण र सडक निर्माण कार्यलाई तीव्रता दिने । विशेष आर्थिक क्षेत्रहरूको पूर्वाधार निर्माण कार्यक्रमलाई निरन्तरता दिने । | ◆ उदयपुर, मकवानपुर, सुर्खेत, दाङ्ग, रोल्पा, धादिङ्ग जिल्लामा निर्माणाधीन सिमेन्ट उद्योगस्थलसम्म सडक निर्माण कार्य भइरहेको ।<br>◆ विशेष आर्थिक क्षेत्र भैरहवाको सेवा भवन र प्रशासकीय भवन निर्माण भइरहेको, विद्युत प्रसारण लाईन, पहुँचमार्ग र आन्तरिक सडक निर्माण, टेलिफोन लाईन विस्तार, पानीट्याङ्की निर्माण, ढल निकासका कार्य सम्पन्न भएको ।<br>◆ पाँचखाल र धनगढीमा विस्तृत सम्भाव्यता अध्ययन भएको, झापामा विस्तृत सम्भाव्यता अध्ययन कार्य भइरहेको ।<br>◆ जुम्ला र धनुषामा पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १३४ | गैरआवासीय नेपालीहरूलाई नेपालको आर्थिक तथा सामाजिक विकासको अभियानमा संलग्न गराउन उनीहरूको हक हितको संरक्षण गर्नुको साथै सीप र पूँजी लगानी गर्न प्रोत्साहन गरिने । उनीहरूलाई विशेष परिचय पत्र प्रदान गरिने । | ◆विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीतिको मस्यौदा तयार भएको । यस उपर सरोकारवालाहरूसँग छलफल गरी अन्तिम मस्यौदा स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाउने तयारी भइरहेको । |
| २४८ | नेपाल औद्योगिक विकास निगम लिमिटेडको मौजुदा कार्य सञ्चालन अवस्थाको विश्लेषण गरी सम्भाव्य व्यवसायिक संस्थाको रूपमा विकसित गरिने । | ◆नेपाल औद्योगिक विकास निगम लिमिटेडलाई व्यवसायिक संस्थाकोरूपमा विकास गर्न एक कार्ययोजना तयार गरी सोहीअनुरूप हाल बैंकिङ्ग सेवा शुरु गरिएको । |

## ३.५ कृषि तथा सहकारी मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ७६ | रासायनिक मलमा अनुदान दिनको लागि रु. १ अर्ब ५० करोड विनियोजन गरेको । | ◆रासायनिक मलमा अनुदान दिने सिलसिलामा कृषि सामग्री कम्पनी लिमिटेडलाई आर्थिक वर्ष २०६५/६६ को बाँकी १३ करोड ३१ लाख ८७ हजार र आर्थिक वर्ष २०६६/६७ मा विनियोजित रु. १ अर्ब ५० करोड गरी जम्मा १ अर्ब ६३ करोड ३१ लाख ८७ हजार निकासा दिइएकोमा कम्पनीले यस आर्थिक वर्षमा ९४,५०० मेट्रिक टन रासायनिक मल खरीद गरेको छ । अघिल्लो वर्षको मौज्दात र आयातमध्येबाट यस आर्थिक वर्षमा ८१,५९८ मेट्रिक टन रासायनिक मल बिक्री वितरण भएको छ । आर्थिक वर्षको अन्तमा आइपुग्दा कम्पनीसँग ४,२४९ मेट्रिक टन रासायनिक मल मौज्दातमा रहेपनि कम्पनीले खरीद गरी बाँकी रहेको १७,५०० मेट्रिक टन रासायनिक मल आयात गर्ने क्रममा रहेको छ । |
| ७७ | स्थानीयस्तरमा प्राङ्गारिक मल उत्पादनलाई प्रोत्साहन गर्न आवश्यक नीति तथा पूर्वाधारको व्यवस्था गरिनेछ । साथै, प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रमाणपत्र निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ । सहकारी संस्थाहरूले स्थापना गर्ने प्राङ्गारिक मल कारखानालाई मेसिन उपकरण लागतको ५० प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराउन रु. ५ करोड बजेट विनियोजन गरिएको । | ◆प्राङ्गारिक मल उत्पादन प्रोत्साहन कार्यविधि र प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रमाणपत्र निःशुल्क उपलब्ध गराउनेसम्बन्धी कार्यविधि स्वीकृत भएको ।<br>◆माटो व्यवस्थापन निर्देशनालयलाई कृषि विभागअन्तर्गत प्राङ्गारिक खेती तथा मल प्रवर्द्धनका लागि सचिवालय तोकिएको ।<br>◆प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना गर्न चाहने फर्म, कम्पनी वा संघ संस्थालाई अनुदान प्राप्तिका लागि आवेदन पेश गर्नसूचना प्रकाशन गरेकोमा ६ वटा आवेदन प्राप्त भएका तर निर्देशन समितिको २०६७।३।२९ मा बसेको बैठकबाट यस आर्थिक वर्षमा मूल्याङ्कनका बाँकी प्रक्रिया पुरा गरी भुक्तानी गर्न समयाभाव रहेको कारण प्रक्रिया अघि नबढाउने निर्णय गरको ।<br>◆प्राङ्गारिक मल उत्पादनलाई प्रोत्साहन गर्न माटो परीक्षण तथा सेवा सुधार कार्यक्रमअन्तर्गत भकारो सुधार तथा मुत्र सङ्कलन कार्यक्रम राखी सञ्चालन गरिएको ।<br>◆प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि अन्तरराष्ट्रिय मान्यता प्राप्त प्रमाणपत्र उपलब्ध गराउनको लागि ३ वटा निर्यातकर्ता छनौट भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ७९ | उच्चमूल्य र अन्तर्राष्ट्रिय बजारमा तुलनात्मक लाभ भएका चिया, कफी, जडिबुटी, मह, जुनार, अदुवा र दुग्ध उत्पादक सहकारी संस्थाहरूले स्थापना गर्ने प्रशोधन उद्योगहरूलाई मेसिन उपकरण लागतको २५ प्रतिशत अनुदान दिइनेछ। | ◆सहकारी संस्था एवं निजि क्षेत्रसमेतलाई हुने गरी "उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाको लागि अनुदान वितरण कार्यविधि, २०६६" स्वीकृत भएको ।<br>◆सहकारी संघ संस्थाले स्थापना गर्ने उद्योगहरू (चिया, कफी, दूध, मह, अदुवा आदि) को मेसिन उपकरण लागतको २५% (बढीमा रु. ५ लाख) अनुदान दिने प्रयोजनको लागि ३६ वटा सहकारी उद्योगहरूको प्रस्ताव स्वीकृत भई ती संस्थाहरूलाई अनुदान वितरण गर्ने कार्य सम्पन्न भएको । |
| ८१ | उखु उत्पादनलाई प्रोत्साहन, उत्पादकत्व वृद्धि तथा किसानहरूको सशक्तीकरण गर्नका लागि किसान-हरूकै सहभागितामा "उखु बोर्ड" गठन गरिने । | ◆उखु तथा चिनी विकास समिति गठन भएको । |
| ८२ | खाद्य सङ्कटको चपेटामा परेका जनतालाई तत्काल राहत दिन र खाद्यान्न उत्पादन बढाउन किसानहरूलाई सहयोग गर्न उच्च तथा मध्य पहाडका २३ जिल्लामा खाद्यसङ्कट सम्बोधन कार्यक्रम अन्तर्गत साना सिंचाइ, मलबीऊ ढुवानी तथा बीऊ उत्पादन र भण्डारणको कार्यलाई निरन्तरता दिइने । | ◆खाद्य सङ्कट सम्बोधन कार्यक्रम सञ्चालन भएका २३ जिल्लामा साना सिंचाइ मर्मत, सम्भार तथा निर्माणका १,०१६ वटा आयोजनाहरू छनौट भई निर्माण कार्य प्रारम्भ भएकोमा ९१८ वटा आयोजनाको निर्माण पुरा भएको । उच्च पहाडी क्षेत्रका ९८ वटा आयोजनाहरू कार्तिक मसान्तसम्ममा सम्पन्न हुने ।<br>◆सामुदायिक वीज केन्द्र स्थापनाका लागि EOI को सूचना प्रकाशनको तयारीमा रहेको ।<br>◆नेपाल कृषि अनुसन्धान परिषद् र कृषि विभागबीच सामुदायिक वीज वृद्धि कार्यक्रमका लागि आवश्यक पर्ने मूल बीऊ र प्रविधिको लागि Ensuring Food Security with Technology Generation and Scaling up Mid & High Hills of Nepal विषयमा सम्झौता गरी पहिलो किस्ता भुक्तानी दिइएको ।<br>◆यस आर्थिक वर्षको हालसम्म रासायनिक मल ३,३७५.०९ मेट्रिक टन र स्रोत बीऊ १७४.८६ मेट्रिक टन ढुवानी भएको । साथै हुम्लाले १२.४ मेट्रिक टन जैविक मल ढुवानी गरेको । |
| ८३.क | कृषि उत्पादकत्व बढाउन "गाउँ–शहरमा सहकारी, घर घरमा रोजगारी" कार्यक्रमअन्तर्गत सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । | ◆कृषि विभागतर्फ सहकारी खेती कार्यक्रमको स्वीकृत कार्यविधिअनुसार सहकारीमा आधारित साना सिंचाइ स्किम सञ्चालनका लागि १७८ वटा छनौट भएको र यसमध्ये १७० वटा आयोजनाको सम्झौता भएकोमा १६९ वटाको कार्य सम्पन्न भएको छ ।<br>◆सहकारी खेतीअन्तर्गत कृषितर्फ ९१ वटा स्किम छनौट भई सबैको कार्य सम्पन्न भएको छ ।<br>◆पशु विकासतर्फ १५ जिल्लामा पुराना ५ जिल्ला (सप्तरी, बाँके, बर्दिया, दाङ्ग र कैलाली) मा फलोअप कार्यक्रम र नयाँ १० जिल्ला (झापा, मोरङ्ग, उदयपुर, सर्लाही, दोलखा, स्याङ्गजा, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र सप्तरी) मा कुखुरा तथा बङ्गुर पालन (सहकारी खेती) कार्यक्रम सञ्चालन भएको छ ।<br>◆कुखुरा तथा बङ्गुर कार्यक्रममा सहकारी खेती लागु भएका जिल्लामा निम्नानुसारका कार्यक्रम सञ्चालन भएको छ -<br>- JE Vaccine १२०० डोज, Ear Notcher १५ वटा, Nipple Drinker २० थान खरिद तथा वितरण भएको ।<br>- अभिमुखिकरण गोष्ठी र तीन दिने तालिम, बङ्गुरमा १९ र कुखुरामा ५ |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | पटक सम्पन्न भएको ।<br>- कुखुराको चल्ला २,५०० र बङ्गुरको पाठापाठी ६४८ वटा वितरण भएको |
| ८३.ख | सहकारी खेतीमा आवद्ध संस्थाहरूलाई पूर्वाधार निर्माण, प्राविधिक सेवा, मल, बीऊ अनुदान तथा कृषियन्त्र लगायतका सुविधाहरू उपलब्ध गराइने । सहकारी संस्थाहरूको क्षमता बढाउन र सहकारीलाई अभियानकोरूपमा सञ्चालन गर्न सहकारी बोर्डमार्फत राष्ट्रिय सहकारी महासंघलाई अनुदान दिने व्यवस्था मिलाइएको । | ◆ आवश्यकताअनुसारको अनुदान उपलब्ध गराइएको ।<br>◆ सहकारी संघ संस्थाहरूको क्षमता विकासका लागि विनियोजित रु. ४५ लाख १० वटा संघ संस्थाहरूका लागि बाँडफाँड भई केन्द्रीय संघहरूबाट पेश भएको कार्य प्रगतिको आधारमा शत प्रतिशत निकासा भएको । |
| ८४.क | सहकारी-निजी साझेदारीमा जुम्ला, काठमाडौँ, भरतपुर, ढल्केवर, हरिऔन र बुटवलमा खाद्यान्न, फलफूल तथा तरकारी सङ्कलन केन्द्र तथा थोक बजार निर्माण गरिनेछ; काठमाडौँ महानगरपालिका र अन्य नगरपालिकाहरूमा व्यवस्थित तरकारी बजारको निर्माण तथा सुधार गरिनेछ । | ◆ सर्लाहीको हरिऔनमा कृषि उपज थोक बजारमा स्टल निर्माण कार्य भएको, धनुषाको ढल्केबरमा कृषि उपज थोक बजारमा कम्पाउण्डवाल र बजारसेड निर्माण कार्य भएको, चितवनको भरतपुरमा जग्गा प्राप्तिको लागि गरिएका प्रयासहरू विफल भएकाले यस आर्थिक वर्षमा कार्य सम्पन्न गर्न नसकिएको, काठमाडौँको लप्सीफेदीमा कृषि उपज सङ्कलन केन्द्र निर्माण सम्पन्न भएको, बुटवलको कृषि उपज थोक बजारस्थलमा खानेपानी व्यवस्थाको लागि डीप-बोरिङ्ग कार्य सम्पन्न भई खानेपानीको कनेक्शन जडान कार्य भएको र जुम्लाको तातोपानीमा कृषि उपज सङ्कलन केन्द्र निर्माण कार्य सम्पन्न भएको । |
| ८४.ख | काठमाडौँमा व्यवस्थित पशुवधशालाको व्यवस्था गर्न मासु व्यवसायीहरूको सहकारीलाई पुँजीगत अनुदान दिइनेछ । | ◆ काठमाडौँ महानगरपालिका क्षेत्रभित्र पशु बधशाला र मासु जाँच ऐन, २०५५ लागु गर्ने वातावरण बनाउन काठमाण्डौं महानगरपालिका जनस्वास्थ्य तथा सामाजिक विभागको प्रमुखको संयोजकत्वमा, उपभोक्ता, मासु व्यवसायिका प्रतिनिधि र भेटेरेनरी जनस्वास्थ्य, कार्यालय (पशु सेवा विभाग) रहेको कमिटी कार्यरत रहेको छ ।<br>◆ यस प्रयोजनका लागि यस आर्थिक वर्षमा “श्री मासु व्यवसायी उत्थान सहकारी संस्था लि.” डिभिजन सहकारी कार्यालय काठमाडौँमा दर्ता भएको ।<br>◆ मासु व्यवसायीहरूको सहकारी संस्थासङ्गको सहकार्यमा पशु बधशाला/बधस्थल निर्माण गर्नको लागि कार्यविधि तयार भएको ।<br>◆ बधस्थल निर्माणका लागि तदर्थ समितिबाट सम्भाब्य सार्वजनिक स्थानको खोजी गर्ने कार्य भइरहेको । |
| ८५ | कृषकको माग अनुसारका आधुनिक एवं अनुशरणित अनुसन्धान गर्न नेपाल कृषि अनुसन्धान परिषद्लाई सुदृढीकरण गरिनेछ । मौसम परिवर्तनबाट कृषि उत्पादनमा पर्न सक्ने प्रतिकुल प्रभाव न्यूनीकरण गर्न वातावरण अनुकुलको कृषि प्रणालीको अनुसन्धानमा जोड दिईनेछ । | ◆ संरचना सुधारका लागि नार्कअन्तर्गतका विभिन्न अनुसन्धान केन्द्र, फार्म तथा महाशाखाहरूबाट सुझाव एवं प्रतिक्रिया सङ्कलन गरी संग्रहित गर्ने कार्य भएको ।<br>◆ जीन बैङ्क भवन निर्माण सम्पन्न भई सो भवनमा यस वर्ष निम्न कार्य भएको -<br>- अल्पकालीन संरक्षण कक्ष, चिस्यान न्यूनीकरण कक्षको लागि Refrigeration तथा चिस्यान न्यूनीकरणसम्बन्धी उपकरण जडान भएको ।<br>- दीर्घकालीन संरक्षण कक्षको लागि १० वटा डिपफ्रिजर खरिद तथा जडान |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | भएको । <br><br> - बीऊ परीक्षण तथा प्रशोधन प्रयोगशालाका उपकरणहरू खरिद तथा जडान भएको । <br><br> ◆ अभिलेख कक्षको लागि कम्प्युटरहरू, अफिस सञ्चालनको लागि आवश्यक उपकरणहरू जाँच गरी जीन बैङ्क सञ्चालन गर्ने तयारी भइरहेको । <br> ◆ नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत हालसम्म निम्न परिमाणका स्रोत बीऊ उत्पादन भएको छ - <br> ◆ धान- ३११.२२ मेट्रिक टन, मकै- ५४.५४ मेट्रिक टन, गहुँ- १२१.०१ मेट्रिक टन, आलु- ११.३१ मे.ट र अन्य- २१७.४५४ मेट्रिक टन गरी जम्मा ७१५.५३५ मेट्रिक टन <br> ◆ वातावरणअनूकुल कृषिप्रणालीको अध्ययनको लागि ४ किसिमका निम्न आयोजनाहरू चालु अवस्थामा रहेका छन्: <br> - Study of Crop Aadaptation in Changing Climate Environment (3 Activities)- विभिन्न अवस्थामा लगाइएको गहुँको परीक्षण पूरा भएको । माटो नमूना जाँच पूरा भएको, नल र दानाको कार्वोन र नाइट्रोजन जाँच्ने काम पूरा भइसकेको, आकासे भरमा खेती गर्दा गोवर मल राखेको प्लटमा २९.८ प्रतिशत उत्पादन बढी भएको । <br><br> - Estimation of green house gas and assessment of mitigation option from different cropping pattern (3 activities)- विभिन्न परीक्षणहरू तथा कृषकका खेतवारीबाट $CO_2$ उत्सर्जन तथ्याङ्क सङ्कलन र Estimation कार्य पूरा भएको । <br><br> - Study on climate, climate variability and soil database on crop productivity (3 activities) - नेपालको विभिन्न ठाउँको माटो तथा जलवायुको तथ्याङ्कन गरी model analysis प्रयोजनको लागि कम्प्यूटरमा लगत तयार गरेको । <br><br> - Effects of climate change on agriculture commodity (3 activities)- फिल्ड सर्मेक्षणको कार्य पुरा भई सर्भेक्षणबाट प्राप्त तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन लेखन कार्य भइरहेको । |
| ८६ | तराईका जिल्लाहरूमा अभियानको रूपमा माछा उत्पादन गर्न किसानहरूलाई प्रोत्साहन गरिनेछ । सरकारी स्वामित्वमा रहेका माछा फार्महरू क्रमश: किसानहरूको समूहलाई हस्तान्तरण गरिनेछ । माछा उत्पादन गर्न सघाउ पुऱ्याउन करिब १२ करोड माछाका भूरा उत्पादन गरी वितरण गरिनेछ। काठमाडौं उपत्यकाभित्र सहकारी संस्थाले स्थापना गर्ने कोल्ड स्टोरेज सुविधा | ◆ तराईका ६ जिल्ला (बारा, चितवन, रूपन्देही, बर्दिया, पर्सा र नवलपरासी) मा सञ्चालन भएको माछा अभियान कार्यक्रमको प्रगति निम्नानुसार रहेको छ- <br> - समूह गठन ९, माछा पोखरी निर्माण ६० हेक्टर, पोखरी सुदृढीकरण ३५ हेक्टर, अनुगमन ३६ पटक, बैठक सञ्चालन २१ पटक, अन्तरक्रिया कार्यक्रम १ पटक, घुम्ती स्थलगत तालिम ६ पटक, सेवा केन्द्रस्तरीय तालिम १२, जिल्लास्तरीय कृषक तालिम १२ पटक । <br><br> ◆ काठमाडौं उपत्यकामा कोल्ड स्टोरेज सुविधासहितको आधुनिक माछा बजार पूर्वाधार विकासको मापदण्ड तयार गरी निर्धारित मापदण्डअनुसारको बजार |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | सहितको आधुनिक माछा बजारको पूर्वाधार विकासको लागि पुँजीगत अनुदान उपलब्ध गराइनेछ । | पूर्वाधारलाई पुँजीगत अनुदान उपलब्ध गराउने कार्यविधि स्वीकृत भई ४ वटा प्रस्तावहरू प्राप्त भई ती प्रस्तावहरूको प्राविधिक निरीक्षण गर्दा उपयुक्त देखिएनन् ।<br>◆ आगामी आर्थिक वर्षमा स्थानीय निकायहरूले जग्गा उपलब्ध गराउने नीति सहितको व्यवस्था मिलाउन उपयुक्त हुने सुझाव प्राप्त भएको । |
| ८७ | तराई–मधेश, मध्यपहाडी र उच्चपहाडी भेगका २७ जिल्लामा सञ्चालनमा रहेका विशेष पशुपालन कार्यक्रमलाई निरन्तरता दिने । | ◆ २७ जिल्लामा पशु उत्पादन वृद्धिका लागि ९२ वटा वस्तुगत पकेटहरूमा प्याकेज कार्यक्रम सञ्चालन भइरहेको छ । हालसम्म ती जिल्लाहरूमा सञ्चालन भएको कार्य प्रगति निम्नानुसार रहेको छ -<br>- प्याकेज कार्यक्रम अन्तर्गत ६१४ वटा बोका वितरण, ४६३२ बाखा वितरण, १०५ वटा भाले बङ्गुर वितरण, २१ वटा साढे वितरण, ४६ हजार चल्ला वितरण, १६११ खोर तथा गोठ सुधार भएको, १०१ स्थानमा घाँसको स्रोत केन्द्र स्थापना भएको<br>- ६० जवान पाराभेट्सको ३ हप्ते तालिम, २० पारा भेट्सहरूलाई पुनर्ताजगी तालिम सम्पन्न ।<br>- सघन पशु बिकास कार्यक्रम र बजारीकरण गरी ७ जिल्लामा १६ प्रजनन् केन्द्र स्थापना भई पशु नश्ल सुधार भइरहेको ।<br>- प्यूठान, दाङ, तनहुँ, नवलपरासी, अर्घाखाँची, गुल्मी र बाग्लुङ्ग जिल्लामा बाखा स्रोत केन्द्र स्थापना भई कार्य सञ्चालन भएको ।<br>- सघन पशु विकास कार्यक्रम सञ्चालन भएको पेकट कार्यक्रम अन्तर्गत गठित समुदायमा पशु धन सुरक्षण कार्यक्रम सञ्चालन भईरहेको ।<br>- १,१२१ हेक्टर जग्गामा घाँसे खेती ।<br>- मासु पसल सुधार २४ वटा र साना बधस्थल ९ वटा र पशु हाट बजार ६ वटा सुधार भएको । |
| ८८ | बर्डफ्लु, स्वाइनफ्लु तथा अन्य (ट्रान्स बाउण्ड्री) पशु जन्य रोगहरू रोकथाम/नियन्त्रण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । | ◆ स्वाइन फ्लू सर्भिलेन्स (बङ्गुरहरूमा) सम्बन्धी कार्यविधि निर्माण भई स्वीकृतीको क्रममा रहेको ।<br>◆ ग्रामिण कुखुरा सर्भिलेन्स १२३२३ पटक गरिएको ।<br>◆ व्यावसायीक कुखुरा सर्भिलेन्स १३,००६ पटक भएको ।<br>◆ पि.पि.आर. भ्याक्सीन उत्पादन २४१७.८ हजार मात्रा भएको ।<br>◆ यस वर्ष कास्की,बाँके,चितवन, रूपन्देह, दाङ, कैलाली, नवलपरासीमा बर्ड फ्लूको संक्रमण देखिएकोमा नियन्त्रण गर्ने कार्य भएको । |
| १९७ | सुकुम्वासी, गरिबीको रेखामुनी रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्न सार्वजनिक वितरण प्रणालीलाई प्रभावकारी बनाउन सहकारी पसलको व्यवस्थामा पुनरावलोकन गरी सञ्चालन अनुदानका अतिरिक्त आपूर्ति | ◆ सुपथ मूल्यका पसल सञ्चालन कार्यविधि परिमार्जनको लागि सहकारी नियमावली संशोधन भैसकेको छ । गत वर्ष अनुदान उपलब्ध गराएका ३२६० पसलहरूको अनुगमन गर्ने कार्य भइरहेको । यस वर्ष अनुदान उपलब्ध गराउनको लागि मिति २०६६।११।१९ गते गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित भएकोमा सुपथ मूल्य सहकारी सञ्चालनको प्रस्ताव सङ्कलन र मूल्याङ्कन गरी ३१२ संस्थाहरूलाई पसल सञ्चालनको लागि ३ करोड १२ लाख रकम जिल्लाहरूलाई निकासा भई अनुदान वितरणको काम |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | प्रणालीमा सुधार ल्याईने । | भएको । |
| १९९ | उच्चपहाडी जिल्लामा कृषि उत्पादनलाई बढावा दिई परनिर्भरताको अन्त्य गर्न आगामी आर्थिक वर्षदेखि कर्णाली अञ्चलका सबै जिल्ला, मुस्ताङ्ग तथा उपल्लो मनाङ्ग र सोलुखुम्बुको स्याउ, सिमी क्रमश: नेपालगञ्ज, पोखरा र विराटनगरसम्म ल्याउँदाको ढुवानी लागत नेपाल सरकारले बेहोर्ने । कृषकका सहकारी संस्थाहरूले स्थानीय उत्पादन खरिद गरी ढुवानी र बजारीकरणको व्यवस्था मिलाएमा यस्तो अनुदान सम्बन्धित कृषि विकास कार्यालयमार्फत सहकारी संस्थालाई उपलब्ध गराईने । | ◆ उच्च पहाडी जिल्लाका स्याउ र सिमीको खरीद, ढुवानी र बजारीकरणमा अनुदान उपलब्ध गराउने कार्यका लागि मौजूदा कार्यविधि परिमार्जन भएको । |

### ३.६ गृह मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ४९ | सुदूर तथा मध्यपश्चिम र कोशी बाढिपीडितको राहत, जग्गा विकास र पुनर्स्थापना सम्पन्न गर्न एवं प्रकृतिक प्रकोप हुने बित्तिकै तत्काल राहत तथा बचाउ कार्यक्रम सञ्चालन गर्ने । | ◆ सुदूर तथा मध्यपश्चिमका १,५५० घर परिवारहरूलाई पुनर्वासको व्यवस्था गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयको कार्यक्रमभित्र पारी कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा पठाइएको ।<br>◆ २०६६।६।१८ देखि २०६६।६।२१ गतेसम्म सुदूरपश्चिम तथा मध्यपश्चिम क्षेत्रमा परेको अविरल वर्षाको कारण त्यस क्षेत्रका बाढी/पहिरोपीडित परिवारलाई खाद्यान्न (नुन र चामल) वितरण गर्ने, आवश्यक गाउँ विकास समितिमा स्वास्थ्य शिविर सञ्चालन गर्ने र खानेपानी वितरण सरसफाइ कार्यक्रमसमेत सञ्चालन गर्ने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६६।६।२१ मा रु. १५ करोडको थप राहत प्याकेज स्वीकृत भई अर्थ मन्त्रालयबाट रु. १० करोड प्राप्त भएको । प्राप्त रकममध्ये रु. ७,६०,००,०००।-स्वीकृत प्याकेज बमोजिम खर्च गर्न सम्बन्धित निकाय र जिल्लाहरूमा पठाइएको ।<br>◆ सप्तकोशी बाढीपीडितहरूका लागि स्वीकृत राहत तथा पुनर्स्थापना कार्यक्रमअन्तर्गत घर क्षतिपूर्ति, जग्गाको क्षतिपूर्ति, बाली क्षतिपूर्ति, सुकुम्बासी जग्गा खरिद र मृतक क्षतिपूर्तिवापत अर्थ मन्त्रालयबाट निकासा भएको रु १,१०,४२,००,०००।- जिल्ला प्रशासन कार्यालय, सुनसरीमा पठाइएको ।<br>◆ विविध कारणले मुलुकका विभिन्न जिल्लाहरूमा विपद्का घटनाहरू घट्ने वितिकै उद्धार र राहत वितरणको लागि केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट आवश्यकताअनुसार ७५ वटै जिल्ला प्रशासन कार्यालयहरूमा पठाइएको रकम र अन्य उद्धार कार्यमा केन्द्रीयस्तरबाट भएको समेत गरी रु. ५,३२,३४,२९०।- खर्च भएको ।<br>◆ मनसुन पूर्वतयारी राष्ट्रिय कार्यशाला सम्पन्न गरी कार्यशालाबाट प्राप्त विभिन्न सुझावहरूलाई केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट अनुमोदन गरी ७५ वटै |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | जिल्लामा कार्यान्वयनको लागि पठाइएको । |
| ५० | सबै नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचयपत्रको रूपमा निर्वाचनमासमेत प्रयोग गर्न सकिने गरी फोटोसहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ । वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरू पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैङ्कबाट रकम निकाल्न सकिने व्यवस्था गरिनेछ । यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिनेछ । | ◆ नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने उद्देश्यले केन्द्रीय निकायकारूपमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भई कार्यारम्भ भएको । |
| ५१ | "शान्ति सुरक्षाःजनताको अपेक्षा" को भावनालाई मूर्तरूप दिन सुरक्षा प्रणालीलाई सवल, सक्षम र प्रभावकारी बनाई दण्डहीनताको अन्त्य गरिनेछ ।<br>गम्भीर प्रकृति र सङ्गठित अपराधहरूको अनुसन्धान र विश्लेषण गर्न एउटा छुट्टै ब्यूरोको स्थापना गरिनेछ । समाजमा हुने अपराधको दरलाई न्यून गरी राज्यप्रतिको जनताको भरोसा वृद्धि गरिनेछ । | ◆ शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहिनताको अन्त्य तथा मानव अधिकारको रक्षाका लागि विशेष सुरक्षा कार्यक्रम, २०६६ अन्तर्गत ५ वटा कार्ययोजना निर्माण गरी मुलुकभर लागू गरिएको ।<br>◆ अपहरण तथा गम्भीर प्रकृतिका सङ्गठित अपराध नियन्त्रण कार्ययोजना, २०६६ लागू भई अपराध नियन्त्रणतर्फ सक्रिय रहेको । अपराध अनुसन्धान तथा विश्लेषण गर्न नेपाल प्रहरीमा अनुसन्धान ब्यूरो गठन गर्ने कार्य सम्पन्न भएको । |
| ५२ | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका-हरूमा शान्तिसुरक्षालाई प्रभावकारी तथा सुदृढ बनाउन नेपाल प्रहरीको सहयोगमा सम्बन्धित नगरपालिकाहरूले बैङ्क तथा वित्तीय संस्था, होटल, लज र रेष्टुरेन्टहरूको स्थापनाको लागि निश्चित स्थान तोक्नु पर्ने व्यवस्था गरिनेछ । नयाँ स्थापना हुने बैङ्क, होटल, लज र रेष्टुरेण्टहरूले तोकिएका स्थानमा मात्र व्यवसाय गर्न पाउने छन् । यसभन्दा अगाडि स्थापित यस्ता प्रतिष्ठानहरूले एक वर्षभित्र तोकिएका स्थानमा आफ्नो व्यवसाय सार्नुपर्नेछ । यस्ता स्थानमा विद्युतीय माध्यमबाट सघन सुरक्षा व्यवस्था मिलाइनेछ । यसरी नै औद्योगिक सुरक्षाको निम्ति आवश्यक व्यवस्था गरिनेछ । | ◆ वित्तिय संस्था, बैंक, होटल, लज र रेष्टुरेण्टहरूलाई सम्बन्धित महानगरपालिका उपमहानगरपालिका/ नगरपालिकाहरूको सुरक्षित स्थानमा राखी व्यवसाय गर्ने सम्बन्धमा सम्बन्धित सरोकारवालाहरू, स्थानीय निकाय, राजनैतिक दल र नागरिक समाजका सदस्यहरूसँग बृहत छलफल, अन्तरक्रिया गरी स्थान छनौट गर्न र उपयुक्त स्थानमा सार्न आवश्यक पहल भइरहेको ।तर कुनै ठोस प्रगति हासिल भएको छैन<br>◆ राष्ट्रिय औद्योगिक सुरक्षा बलको स्थापनासम्बन्धी अवधारणापत्र तयार गरी मन्त्रिपरिषद्मा पेश गरिएको । |
| ५३ | बन्दी गृहहरूलाई सुधार गृहमा रूपान्तरण गर्न र भौतिक पूर्वाधार सुधार गर्ने | ◆ कारागारमा रहेका कैदीबन्दीहरूको आचरणमा सुधार गर्न नेपाल वार एशोसियसनलगायत विभिन्न संघ संस्थालाई कारागारहरूमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न र तालिम दिन अनुमति दिइएको ।<br>◆ कारागार विभाग र अन्तर्गतका कार्यालयहरूमा NetWorking को लागि |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | Website तथा इमेल सञ्चालनमा आएको ।<br>◆ मकवानपुरको भिमफेदीमा र सुनसरीको झुम्कामा कारागार भवन निर्माण गर्ने काम भइरहेको ।<br>◆ विभिन्न ६० वटा कारागारमा कारागार भवन मर्मत सम्भारको लागि बजेट निकासा गरी मर्मत सम्भारको कार्य प्रक्रियामा रहेको । |
| ६३ | दलित र गैरदलितबीचको अन्तरजातिय बिवाहलाई समाजले अझै पनि तिरस्कार गर्दछ र यस्ता जोडीका प्रारम्भिक दिन कठिन हुन्छन् । सरकारले यस्तो बिवाहलाई प्रोत्साहन गर्न जिल्ला प्रशासन कार्यालयमा बिवाह दर्ता भएको तीस दिनभित्र बरबधुलाई प्रोत्साहन स्वरूप रु. १ लाख अनुदान उपलब्ध गराउनेछ । | ◆ यस सम्बन्धी कार्यविधि तयार भई कार्यान्वयनमा आइसकेको । यस्तो विवाह गरी प्रोत्साहन अनुदान प्राप्त गर्ने जोडीको संख्या र रकमको विवरण पुरै संकलन गर्न बांकी रहेको । |
| १२७ | आफ्नो मागको सुनुवाईको लागि राष्ट्रिय लोकमार्ग, सहायक मार्ग वा सार्वजनिक स्थलमा अवरोध गरी आर्थिक क्षति पुऱ्याउनेहरूबाट क्षतिपूर्ति गराउने कानूनी व्यवस्था गरिनेछ । कार्यक्रमलाई मर्यादित वनाउन साङ्केतिक विरोधका कार्यक्रम विरोध सभा, कालो पट्टी, मागको प्रस्तुति, आंशिक समयको धर्ना र वहस जस्ता कार्यक्रमहरू तोकिएको स्थानमा मात्र गर्न पाइने व्यवस्था गरिनेछ । | ◆ सार्वजनिक सेवा तथा सडक अवरोध नियन्त्रण कार्ययोजना २०६६ समेत लागू भइसकेको । साङ्केतिक विरोध जुलुस धर्ना जस्ता कार्यक्रम तोकिएको स्थानमा मात्र गर्न दिने व्यवस्था मिलाउन स्थानीय प्रशासनलाई निर्देशन दिइएको । राजमार्ग वा सार्वजनिक स्थानमा तोडफोड आगजनी इत्यादि गरी क्षति पुऱ्याउनेबाट स्थानीय प्रशासन ऐन अनुसार क्षतिपूर्ति भराउने कानूनी व्यवस्था भइसकेको हुँदा सो बमोजिम जिल्लाहरूबाट कारवाही भइरहेको छ । |
| १३१ | लोकमार्गहरूमा राखिएका ढाटहरूले व्यवसायिक लागत बढाई अन्तत्वोगत्वा मूल्य वृद्धिको मारमा उपभोक्ताहरू पर्ने हुँदा लोकमार्गहरूमा कुनै पनि निकायले ढाट वा अवरोध राख्न नपाइने व्यवस्था कडाईकासाथ लागू गरिनेछ । सुरक्षा निकायहरूले पनि स्थायी ढाट राख्न पाउने छैनन् । सुरक्षा संवेदनशील स्थानमा विद्युतीय निगरानी गरिएको । स्थानीय निकायहरूले ढाट राखी उठाउने गरेको कवाडी करको व्यवस्था खारेज गरेको छु । यसबाट जिल्ला विकास समितिहरूलाई हुन सक्ने राजस्वमा हुने कमीलाई पूर्ति गर्न अनुदानमा वृद्धि गरिएको । | ◆ लोक मार्गहरूमा सुरक्षा निकायहरूबाट स्थायीरूपमा ढाट राखी चेक जाँच गर्ने कार्य बन्द गरिएको । |

## ३.७ भौतिक योजना तथा निर्माण मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १४३ | अझैपनि सडक सुविधा नपुगेका ६ जिल्ला सदरमुकामहरूमध्ये सोलुखुम्बु, मनाङ्ग, मुगु र बाजुरा सदरमुकाममा आगामी आर्थिक वर्षभित्र सडक पुऱ्याइनेछ । बाँकी रहेका हुम्ला र डोल्पा सदरमुकाममा जतिसक्यो चाँडो सडक सुविधा पुऱ्याउने गरी निर्माण कार्यलाई तीव्रता दिइने । | ◈सोलुखुम्बु जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण एवं स्तरोन्नतिको क्रममा सदरमुकाम सल्लेरीसम्म ट्र्याक खुलेको ।<br>◈मनाङ्ग जिल्ला सदरमुकाम जोड्ने सडक नेपाली सेनामार्फत निर्माण कार्य भइरहेको ।<br>◈मुगु जिल्लाको सदरमुकाम जोड्ने सडक निर्माण कार्य नेपाली सेनामार्फत १० किलोमीटर ट्र्याक खुलेको ।<br>◈साफेबगर-मार्तडी सडक निर्माण कार्यको बाजुरा जिल्ला सदरमुकामसम्म ट्र्याक खोल्ने गरी काम पुरा भएको ।<br>◈कर्णाली करीडोरको खुलालु-लैफु सडक निर्माण कार्यको लागि विष्फोटक पदार्थ उपलब्ध गर्ने कार्य भइरहेको ।<br>◈जाजरकोट-दुनै सडक निर्माण कार्य नेपाली सेनाद्वारा ७ किलोमीटर ट्र्याक खुलाइएको । |
| १४४ | काठमाण्डौ उपत्यकालाई तराई मधेशसंग जोड्ने वैकल्पिक मार्गको रुपमा काठमाण्डौ-निजगढ द्रुतमार्ग निर्माण गर्ने । | ◈**EOI** पुनः आव्ह्वानको लागी प्रोजेक्ट ब्रिफ तयार गरी बाँकी डकुमेन्टसहरू पनि तयार गर्ने कार्य अन्तिम अवस्थामा रहेको ।<br>◈जग्गा अधिकरण र पुनःस्थापना कार्यको साथै आवश्यक सिमाङ्कन कार्यहरू गरिएको ।<br>◈मकवानपुर जिल्लामा पर्ने काठमाण्डौ निजगढ **Main Component** मा परेका ठिङ्गन, आमभञ्ज्याङ्ग, हटिया, फापरबारी गाउँ विकास समितिहरूका जग्गा अधिकरण गर्नको लागि जिल्ला प्रशासन कार्यालयमार्फत सूचना प्रकाशित गरिसकिएको ।<br>◈मकवानपुर जिल्लाअन्तर्गत **Main Component** मा पर्ने गाउँ विकास समितिहरूको जग्गा अधिकरणवापत मुआब्जा वितरण गर्नको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई रु.४ करोड ६० लाख उपलब्ध गराइएको ।<br>◈सडक रेखाङ्कनामा परेका सम्पूर्ण गाउँ विकास समितिहरूमध्ये खोकना गाउँ विकास समितिबाट मात्र सहमति प्राप्त नभएको कारण वातावरण मन्त्रालयवाट **EIA** स्वीकृत नभएको अवस्था रहेको छ । |
| १४५ | हुलाकी राजमार्गअन्तर्गत पूर्वको झापादेखि पश्चिमको कञ्चनपुरसम्म तराई-मधेशका २० जिल्लाहरूमा उत्तर-दक्षिण सडक र राज-मार्गमा पर्ने पुलहरूको निर्माण एवं मूल राज-मार्ग निर्माणलाई उच्च प्राथमिकता दिने । | ◈जग्गा अधिग्रहणको लागि १६ वटा सडकको सूचना प्रकाशित कार्य भइसकेको ।<br>◈३५ वटा पुलहरूको निर्माण कार्य सुरु भएको, १४ वटा सडकहरूको **IEE** स्वीकृत भएको ।<br>◈९ वटा सडकको स्तरोन्नतिको लागि टेण्डर आव्हवान भएको । |
| १४६ | मध्यपहाडी क्षेत्रमा १,७३० किलोमीटरको पुष्पलाल लोकमार्गको निर्माण गर्न बाँकी सडक आर्थिक वर्ष २०६७/६८ भित्र सम्पन्न गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइनेछ । | ◈पुष्पलाल लोकमार्ग निर्माण एवं स्तरोन्नति कार्यअन्तर्गत १२० किलोमीटर ट्र्याक खोलिएको एवं २० किलोमीटर ग्राभेलिङ्ग भएको । |
| १४७ | उत्तरदक्षिण लोकमार्ग (कर्णाली, गण्डकी र कोशी कोरिडोर) को निर्माण गरिने । | ◈कर्णाली लोकमार्गअन्तर्गत कर्णाली करीडोरको खुलालु-लैफु सडकको १.२ किलोमीटर ट्र्याक खुलेको ।<br>◈कर्णाली लोकमार्गअन्तर्गत कर्णाली करीडोरको हिल्सा-सिमिकोट सडकखण्डको निर्माण कार्य नेपाली सेनाबाट हुने ।<br>◈कालिगण्डकी लोकमार्गअन्तर्गत कुश्मा-फलेवास-सेतीवेनी-मिर्मी |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
| --- | --- | --- |
| | | सडकखण्डको १३.५ किलोमीटर ट्र्याक खुलेको ।<br>◈कोशी लोकमार्गअन्तर्गत हिले-बसन्तपुर-खाँदवारी-किमाथाङ्का सडक ४ किलोमीटर खुलाइएको ।<br>◈मेची लोकमार्गअन्तर्गत ताप्लेजुङ्ग-ओलाङ्चुङ्गगोला सडक निर्माण कार्यको ७.६ किलोमीटर ट्र्याक खोलिएको ।<br>◈तामाकोशी करिडोरअन्तर्गत लामाबगर-फलाटे (चीनबोर्डर) सडक निर्माण कार्यको विस्तृत अध्ययनको लागि मोविलाइजेशन भइसकेको, विष्फोटक पदार्थ हालसम्म उपलब्ध हुन नसकेको । |
| १४८ | सेती लोकमार्ग (टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) को निर्माण कार्य प्रारम्भ गरिने । | ◈ ६ किलोमीटर सडक ट्र्याक खुलाइएको । |
| १४९ | सुदूर-पश्चिममा निर्माणाधीन दार्चुला-टिङ्कर सडक निर्माणलाई तीव्रता दिइने । | ◈दार्चुला-टिङ्कर सडकमा ४ किलोमीटर ट्र्याक खोलिएको, १० किलोमीटर को डिटेल सर्भे सम्पन्न भएको । |
| १५० | धरान-चतरा-गाइघाट-कटारी-सिन्धुली-हेटौंडा, स्याप्रुबेंसी-रसुवागढी, गोरखा-११ किलो-छेपेटार-वारपाक सडकहरूको निर्माणका लागि आवश्यक रकम छुट्याएको । | ◈धरान-चतरा-गाइघाट-कटारी-सिन्धुली-हेटौंडा सडकखण्डको निर्माण एवं स्तरोन्नतिअन्तर्गत ८ किलोमीटर ट्र्याक खोलिएको र १५ किलोमीटर ग्राभेलिङ्ग गरिएको ।<br>◈स्याप्रुवेसी-रसुवागढीको सडकखण्डको ट्र्याक खोल्ने कार्य पुरा भएको ।<br>◈गोरखा ११ किलो-छेपेटार-वारपाक सडक निर्माण कार्यको ७ किलोमीटर ट्र्याक खोलिएको र ४ किलोमीटर ग्राभेल भएको । |
| १५१ | फिदिम-ताप्लेजुङ्ग, वसन्तपुर-तेह्रथुम, हिलेपानी- दिक्तेल, तामाकोशी-मन्थली-खुर्कोट, ढल्केवर-जनकपुर, चन्द्रनिगाहपुर-गौर, गल्छी-स्याप्रुवेसी, भालुवाङ्ग-प्यूठान, अमेलिया-तुलसीपुर-सल्यान, चकचके-लिवाङ्ग, सुर्खेत-कालिकोट, साँफेवगर-मङ्गलसेन, खोड्पे-बझाङ्ग र बैतडी-सतबाँझ-गोकुलेश्वर सडक । | ◈सुर्खेत-कालिकोट सडकको ९३ किलोमीटर सडक खण्डमा कालोपत्रेस्तरमा स्तरोन्नति कार्य सम्पन्न भएको ।<br>◈खोड्पे-बझाङ्ग सडक स्तरोन्नतिअन्तर्गत ३९ किलोमीटर सडकखण्डमा कालोपत्रेस्तरमा स्तरोन्नति र बाँकी ग्राभेलिङ्ग कार्य सम्पन्न भएको ।<br>◈बैतडी-दार्चुला सडकको ३५ किलोमीटर सडकखण्डमा कालोपत्रेस्तरमा स्तरोन्नति कार्य सम्पन्न भएको ।<br>◈जनकपुर-ढल्केवर सडक सुदृढीकरणअन्तर्गत २२ किलोमीटर सडकखण्डमा ग्राभेल र १८ किलोमीटर कालोपत्रे गर्ने कार्य सम्पन्न भएको ।<br>◈फिदिम-ताप्लेजुङ्ग सडक स्तरोन्नति कार्यको नाली निमार्ण तथा ४ किलोमीटर कालोपत्रे गर्ने कार्य सम्पन्न भएको ।<br>◈तामाकोशी-मन्थली-खुर्कोट सडक स्तरोन्नति कार्यको १२ किलोमीटरको ग्राभेलिङ कार्य सम्पन्न भएको । |
| १५५ | अन्तरदेशीय व्यापार प्रवर्द्धन गर्न पथलैया-सुख्खाबन्दरगाह र सुनौली-परासी सडक निर्माणलाई तीव्रताका साथ सञ्चालन गरिनेछ । | ◈पथलैया-बीरगञ्ज सुख्खाबन्दरगाहसम्मको औद्योगिक कोरिडोरको स्तरोन्नति एवं सुदृढीकरण कार्यको १२ किलोमीटर सडक कालोपत्रेस्तरमा स्तरोन्नति कार्य सम्पन्न र शिर्सिया नदीमा पुलको निर्माण कार्य सम्पन्न ।<br>◈भैरहवा-सुनौली-परासी सडक स्तरोन्नति एवं सुदृढीकरण कार्यको २९ किलोमीटर सडक कालोपत्रेस्तरमा स्तरोन्नति कार्य सम्पन्न भएको । |
| १५६ | सडकको मर्मत सम्भार नियमितरूपमा हुन सकेमा सडकको आयु पनि बढ्ने र आवागमन पनि सहज हुने हुँदा आगामी वर्ष सडक मर्मतको लागि उल्लेख्य रूपमा बजेट वृद्धि गरिएको । | ◈४७६ किलोमीटर सडक मर्मत सम्भार एवं आवधिक मर्मत सम्भारको कार्य चालू रहेको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
| --- | --- | --- |
| १५७ | कोशी नदीको चतरामा तीन वर्षभित्र पुल निर्माण कार्य सम्पन्न गर्ने गरी आगामी वर्ष कार्य प्रारम्भ गरिने । | ◈जग्गा अधिग्रहण कार्य सम्पन्न भएको । |
| १५८ | सडक सञ्जालको ब्यापक विस्तार भए तापनि पुलको अभावमा सबै मौसममा आवागमन शुचारु हुन सकेकोछैन । यस्तो अवस्थामा सुधार ल्याउन आगामी वर्ष अभियानका रुपमा प्रमुख सडकहरूमा पर्ने २५ वटा पुलको निर्माण सम्पन्न गरिनेछ । तमोर, अरुण, दुधकोशी, त्रिशुली, कालीगण्डकी लगायतका पुलहरूको निर्माण सुरु गरिने । | ◈प्रमुख सडकहरूमा पर्ने तमोर, अरुण, दुधकोशी, त्रिशुली, कालीगण्डकी लगायतका ५२ वटा पुलहरूको निर्माण र २२६ पुल निर्माणको कार्य जारी रहेको । |
| १५९ | पूर्व-पश्चिम रेलमार्ग सम्भाव्यता अध्ययन र डिजाईन कार्य सम्पन्न गर्ने । | ◈मेची-महाकाली ९४८ किलोमीटर र काठमाडौं-पोखरा १८७ किलोमिटरको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको । |
| १६० | पहाडी ग्रामीण क्षेत्रका छरिएर रहेका घर परिवारलाई घनाबस्ती कार्यक्रमको माध्यमबाट विभिन्न स्थानमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरिने ।<br>आगामी आर्थिक वर्ष कालिकोट, प्यूठान, रसुवा र म्याग्दी जिल्लामा सम्भाव्यता अध्ययन गरी घनाबस्ती कार्यक्रम सञ्चालन गरिने ।। | ◈प्यूठानः १.२ किलोमीटर सडक ट्र्याक खोल्ने काम सम्पन्न भएको ।<br>◈म्याग्दीः सबै कार्य चालू रहेको ।<br>◈गुल्मीः सिमिचौरमा पोखरी मर्मत, मन्दिर नजिकै पार्क र बाटो निर्माणको कार्य सम्पन्न भएको ।<br>◈कालीकोटः काम चालू भएको ।<br>◈हुम्लाः सामुदायिक भवन निर्माणको कार्य चालू रहेको ।<br>◈रसुवा २ मीटर चौडाइको ४०० मिटर बाटो निर्माण सम्पन्न भएको । |
| १६१ | "जनता आवास कार्यक्रम" अन्तर्गत सिरहा, सप्तरी र कपिलवस्तुका डोम, मुसहर, चमार, दुसाध, खत्वे, अन्य दलितहरू र विपन्न मुसलमानलाई लक्षित गरी प्रत्येक जिल्लामा एक-एक हजार गरी तीन हजार परिवारलाई न्यून लागतमा आधुनिक आवास निर्माण गरी बसोवासको व्यवस्था गर्ने । | ◈सप्तरीः ९९९ वटा, सिराहामा ३२१ वटा र कपिलबस्तुमा १३४ वटा आवास एकाई सम्पन्न भएको । |
| १६२.क | कर्णाली, कालीगण्डकी, कोशी, वी.पी.कोईराला र पुष्पलाल लोकमार्गहरूमा पर्ने मध्यम तथा साना शहरहरूको विकासको लागि एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ । | ◈भौतिक विकास योजना तर्जुमाको लागि **TOR** एवं आवश्यक कागजात स्वीकृत भएको ।<br>◈परामर्शदाताबाट प्राप्त **RFP** प्राप्त भई मूल्याङ्कनको अन्तिम चरणमा पुगेको ।<br>◈विपि लोकमार्गः ४ वटा बाटो सुधार भएको ।<br>◈पुष्पलालमार्गः बैतडीको पाटन बजारमा ६२० मिटर सडक कालोपत्रे र ४६० मिटर नाली निर्माण भएको । |
| १६२.ख | काठमाडौं उपत्यकाको चोभार-सतुङ्गल ६.६२ किलोमीटर खण्डको जग्गा एकीकरण गरी आवास योजना बनाउन पूर्वाधारको विकास गर्ने । | ◈१४ प्रतिशतबाट सहमति प्राप्त भएको ।<br>◈साइट सर्भे गरी लागत अनुमान स्वीकृतिको लागि पेश भएको ।<br>◈एउटा साइट कार्यालय सतुङ्गलमा खोलेको ।<br>◈पाँचवटा उपभोक्ता समिति गठन भएको ।<br>◈थप सहमति प्राप्तिको लागि सर्वपक्षीय राजनैतिक व्यक्तित्व-हरूसँग अन्तरक्रियाको पहल भइरहेको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १६३ | काठमाडौँ शहरको सुन्दरता कायम राख्न, सार्वजनिक जग्गाको संरक्षण गर्न र सुरक्षा स्थिति खलवलिन नदिन उपत्यकाभित्रका नदी किनार-हरूमा बनाइएका अवैध घर टहराहरू हटाइनेछ । त्यहाँ रहेका वास्तविक सुकुम्वासीहरूको पहिचान गरी उनीहरूको उचित बसोवासको व्यवस्था मिलाइनेछ । काठमाडौँ उपत्यकाको सभ्यताको आधार र चिनारीको रूपमा रहेका वागमती, विष्णुमती, धोबीखोला, हनुमन्ते र मनोहरा नदीहरूको सरसफाई र प्रदुषण नियन्त्रण, नदीकिनारामा सडक तथा पार्क निर्माण, वृक्षरोपण, पुल संरक्षण र बाँध निर्माणसम्बन्धी कार्य वागमती सभ्यता विकास समिति, उपत्यकाका सबै जिल्ला विकास समिति र नगरपालिकाहरूको संयोजकत्वमा व्यापक जनसहभागिता जुटाई अभियानको रूपमा सञ्चालन गरिनेछ । | ◈वास्तवविक सुकुम्बासी पहिचान गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्यविधि तयार गरी मन्त्रिपरिषदमा स्वीकृतिको लागि पेश गरेको ।<br>◈वागमती नदी किनारमा रहेका ४० वटा सुकुम्बासी बस्तीको सर्वेक्षण तथा म्यापिङ गर्ने कार्यको अन्तिम प्रतिवेदन तयार भएको ।<br>◈जग्गा प्राप्तिको काम सम्पन्न भएको ।<br>◈इचङ्गुनारायण जग्गा एकीकरण आयोजनाबाट ३.२५ रोपनी जग्गा खरीद गर्ने निर्णय भएको ।<br>◈उपभोक्ता समितिमार्फत हरितक्षेत्र निर्माण भएको ।<br>◈गैरसरकारी संस्थामार्फत वास्तविक सुकुम्वासी पहिचान भइरहेको ।<br>◈शङ्खमूलघाटमा संरक्षण कार्य भइरहेको ।<br>◈सञ्चार क्षेत्रसँग सहकार्य भइरहेको, स्थानीय निकायहरूको गोष्ठी सम्पन्न भएको ।<br>◈प्रशोधन केन्द्र सूचाररूपले सञ्चालन भइरहेको ।<br>◈गणतन्त्रस्तम्भ निर्माण कार्य स्थान यकिन हुन नसकेका कारण कार्य अगाडि बढ्न नसकेको । |
| २३४ | काठमाडौँ उपत्यकाको खानेपानी आपूर्ति सूलभ गराउन सञ्चालित मेलम्ची खानेपानी आयोजना अन्तर्गतको २६.५ किलोमीटर सरूङ्ग निर्माण गर्ने मुख्य कार्यमध्ये ४.५ किलोमीटर सरूङ्ग निर्माणको लागि रु. २ अर्ब ११ करोड विनियोजन गरिएको छ । | ◈सुरुङ्ग निर्माण कार्य ३० मीटर भएको ।<br>◈लमिडाँडा मेलम्ची पुल बजार सडक १३.२ किलोमिटरको स्तरोन्नति भएको ।<br>**<u>सुरूङ्ग निर्माणमा लक्ष्यअनुसार प्रगति हुन नसक्नुका कारणहरू:</u>**<br>◈सुरूङ्ग निर्माण ठेकेदारबाट समयमै **Equipment & Explosive** को व्यवस्थापन नभई लक्ष्यअनुसार हुन नसकेको ।<br>◈आयोजना प्रभावित क्षेत्र विस्तारसम्बन्धी विभिन्न समूहबाट माग भई साइट अफिस तालाबन्दी भइरहेकोमा मिति २०६६।१०।७ मा विभिन्न छलफल समझदारीबाट खुलेको ।<br>◈मुहान क्षेत्रका ह्योल्मो समुदायबाट **ILO-169** अभिसन्धी अनुसार उक्त क्षेत्रको सम्बोधन हुनुपर्ने माग राखी मुहान क्षेत्रको कार्यमा अवरोध भइरहेको सम्बन्धमा सामाजिक उत्थान कार्यक्रमबाट धेरै मागहरू सम्बोधन भएको र नेपाल सरकारको **ILO-169** सम्बन्धी गाईडलाईन तयार भएपछि यथासक्य सम्बोधन गरिने लक्ष्य रहेको ।<br>◈स्थानीय ह्योल्मो समुदाय तथा ह्योल्मो सरोकार समितिको बोर्डमा प्रतिनिधीत्वको लागि माग भई कार्य सञ्चालनमा अवरोध भइरहेको सन्दर्भमा आवश्यक प्रक्रिया पूरा गरी विधेयक समिति, मन्त्रिपरिषदबाट स्वीकृत भएको ।<br>◈पुरानो जि.पि.एस.बिन्दुहरू पत्ता नलागेकोले जि.पि.एस. सर्वेक्षण तथा लेभलिङ्गको कार्य पुनः गर्नु परेको । |

### ३.८ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ११२ | **"पाहुनाहरुको स्वागत सत्कार नेपालीको** | ◆नेपाल पर्यटन वर्ष, २०११ को सचिवालय स्थापना भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | **संस्कार"** भन्ने अभियानका साथ दशलाख पर्यटक भित्र्याउने लक्ष्यकासाथ सन् २०११ लाई नेपाल पर्यटन वर्षको रुपमा मनाउने तयारी गरिने । यस कार्यक्रम अन्तर्गत सफल पर्यटन क्षेत्रका संघ संस्थाहरुको साझेदारीमा पर्यटकलाई आकर्षण गर्ने प्याकेजको निर्माण र त्यसको प्रचार प्रसार लगायतका कार्य गरिने । आगामी वर्ष सबै सगरमाथा आरोहीहरुसँग अन्तर्क्रिया गरिने । नेपाललाई अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सम्मेलन केन्द्रको रुपमा आकर्षित गरिने । | ◆ निम्नानुसारका प्रवर्द्धनात्मक सामग्री उत्पादन गरी वितरण गरिएकोः-<br>(क) ब्रोसर- नेपाल पर्यटन वर्षको कार्यक्रमसम्बन्धी प्रचार सामग्री ।<br>(ख) स्टीकर- नेपाल पर्यटन वर्ष, २०११ लाई सफल पारौं भन्ने व्यहोराका सामग्री ।<br>(ग) झण्डा- नेपाल पर्यटन वर्षको प्रतिकसहितको नेपालको राष्ट्रिय झण्डा बनाई वितरण ।<br>(घ) टी-सर्ट- विश्व पर्यटन दिवस तथा सगरमाथा दिवस लगायतमा नेपाल पर्यटन वर्ष, २०११ अंकित टी-सर्ट बनाई वितरण ।<br>(ङ) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको उत्पादनमा नेपाल पर्यटन वर्ष, २०११ को प्रतिक चिन्ह राख्ने व्यवस्था मिलाइएको ।<br>◆ १४ वटा अन्तर्राष्ट्रिय पर्यटन मेला (जर्मनी, बेलायत, युनाईटेड अरब इमिरेट्स, स्पेन, इटाली, थाइल्याण्ड, डेनमार्क, जापान, भारत, चीन, मलेशिया, सिङ्गापुर, निदरल्याण्ड र अमेरिका) मा सहभागिता ।<br>◆ चीन, भारत, अष्ट्रेलिया, कोरिया र बङ्गलादेश गरी ५ देशहरूमा सेल्स मिशन आयोजना भएको ।<br>◆ २०६६ फागुन १४ गते नेपाल पर्यटन वर्ष, २०११ अभियानको औपचारिक शुभारम्भ काठमाण्डौमा भएको । सो पश्चात विराटनगर, भैरहवा, पोखरा र नेपालगन्जमा समेत क्षेत्रीयस्तरमा उक्त कार्यक्रम गरिएको ।<br>◆ विश्वभरिका सगरमाथा आरोहीहरूलाई नेपाल पर्यटन वर्ष, २०११ को सद्भावना राजदूतको रूपमा तोकिएको ।<br>◆ घरवास **(Home Stay)** सम्बन्धी कार्यविधि बनाई लागू गरिएको । |
| ११३ | पर्यटक सेवा शुल्क असुली सम्बन्धमा | ◆ नेपाल पर्यटन बोर्डको नियमावलीमा संशोधन गरी हवाई टिकटमै पर्यटन सेवा शुल्क असुल गर्ने व्यवस्था भएको ।<br>◆ पदयात्री सूचना व्यवस्थापन प्रणालीअन्तर्गत मूल्य अभिवृद्धि करसहित समूहमा जाने पर्यटकलाई प्रति पर्यटक अमेरिकी डलर १० र व्यक्तिगतरूपमा जानेलाई प्रति पर्यटक अमेरिकी डलर २० शुल्क लिई नेपाल पर्यटन बोर्डबाट अनुमतिपत्र जारी गर्ने व्यवस्था मिलाइएको । साथै, नेपाल एशोसिएसन अफ ट्रेकिङ्ग एजेन्सिजबाट समेत सो कार्य गर्न बोर्डबाट जिम्मेवारी दिइएको । |
| ११४ | पर्यटकहरूको बसाई अवधि लम्ब्याउन गतिविधि विस्तार गर्ने | ◆ पर्यटन पूर्वाधार विकास आयोजनामार्फत अध्ययन कार्य सम्पन्न भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ११५ | तराई-मधेशमा विराट क्षेत्र, विदेह क्षेत्र, सहलेस क्षेत्र, सिम्रौन क्षेत्र, लुम्बिनी क्षेत्र, कर्णाली तथा चिसापानी पर्यटकीय क्षेत्र विकास, पाथिभरा, बराह क्षेत्र, पशुपतिनाथ, मनकामना, मुक्तिनाथ, स्वर्गद्वारी र मालिकार्जुनलाई सातधामको रूपमा प्रवर्द्धन गरिने, यात्री निवास बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिने । मुक्तिनाथ क्षेत्र र दामोदर कुण्डको विकास, मुक्तिनाथ क्षेत्रमा केवलकार सम्भाव्यता अध्ययन, लुम्बिनीको भौतिक पूर्वाधार विकासमा जोड । | ◆ ७ वटा पर्यटन प्रवर्द्धन विकास समितिहरूको गठन भई समितिहरू अन्तर्गत स्वीकृत पर्यटन पूर्वाधार विकासका कार्यक्रमहरू कार्यान्वयन गरिएको ।<br>◆ नेपाल पर्यटन बोर्डमार्फत सामग्री उत्पादन तथा प्रचार-प्रसारको कार्यअर्न्तगत जनकपुर थप गरी ८ धामहरूको वृत्तचित्र र अन्य प्रवर्द्धनात्मक सामग्री तयार गरिएको ।<br>◆ बराहक्षेत्र, रेसुङ्गा पोखरीक्षेत्रमा निर्माण कार्य सम्पन्न, गोसाईकुण्ड, त्रिवेणी र छान्नामा निर्माण कार्य चालु रहेको ।<br>◆ मुक्तिनाथ र दामोदरकुण्ड क्षेत्रको स्थलगत अध्ययन, लागत अनुमान र बोलपत्र आव्हानपश्चात निर्माण व्यवसायीसँग सम्झौता गरी निर्माण कार्य चालु रहेको ।<br>◆ मुक्तिनाथ क्षेत्रमा सम्भाव्यता अध्ययन भई अन्तिम प्रतिवेदन प्राप्त भएको |
| ११६ | ताल, तलैयाहरूको संरक्षण र प्रवर्द्धन | ◆ तालतलैयाहरूको संरक्षण विकासका लागि रणनीतिक योजना तयार भएको । |
| ११७ | खप्तड क्षेत्रको पर्यटकीय पूर्वाधार विकास | ◆ स्वीकृत कार्यक्रम अनुसारका कार्यक्रमहरू लागत अनुमान तयार,केही कायक्रमहरूको निर्माण कार्यकोसम्झौता भएकोमा समिति अर्न्तगतका कार्यक्रमहरूमा अनियमितता भएको भन्ने प्राप्त उजुरीको आधारमा मन्त्रालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सो समितिको खाता रोक्का भएकोले वित्तिय प्रगति जम्मा २४.५१ प्रतिशत मात्र भएको |
| ११८ | कलागाउँको विकास र सुखानी क्षेत्रको पर्यटकीय विकास | ◆ होमस्टेको अध्ययन कार्यक्रमअर्न्तगत १० वटा गाउँहरूको अध्ययन प्रतिवेदन तयार भईसकेको छ । १० गाउँहरू मध्ये ५ गाउँको अध्ययन प्रतिवेदनलाई कला गाउँ र ५ गाउँको अध्ययन प्रतिवेदनलाई होमस्टे अध्ययनको रूपमा परिस्कृत गरी एकीकृत गर्ने कार्य भइरहेको ।<br>◆ सुखानी क्षेत्रमा पर्यटकीय पूर्वाधार विकासअन्तर्गत उपभोक्ता समितिमार्फत र ठेक्का प्रक्रिया अर्न्तगत पर्यटकीय पूर्वाधार विकासको कार्य गरिएको । |
| ११९ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुदृढीकरण | ◆ राडार जडानको लागि विज्ञ नियुक्त गर्न अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनसँग सम्झौता गर्ने कार्य पुरा भएको । **Overlay** गर्ने कार्य चालू रहेको । विमानस्थलको धावनमार्ग विस्तार तथा सुधार गर्ने कार्य परामर्शदाताबाट भइरहेको । |
| १२० | क. दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण<br>ख. लुम्बिनी र पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण<br>ग. विमानस्थलहरूको स्तरोन्नती तथा क्षमता विस्तार । | ◆ दोस्रो अन्तरराष्ट्रिय विमानस्थल निर्माणको विस्तृत सम्भाव्यता अध्ययन गर्न कोरीयन कम्पनी **LMW** सँग सम्झौता सम्पन्न भई कार्य भइरहेको ।<br>◆ क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा गौतमबुद्ध विमानस्थलको जग्गा अधिग्रहणको लागि मुआब्जा निर्धारण भएको । पोखरामा नयां विमानस्थलको धावनमार्ग र स्ट्रीप एरिया ग्रेडिङ्ग गर्ने, फेन्स गर्ने कार्य र आयोजनाको साइट अफिस निर्माण कार्य पुरा भएको । साथै, गौतम बुद्ध विमानस्थल सुधार गर्न व्यवस्थापन परामर्शदाता सूचिकृत गर्नको लागि सूचना प्रकाशित भइसकेको । |
| १२१ग | **विमानस्थलहरूको स्तरोन्नति तथा क्षमता विस्तार**<br>कर्णाली अञ्चलका विमानस्थलहरूको स्तरोन्नति, सिमरा र धनगढी विमानस्थलाई रात्री उडान र अवतरणयोग्य बनाइने । | ◆ रारा मुगु (६0% ), डोल्पा मसिनेचौर (६0% ) र डोल्पा जुफालको धावनमार्ग विस्तार तथा सुधार (६0%) तथा जग्गा अधिग्रहण कार्य (१00%),कालिकोट विमानस्थल (६० % ) सम्पन्न भएको ।<br>◆ सिमरा विमानस्थलमा धावनमार्ग, ट्याक्सी-वे तथा एप्रोन विस्तार कार्य सम्पन्न भएको तथा विमानस्थलमा एअर फिल्डलाइट जडान गर्ने कार्यको बोलपत्र |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | राजविराज, जनकपुर विमानस्थलको स्तरोन्नति, धनगढी विमानस्थलको विस्तार । | स्वीकृतीको अन्तिम चरणमा पुगेको । धनगढी विमानस्थलमा टर्मिनल तथा टावर भवन निर्माण कार्य सुरु भई ६० प्रतिशत कार्य सम्पन्न र एअर फिल्ड लाइटिङ जडानको लागि बोलपत्र स्वीकृतिको अन्तिम चरणमा<br>◆ राजविराज विमानस्थलमा धावनमार्ग सुधार तथा फेन्स निर्माण कार्य ७५ प्रतिशत सम्पन्न तथा जग्गा अधिग्रहण कार्य सुरु भई ३० प्रतिशत कार्य सम्पन्न भएको । |

## ३.९ भूमिसुधार तथा व्यवस्था मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ९६ | उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोगलाई राजनैतिक सहमतीको आधारमा पूर्णता दिइनेछ । कृषिको उत्पादकत्व वृद्धि र व्यवसायिकरणका लागि विगतका आयोगहरूले दिएको तथा वर्तमान आयोगले दिने सिफारिशहरूको आधारमा भूमि व्यवस्थापन, वितरण तथा उत्पादकत्व वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिने | ◆ वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरिय आयोगले अन्तिम प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरेको । |
| ९७ | सार्वजनिक तथा सरकारी जग्गाको अभिलेख तयार भइसकेकोले यस्ता जग्गाको संरक्षण र उपयोगको कार्ययोजना बनाई कार्यान्वयन गरिने | ◆ सार्वजनिक तथा सरकारी जग्गाको संरक्षणको लागि भूमिसुधार सचिवको अध्यक्षतामा समिति गठन भएको । |
| ९८ | वर्तमान जग्गा वर्गीकरण व्यवस्थालाई परिवर्तन गरी आवासीय, कृषि, उद्योग, व्यवसाय, वन र सार्वजनिक वर्गीकरण अन्तर्गत जग्गा दर्ता गर्ने व्यवस्था गरिने । दीर्घकालीन खाद्य सुरुक्षाका लागि कृषिकोरूपमा दर्ता हुने जमिनलाई अन्य कुनै पनि काममा प्रयोग गर्न बन्देज लगाइने, कृषिको रूपमा दर्ता भएको जग्गा लगातार दुई वर्ष बाँझो राखेमा सरकारले त्यस्ता जमिन जफत गर्न सक्ने कानुन ल्याइने, जिल्ला तथा गाउँ विकास समितीहरूबाट सुरु भएको भू-उपयोगको नक्सा तयार गर्ने कार्यलाई निरन्तरता दिईने | ◆ घर जग्गा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क र भूमिसम्बन्धी अन्य विषयमा सुझाव पेश गर्न नापी विभागका महानिर्देशक संयोजक र अर्थ मन्त्रालय, कानून मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सह-सचिवहरू रहेको समितिले दिएको प्रतिवेदन अध्ययन भइरहेको ।<br>◆ २५ जिल्ला र ६ गाउँ विकास समितिको डाटा/नक्सा तयार गर्ने कार्य सम्पन्न भएको । |
| ९९ | आगामी वर्ष ३० वटा थपसमेत गरी ६८ वटा मालपोत कार्यालयको जग्गा सम्बन्धी सम्पूर्ण अभिलेख कम्प्यूटरमा राखिने र कम्प्यूटर प्रणालीवाट जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराइने । | ◆ ३० वटा मालपोत कार्यालयको ८३,७१,६४४ कित्ता श्रेस्ता प्रविष्ट भएको<br>◆ ३० वटा मालपोत कार्यालयको ५,५१,३६७ कित्ता रोक्काको विवरण प्रविष्ट भएको ।<br>◆ २३ वटा मालपोत कार्यालयबाट कम्प्यूटरमार्फत जग्गाधनी प्रमाणपूर्जा उपलव्ध गराएको । |
| १०० | आगामी आर्थिक वर्षभित्र सम्पूण पञ्जिकृत मुक्त कमैया परिवारलाई पुनर्स्थापना सम्पन्न गरिने उद्यमी विकास, सीप विकास तथा | ◆ वर्दिया, कैलाली र कञ्चनपुरमा गरी जम्मा २,१३९ मुक्त कमैया परिवार पुनःस्थापित भएको । कञ्चनपुर जिल्लाको पुनःस्थापना कार्य सम्पन्न भइसकेको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | दक्षता वृद्धि, नमुना तरकारी खेती र जग्गा सट्टा भर्ना मिलान जस्ता मुक्त कमैया र हलियालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरूलाई निरन्तरता दिन आवश्यक रकम छुट्याएको । | ◆४ वटा नमुना तरकारी खेती तालिम सम्पन्न ।<br>◆११ वटा उद्यमी विकास तालिम सम्पन्न ।<br>◆६० समूहको पूर्व सहकारी तालिम सम्पन्न ।<br>◆२९ वटा सिप विकास तथा दक्षता वृद्धि तालिम सम्पन्न । |
| १०१ | मुक्त हलियाहरूलाई जसकहाँ हलिया बसेको हो सोही परिवारको जग्गामा मोहीले पाएसरहको हक उपलब्ध गराउने कानून बनाइने । | ◆मुक्त हलियाहरूको पूनर्स्थापन सम्बन्धमा कानूनको मस्यौदा तर्जुमा भई सरोकारवालाहरूको सहभागितामा दुई पटक गोष्ठी भएको र हाल सम्बन्धित निकायहरूबाट सुझाव सङ्कलन गर्ने कार्य भइरहेको । |
| १०२ | आर्थिक विकासको अभियानमा भूमिहीन सुकुम्वासीहरूको मूल प्रवाहीकरण गर्ने कार्यलाई उच्चप्राथमिकता दिइने । | ◆पुर्नगठित आयोगले पूर्णता पाइसकेको र जिल्ला समितिहरू गठन भइ कार्यरत रहेको । |

## ३.१० महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ५५ | द्वन्द्व प्रभावित जेष्ठ नागरिकहरूको उचित हेरचाह, स्वास्थ्य उपचार र रेखदेखका लागि पाँचै विकास क्षेत्रमा एक/एक वटा "जेष्ठ नागरिक आरोग्य आश्रम" र जेष्ठ राष्ट्रिय प्रतिभाको सम्मान र सुरक्षाका लागि काठमाडौँमा एउटा "पुष्पलाल सर्जक आश्रम" स्थापना गरिनेछ । | ◆पाँचै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी विभिन्न ११ वटा ज्येष्ठ नागरिक आश्रम/आरोग्य आश्रम तथा पुष्पलाल सर्जक आश्रमको लागि पुँजीगत अनुदान उपलब्ध गराइएको । |
| ६९ | मानव विकास र महिला विकास सूचकाङ्कमा पछाडि परेका १५ जिल्लामा सामाजिक, आर्थिक र कानुनी सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ । | ◆१२,३९५ जनालाई सामाजिक परिचालनका लागि विभिन्न तालिमहरू प्रदान गरिएको ।<br>◆घरायसी प्रविधि कोष स्थापना तथा निर्माण ७७ समिति गठन गरिएको ।<br>◆सम्भाव्य आयआर्जन क्रियाकलापको लागि व्यवसाय पहिचान तथा प्रवर्द्धन तालिम ५ दिने २७ समूहका २,२४० जनालाई प्रदान गरिएको ।<br>◆२४ वटा संस्थाको लागि रु. १२ लाख परिपूरक कोष स्थापना र परिचालन गरिएको ।<br>◆बैकल्पिक विवाद निरूपण सम्बन्धी संयन्त्र स्थापना र सुदृढीकरण ८२ गाउँ विकास समिति गठन गरिएको ।<br>◆जिल्ला स्रोत समूहलाई बैकल्पिक विवाद निरूपणसम्बन्धी प्रथम चरणको तालिम ७ दिने २ पटक सञ्चालन गरिएको ।<br>◆कानूनी अधिवाचन तथा सचेतना अभियानसम्बन्धी सूचनामूलक सन्देश निर्माण केन्द्रस्तर १५ पटक भएको ।<br>◆बैकल्पिक विवाद निरूपणसम्बन्धी गाउँ विकास समितिस्तरीय समितिलाई ३ दिने प्रथम चरणको तालिम ८२ पटक भएको ।<br>◆कानुनी सचेतना तथा जानकारी आदान-प्रदान कार्यक्रम ७६ गाउँ विकास समितिमा सम्पन्न भएको ।<br>◆लैङ्गिक परीक्षण तथा अधिवाचन र संजाल सम्बन्धी तालिम निर्देशिका प्रकाशन । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ७० | बादी समुदायका महिलाहरूको आर्थिक र सामाजिक सशक्तीकरणका लागि दाङ, सल्यान, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, दार्चुला र कञ्चनपुर जिल्लामा घर विकास योजना कार्यक्रम सञ्चालन गरिनेछ। | ◆६४ पटक समुदायस्तरीय परामर्श बैठक तथा लक्षित महिला छनौट भएको।<br>◆३७६ वटा समूह गठन तथा वचत परिचालन गरिएको।<br>◆६४ वटा समूहका सदस्यको अनुशिक्षण तालिम प्रदान गरिएको।<br>◆२२ वटा समूहका लागि महिला-पुरुष समविकास ३ दिने गाउँस्तरीय तालिम सञ्चालन गरिएको।<br>◆६४ समितिलाई घरविकास योजना कार्यान्वयन अनुदान प्रदान।<br>◆६४ पटक घरविकास योजना अनुसारको सीप विकास तालिम सञ्चालन गरिएको। |
| ७१ | घरेलु हिंसा तथा यौनजन्य दुर्व्यवहारबाट पीडित महिलाले तत्काल सुरक्षित आश्रयस्थल नपाउँदा थप पिडाको शिकार हुनु परेको छ। यसलाई दृष्टिगत गरी २०६६ कात्तिकदेखि छानिएका १५ स्थानमा अल्पकालीन आश्रय र खानाको प्रवन्धसहित महिला आवासगृह स्थापना गरिने। यसरी आश्रय लिन आउने महिलालाई ३० दिनभित्र पुनर्स्थापना गरिनेछ। | ◆मार्गदर्शन तर्जुमा भई कार्यान्वयनमा ल्याईएको।<br>◆मकवानपुर, नवलपरासी, बाग्लुङ्ग, डोटी, दाङ्ग, कञ्चनपुर, जुम्ला, सोलुखुम्बु, काभ्रेपलाञ्चोक, सुनसरी, बर्दिया, पाँचथर, सप्तरी, तनहुँ र सर्लाहीमा सेवा केन्द्र स्थापना भई सञ्चालनमा रहेको। |

## ३.११ युवा तथा खेलकूद मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ७२ | राष्ट्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास र दिगो शान्ति स्थापनामा युवाहरूको भूमिका र योगदान अत्यन्त महत्वपूर्ण रहने हुनाले युवावर्गको क्षमता विकास र परिचालनका लागि युवा नीति तर्जुमा गरिने। राष्ट्रिय युवा परिचालन कार्यक्रम अन्तर्गत युवा साझेदारी, युवा अनुभव आदान-प्रदान र कुलत तथा दुर्व्यशन विरुद्ध जागरण अभियान कार्यक्रम सञ्चालन गरिने। राष्ट्रिय युवा परिषद् गठन गरिने। | ◆नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६६ माघ १४ गतेको निर्णयानुसार राष्ट्रिय युवा नीति स्वीकृत भएको।<br>◆राष्ट्रिय युवा परिचालन कार्यक्रमअन्तर्गत जिल्ला खेलकूद विकास समितिहरूमा स्थापित स्थानीय युवा साझेदारी कार्यक्रम चालिस वटा युवा सूचना केन्द्रहरूमार्फत स्थानीय गैरसरकारी संघ संस्थाहरूको लागत साझेदारीमा विभिन्न ६ वटा क्षेत्रहरू (१) युवा क्षमता विकास (२) कृषि (३) वातावरण संरक्षण/प्रकोप न्यनीकरण (४) उद्यमशीलता र रोजगारी (५) परम्परागत कला, संस्कृति, प्रविधि संरक्षण र विकास (६) कुलत तथा दुर्व्यसन र एचआइभि/एड्स विरुद्ध अभिमुखीकरण, चेतनामूलक अभियान कार्यक्रम सञ्चालन गरी युवा परिचालन गरिएको छ।<br>◆त्यस्तै, मन्त्रालयमार्फत विभिन्न १४८ वटा गैरसरकारी संघ संस्थाहरूसँगको लागत साझेदारीमा विभिन्न १२ वटा क्षेत्रहरू: (१) शान्ति स्थापना (२) कृषि (३) स्वास्थ्य (४) उद्यमशीलता र रोजगारी (५) पर्यटन प्रबर्द्धन(६) वातावरण संरक्षण (७) क्षमता विकास (८) सूचना प्रविधि (९) परम्परागत प्रविधि संरक्षण तथा विकास (१०) सीपमूलक तालिम (११) कला संस्कृतिको संरक्षण र विकास (१२) प्रकोप न्यूनीकरण एवं व्यवस्थापन मा युवा परिचालन कार्यक्रम सञ्चालन गरिएको छ।<br>◆कुलत तथा दुर्व्यसनविरुद्ध युवा जागरण अभियान र राहत कार्यक्रम विभिन्न ३१ बटा गैरसरकारी संघ/संस्थाहरूसँगको लागत साझेदारीमा सञ्चालन गरी युवाहरूलाई परिचालन गरिएको।<br>◆HIV/AIDS पीडित युवा पुनर्स्थापन सहयोग कार्यक्रम विभिन्न १५ वटा गैरसरकारी संघ/संस्थाहरूसँगको लागतसाझेदारीमा सञ्चालन गरी प्रभावित |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | युवाहरूलाई पुनर्स्थापन सहयोग गरिएको । |
| ७४.क | सुनसरी, चितवन र कैलालीमा क्षेत्रीयस्तरको रङ्गशाला निर्माण कार्य प्रारम्भ गरिने । | ◆सुनसरीमा क्षेत्रीयस्तरको रङ्गशाला निर्माण सम्बन्धमा स्थान निर्धारण कार्य सम्पन्न ।<br>◆चितवन क्षेत्रीयस्तरको रङ्गशाला निर्माण सम्बन्धमा जग्गा भोगाधिकारको प्रक्रिया चलिरहेको ।<br>◆कैलालीमा क्षेत्रीयस्तरको रङ्गशाला निर्माण सम्बन्धमा माटो परीक्षण, डिजाइन तथा इष्टिमेटको लागि परामर्शदाताको कार्य सम्पन्न भई पर्खाल निर्माण कार्य भइरहेको । |
| ७४.ख | हेटौंडामा राष्ट्रिय खेलकूद प्रतिष्ठान निर्माण गरिनेछ । २०६६ पौषमा बङ्गलादेशमा आयोजना हुने एघारौं दक्षिण एसियाली खेलकूदमा नेपाली खेलाडीहरूको सहभागीताका लागि आवश्यक तयारी गरिने छ । साथै, नेपालमा प्रत्येक वर्ष अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका खेलकूद प्रतियोगिताको आयोजना गर्नका लागि पूर्वाधार विकासमा जोड दिइने । | ◆हेटौंडामा राष्ट्रिय खेलकूद प्रतिष्ठान निर्माण गर्ने सम्बन्धमा पर्खाल निर्माणको कार्य भइरहेको ।<br>◆२०६६ पुष/माघमा बङ्गलादेशमा आयोजना भएको ११औं दक्षिण एसियाली खेलकूद प्रतियोगितामा नेपाली खेलाडीहरू २३ वटा खेलमा सहभागी भई ८ स्वर्ण, ९ रजत र २० कास्य गरी कूल ३७ पदक प्राप्त भएको । |
| ७४.ग | खेलकूद प्रतिभालाई प्रोत्साहित गर्ने नीति अनुसार एसियाली तथा ओलम्पिक खेलमा स्वर्ण पदक विजेतालाई आजीवन निर्वाह भत्ताको व्यवस्था गरिने । | ◆खेलकूद प्रतिभालाई प्रोत्साहित गर्ने नीतिअनुसार एसियाली तथा ओलम्पिक खेलमा स्वर्णपदक विजेतालाई आजीवन निर्वाह भत्ताको व्यवस्था गर्ने क्रममा नेपालको तर्फबाट प्रथम पटक अन्तर्राष्ट्रिय ओलम्पिक खेलकूदमा सहभागी २ जना ओलम्पियन खेलाडीलाई मासिक रु.२,०००।- भत्ता उपलब्ध गराइएको । |

## ३.१२ वन तथा भू-संरक्षण मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १०४ | नेपालको कुल भू-भागको कम्तिमा ४० प्रतिशत क्षेत्रमा वनजङ्गल कायम गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न "एक व्यक्ति एक विरुवा" नाराका साथ प्रत्येक नेपालीलाई वृक्षारोपण अभियानमा सञ्चालन, वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न तथा डँढेलोबाट वचाउन व्यापक रूपमा जनचेतना अभियान चलाइने । उच्च पहाडी क्षेत्रमा देवदार, ओखर, लोठ सल्लो, गुराँस जस्ता जातका वृक्षारोपण गर्ने अभियान चलाइने । | ◈लप्सी, रिट्ठा, लाँकुरी, टिक, सेतोचन्दन, इपिल, उत्तीस, रुद्राक्ष, बयर, पाटेसल्ला, गोब्रेसल्ला, डालेचुक, मसला, कदम, रक्तचन्दन जातको ७८३ किलोग्राम बीऊ जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय तथा निजी नर्सरीहरूलाई वितरण गरिएको ।<br>◈कञ्चनपुर, कैलाली र कपिलवस्तुमा ५९३ हेक्टर वन अतिक्रमण हटाइ वनक्षेत्र कायम गरिएको ।<br>◈२६ जिल्लामा अतिक्रमण तथा चोरी निकासी नियन्त्रण कार्य सम्पन्न ।<br>◈३ वटा जिल्लाहरूमा (बाँके, रुपन्देही र बारा) चक्ला वन व्यवस्थापन कार्य सम्पन्न ।<br>◈६१ जिल्लामा वन डँढेलो नियन्त्रण व्यवस्थापनको कार्ययोजना तयार भएको ।<br>◈४ जिल्लाहरूमा अग्निरेखा निर्माण तथा सुधार कार्य जारी राखिएको<br>◈१५२ किलोमीटर अग्नि नियन्त्रणरेखा मर्मत सुधार सम्पन्न भएको । |
| १०५ | वहुउद्देश्यीय वनस्पतिका प्रजातिहरू, जडीबुटी, वेत, बाँस र सजिवनको वृहत वृक्षारोपण कार्यक्रमलाई अभियानकोरूपमा | ◈विभिन्न प्रजातिहरूका १ करोड ३० लाख (रुखप्रजाति, जाट्रोपा, जडीबुटी, फलफूलप्रजाति) उत्पादन तथा खरिद भएको ।<br>◈६४५ हेक्टरमा वृक्षारोपण सम्पन्न भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | सञ्चालन गरी २ करोड २३ लाख विरुवा रोपिने । वन संरक्षण र वृक्षारोपण कार्यक्रममा निजी, समुदाय र सार्वजनिक क्षेत्रको साझेदारी जुटाइने । | ◈रारा तथा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा २ वटा नर्सरी सञ्चालन भई ५ हेक्टर क्षेत्रफलमा विभिन्न जातका जडीबुटीहरू रोपण भएको ।<br>◈२,०९,६४० विरुवा उत्पादन भएको ।<br>◈५०,००० बिरुवा विभिन्न सामुदायिक वन उपभोक्ता समूहमा वितरण गरिएको ।<br>◈जिल्ला भू-संरक्षण कार्यालयहरू मार्फत २४,४५,००० विरुवा उत्पादन कार्य सम्पन्न भएको ।<br>◈११,४५,४०० गोटा मसलाको विरुवा उत्पादन भएको ।<br>◈वन पैदावार विकास समितिमार्फत सागरनाथ र रतुवामाई क्षेत्रमा ४८१ हेक्टर क्षेत्रमा वृक्षारोपण सम्पन्न भएको । |
| १०६ | समुदायको स्वामित्वमा रहने गरी वन स्रोतमा आधारित वन उद्यम कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरी ग्रामीण क्षेत्रमा हरित रोजगारीको अवसर सिर्जना गरिने । सामुदायिक वन र कबुलियती वनक्षेत्रको विस्तार गरिने । सामुदायिक वन उपभोक्ता समूहहरूलाई ब्रिकेट वनाउने प्रविधि र हाँगाबिङ्गा, पातपतिङ्गरहरूबाट काठ वनाउने प्रविधि उपलब्ध गराई वनको व्यवसायीकरण गरिने । यसका लागि सरकारले रु. १० करोडसम्मको आवर्तिकोष खडा गरिदिने । साथै, यस कार्यक्रमअन्तर्गत समुदायबाट जडीबुटी, चिउरी-घ्यू, लोक्ता, वेतबाँस, मौरीपालन, अम्रिसो, लप्सी आदि वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना हुने । | ◈७०७ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भएको ।<br>◈७४९ वन कार्ययोजना तयारी गरिएको ।<br>◈१६५९ वन कार्ययोजना पुनरावलोकन गरिएको ।<br>◈६८३ कवुलियती वन उपभोक्ता समूह गठन भएको ।<br>◈कवुलियती वन कार्यक्रमबाट ३,२२७ हेक्टर वनक्षेत्र संरक्षण भई ६,४८० विपन्न घरधुरी लाभान्वित भएका ।<br>◈४७२ किलोमीटर कबुलियती वन सीमानामा जाट्रोपा, अर्गेली वृक्षारोपण गरिएको ।<br>◈११७ वटा सामुदायिक वनभित्र कवुलियती वन समूह गठन सम्पन्न भएको<br>◈५ वटा क्लष्टर **(Cluster)** मा वायोब्रिकेट उत्पादन गरी बजारीकरणमा अनुदान सहयोग उपलब्ध गरेको ।<br>◈आवर्ति कोषको कार्यविधि निर्देशिकाको मस्यौदा तयार भएको ।<br>◈सुगन्धित जडिवुटीको ३ वटा र चिउरी प्रशोधन केन्द्र २ वटा स्थापना भएको । |
| १०७ | जडीबुटीको बजार पूर्वाधार खडा गर्न जोड दिइने । जडीबुटीको व्यवसायिक प्रशोधनलाई सहयोग पुऱ्याउन अन्तराष्ट्रियस्तरको प्रयोगशाला स्थापना गर्न आवश्यक रकम छुट्याइएको । | ◈**Jadibuti Business Association of Nepal (JABAN)** सँगको सहकार्यमा प्रशोधित जडिबुटीजन्य उत्पादनहरूको सामान्य परीक्षणका लागी चाहिने एक प्रयोगशाला स्थापना भएको ।<br>◈जडीबुटीको व्यवसायीक प्रशोधनलाई सहयोग पुऱ्याउन अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला स्थापना गर्न आवश्यक पूर्वाधारका कार्यहरू गरिएको र **Lab Refurnishing** गरी निर्माण कार्य सम्पन्न भएको ।<br>◈**Standard Testing Quality Metrology (STQM)** नेपालसँग सहकार्य गरी वनस्पति विभागमा **ISO-17025 General Requirement for Laboratory Quality Management** मा पहिलो, दोस्रो र तेस्रो चरणको तालिम सम्पन्न भएको ।<br>◈**Gas Chromatogram/Mass Spectroscopy (GC/MS), High Performance Liquid Chromatogram** र **Atomic Absorption Spectroscopy (HPLC/AAS), UV visible/UV light** खरिद भई प्रयोगशालामा स्थापित गरिएको । |
| १०८ | जैविक सुरक्षा तथा आनुवांशिक स्रोतसम्बन्धी कानून तर्जुमा गरी सोको व्यापक प्रचार-प्रसारका साथै जैविक विविधताको संरक्षण, क्षेत्र विस्तार एवं प्रभावकारी व्यवस्थापन गरिने । | ◈आनुवांशिक स्रोतको लाभ बाँडफाँडसम्बन्धी कानूनको मस्यौदा कानून तथा न्याय मन्त्रालयमा पेश भएको ।<br>◈चौथो राष्ट्रिय जैविक विविधता प्रतिवेदन तयार गरी जैविक विविधता महासन्धी सचिवालय क्यानाडामा पठाउने कार्य भएको ।<br>◈**CITES** सम्बन्धी ऐन मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकति प्राप्त भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | ◈गौरीशङ्कर र अपिनम्पा संरक्षण क्षेत्र घोषणा भएको र कार्यालय स्थापना भई कार्यक्रमसमेत सुरु भएको ।<br>◈१७ वटा स्कूल कार्यक्रम र ४७ वटा दिवस समारोह सम्पन्न ।<br>◈५९,५०० प्रति ब्रोसियर पुस्तिका प्रकाशित भएको ।<br>◈१८६ हेक्टर घाँसेमैदान व्यवस्थापन कार्य सम्पन्न भएको । |
| १०९ | स्थानीय रोजगारी वढाउने र भूक्षय नियन्त्रण गरी आर्थिक तथा मानवीय क्षति न्यूनीकरण गर्न पहाडी तथा हिमाली जिल्लाहरूमा जलाधार व्यवस्थापन, वर्षादको पानी सङ्कलन हुने पोखरीको निर्माणमा जोड दिइने । यसैगरी कर्णाली, गण्डकी र कोशीको जलाधार संरक्षण र पानीको बहाव नियन्त्रण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने । | ◈३ वटा बेसिनमा सञ्जाल स्थापना गोष्ठी सम्पन्न भएको ।<br>◈४०४ गोटा गल्छी तथा पहिरो रोकथाम सम्पन्न भएको ।<br>◈१८३ किलोमीटर (बायोइन्जि.) खोला-किनार संरक्षण सम्पन्न भएको ।<br>◈१६७ समूहबाट नदी उकास जग्गा सदुपयोग सम्पन्न भएको ।<br>◈१२२ वटा जलाधार संरक्षण, पोखरी निर्माण, तालतलैया संरक्षण सम्पन्न भएको । |
| १११ | तराईमा कृषिको उत्पादकत्वमा वृद्धि कायमै राख्न चुरे र शिवालिक पर्वतश्रृङ्खलाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिने । आगामी आर्थिक वर्ष मेची-महाकाली एकिकृत चुरे संरक्षण कार्य योजना तयार गरी सिराहा, सप्तरी, उदयपुर र सुनसरीसमेत चार जिल्लामा चुरे संरक्षण कार्यक्रम सञ्चालन गरिने । | ◈मेची-महाकाली चुरे संरक्षणको लागि वन विभागमा मेची-महाकाली चुरिया क्षेत्र व्यवस्थापन इकाई स्थापना भएको ।<br>◈६ जिल्लामा (धनुषा, सर्लाही, सुनसरी, सिराहा, सप्तरी उदयपुर) चुरिया संरक्षण कार्यक्रम सञ्चालन भएको ।<br>◈३०० हेक्टर भूमि उत्पादकत्व संरक्षण कार्यक्रम सम्पन्न भएको ।<br>◈१,५१० विपन्न घरधुरीका लागि आयमूलक संरक्षण कार्यक्रम सम्पन्न भएको । |

## ३.१३ वाणिज्य तथा आपूर्ति मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ८० | अन्तर्राष्ट्रिय बजारमा विशिष्ट पहिचान रहेका नेपाली चिया र कफीलाई "नेपाल चिया" र "नेपाल कफी"को नामबाट अन्तर्राष्ट्रिय बजारमा लैजान आवश्यक पर्ने व्यापारिक पहिचानको खर्च नेपाल सरकारले व्यहोर्ने । | ◆चिया र कफीसँग आबद्ध संघसंस्था र चिया तथा कफी विकास बोर्डको प्रतिनिधिहरूलाई आमन्त्रित गरी एक छलफल कार्यक्रम आयोजना गरिएको र यसमा ट्रेडमार्क दर्ता गर्ने प्रस्ताव तयार गर्न केन्द्रको संयोजकत्वमा एक कार्यक्रम उपसमिति गठन गरिएको । |
| १२९ | निर्यातयोग्य वस्तुको दिगोपनाको लागि अग्र, पृष्ठ र समानान्तर सम्बन्धको आधारमा देशगत र वस्तुगत विविधीकरणमा जोड दिइने । निर्यातयोग्य देखिएका चिया, अलैंची, दाल, पुष्पगुच्छा, छाला, अदुवा, हाते कागज, सुगन्धित तेल, कलात्मक काष्ठकलाका सामानहरू, मह, सुन्तला र हरियो तरकारीजस्ता वस्तुको तुलनात्मक र प्रतिस्पर्धात्मक लाभबारे समाजका गरिब तथा तल्लो तहसम्म जानकारी पुर्‍याई उनीहरूलाई उत्पादनमा प्रोत्साहन गरी निर्यात प्रवर्द्धनमा जोड दिने । | ◆पश्मिनाको ट्रेडमार्क ४ चार वटा देश (जापान, अष्ट्रेलिया, नर्वे, युरोप) मा दर्ता गराउने कार्य सम्पन्न भइसकेको, ८ वटा देशमा दर्ता गर्ने प्रक्रिया चलिरहेको र १२ वटा देशसँग विभिन्न चरणमा रहेको ।<br>◆अदुवा उत्पादन हुने जिल्लातर्फ लक्षित गरी यसको निर्यातलाई प्रतिफलमुखी बनाउन ती वस्तुको मूल्य अभिबृद्धि (Value added) तथा अग्र-पृष्ठ सम्बन्ध विकास हुने गरी व्यवसायीक उत्पादनलाई प्रोत्साहित गर्ने उद्देश्यले कृषि तथा सहकारी मन्त्रालयको समन्वयमा नवलपरासी जिल्लामा अदुवाको उत्पादन प्रविधि, ग्रेडिङ्ग गर्ने तरिका, गुणस्तर प्रविधि, भण्डारण, बजार वस्तुस्थिति तथा अदुवाको क्याण्डी बनाउने सम्बन्धी जिल्लाका अदुवा कृषक तथा व्यवसायहरू समेत गरी २० जनालाई सहभागी गराउने गोष्ठीको आयोजनामार्फत नमूना कार्यक्रम (Pilot Project) गर्ने कार्य सम्पन्न गरी सोको प्रतिवेदन तयार गरेको ।<br>◆अलैचीको निर्यातलाई बढी प्रतिफलमूखी बनाउन ती वस्तुको मूल्य अभिबृद्धि |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | (Value added) तथा अग्र पृष्ठ सम्बन्ध विकास हुने गरी व्यवसायीक उत्पादनलाई प्रोत्साहित गर्ने उद्देश्यले संखवासभा जिल्लामा अलैंचीको उत्पादन प्रविधि, ग्रेडिङ्ग गर्ने तरिका, गुणस्तर प्रविधि, भण्डारण, बजार वस्तुस्थिति बारे नजिकका जिल्लाका अलैंचीका कृषक तथा व्यवसायीहरूलाई सहभागी गराई तालिम एवं गोष्ठीको आयोजना मार्फत नमूना कार्यक्रम (Pilot Project) सञ्चालन ।<br>◆ मूर्तिकला सम्वन्धी मुखाकृति तयार गर्ने तीन महिने तालीम सम्पन्न ।<br>◆ सुर्खेत जिल्लामा महिलाका लागि ऊनी धागो कताई तालिम सञ्चालन भएको ।<br>◆ जडिबुटीका वस्तुहरूलाई बजार अवसर उपलब्ध गराउने उद्देश्यले भारतको मुम्बईमा आयोजना भएको Panacea 2010 International Trade Fair मा केन्द्रको संयोजनमा नेपाल जडिवुटी व्यवसायी संघ, नेपालगञ्ज तथा नेपाल हर्ब्स तथा हर्वल उत्पादक संघ, काठमाडौंसँग आवद्ध रहेका विभिन्न १५ वटा व्यवसायी कम्पनीहरूलाई मेलामा सहभागी गराई सोको प्रतिवेदन तयारी भइरहेको ।<br>◆ सुर्खेतमा आयोजित ऊनी धागो कताई तालिमका सहभागीहरूलाई व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तर्फबाट निःशुल्क चर्खा एवं कोरेसो वितरण गरिएको । |
| १८४ | आयातित पेट्रोलियम पदार्थको विकल्पमा स्वदेशभित्रै सजिवनबाट जैविक डिजेल उत्पादन गर्न सजिवन खेती र प्रशोधन उद्योगको प्रवर्द्धन गरिनेछ । जैविक इन्धनका अन्य विकल्पहरूको अनुसन्धानमा जोड दिइनेछ । | ◆ वैकल्पिक ऊर्जा सम्बन्धमा सजिवन (Jatropha) बाट बायोडिजेललाई प्रवर्द्धन गर्न आवश्यक Extraction मेसिन सर्लाही जिल्लामा राख्न जग्गा खरिद कार्य अगाडि बढाइएको र Lab Equipment खरिद गर्न पक्रिया अघि बढाइएको । |
| १९५ | **"उपभोक्ताको हित संरक्षणका लागि बजार अनुगमन"** को कार्यलाई अभियानकारूपमा सञ्चालन गरी गुणस्तरीय वस्तु उचित मूल्यमा प्राप्त गर्ने जनताको अधिकारलाई प्रत्याभूत गरिने । सङ्गठित मिलोमतोमा मूल्य वृद्धि गर्ने, बजारमा कृत्रिम अभाव सिर्जना गर्ने र आपूर्ति व्यवस्थामा अवरोध गर्नेलाइ कडा कारबाही गरिनेछ । वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका निकायहरूलाई बजारमा वस्तुको आपूर्ति व्यवस्था सुलभ र प्रभावकारी बनाउने, प्रतिस्पर्धा कानूनको परिपालन गराउने, बजार मूल्य र गुणस्तरको अनुगमन, सङ्गठित मिलोमतो र एकाधिकार अन्त्य गर्न सक्षम हुने गरी संस्थागत सुदृढीकरण गरिने | ◆ वाणिज्य विभागबाट वार्षिक २२५ पटक बजार अनुगमन गर्ने लक्ष्य रहेकोमा कार्यरत टोलीले असार मसान्तसम्म १६० पटकमा ५६८ वटा व्यवसायीहरूको अनुगमन गरेको र अनुगमन कार्य निरन्तर जारी रहेको ।<br>◆ नेपाल खाद्य संस्थानबाट चामल २०,८४८ मे.टन, चिनी २६०.९ मे.टन, खानेतेल ९३,१८५ लिटर विक्री भएको ।<br>◆ देशका ७५ वटै जिल्लाहरूमा कर्पोरेशनको कार्यालय एवं २२ दूर्गम जिल्लामा डिपो कार्यालयहरूमार्फत दैनिक उपभोग्य वस्तुहरू चिनी, मैदा, पिठो, खानेतेल, चामल, दाल आदि सरल, सहज र सुलभरूपमा आपूर्ति व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइएको ।<br>◆ आपूर्ति नीतिको मस्यौदाउपर मन्त्रालय एवं सम्बन्धित संघसंस्थाहरूसित राय/प्रतिक्रिया लिने कार्य भइरहेको ।<br>◆ साविककै वाणिज्य विभागलाई पुनर्संरचना गरी आपूर्ति व्यवस्थापन सम्बन्धी जिम्मेवारी पनि थप गर्ने गरी गृहकार्य अघि बढाइएको । |
| १९६ | अनिवार्य आवश्यकताका वस्तुहरू नून र खाद्यान्न (चामल, गहुँ, मकै, कोदो वा यस्तै अन्न) नेपालभरि कहिल्यै पनि अभाव हुन नदिने गरी आपूर्ति व्यवस्थालाई सुदृढ बनाइने । मुलुकका ३० दूर्गम हिमाली तथा | ◆ नेपाल खाद्य संस्थानबाट विभिन्न दूर्गम जिल्लामा १७२१७.४ मे.टन खाद्यान्न ढुवानी भएको ।<br>◆ १५,००० मे.टन खाद्यान्न बफरस्टकअन्तर्गत मौज्दात राखिएको ।<br>◆ ४,००० मे.टन खाद्यान्न सार्क खाद्य सुरक्षा भण्डारको लागि खरिद भइसकेको ।<br>◆ साल्ट ट्रेडिङ कर्पोरेशनबाट २२ दूर्गम जिल्लाहरूमा ४४,३७९.५८ क्वीन्टल |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | पहाडी क्षेत्रका न्यून आयस्तर भएका सबै वर्गका जनताले सुपथ मूल्यमा खाद्यान्नको उपभोग गर्न सक्ने व्यवस्थाका लागि खाद्य संस्थानलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिएको । कार्य तालिका अनुसार ढुवानी सुनिश्चित गरी दूर्गम क्षेत्रमा खाद्यान्नको उपलब्धताको प्रत्याभूति गरिने । साथै, खाद्यान्नको परनिर्भरतालाई घटाउन स्थानीय खाद्यान्न उपभोगमा बानी पार्न अभियानमूलक कार्यक्रम सञ्चालन गरिने । | नुन ढुवानी भएको ।<br>◆नेपाल खाद्य संस्थानबाट चामल २०८४८ मे.टन, चिनी २६०.९ मे.टन, खानेतेल ९३१८५ लिटर बिक्री भएको |
| १९८ | बाढी, पहिरो, खडेरी जस्ता प्राकृतिक प्रकोपको अवस्थाबाट खाद्यान्न सङ्कट आउन नदिन तत्काले खाद्यान्न उपलब्ध गराउन सक्ने गरी खाद्य सुरक्षा सुनिश्चित गर्न देशका विभिन्न ८ स्थानमा १५ हजार मेट्रिक टन खाद्यान्न भण्डारण निर्माण तथा सुधार गर्ने कार्यलाई तीव्रता दिइने । पुराना गोदामको मर्मत एवं सुधारसहित आपतकालीन अवस्थामा खाद्य सुरक्षाका लागि थप आधुनिक खाद्यान्न गोदामहरू चरणबद्धरूपमा निर्माण गरिने । | ◆अछाम, डोल्पामा खाद्यान्न भण्डारण निर्माण तथा सुधार कार्यको ७०-८० प्रतिशत, वीरगञ्ज, नेपालगञ्ज र सुर्खेतमा ४०-४५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको । |
| २०० | नेपाल आयल निगम लिमिटेड र इन्डियन आयल कर्पोरेशनको संयुक्त लगानीमा रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माण गर्ने कार्य आगामी वर्ष सुरु गरिने । | ◆पेट्रोलियम पाइप लाइन निर्माण कार्य गराउने विषयमा भारतीय आयल निगमसँग एक पटक छलफल भइसकेको र भारतीय सीमाक्षेत्रमा पाइप लाइन र एसोसेरिज निर्माण गर्दा IOC को लाग्ने खर्च Recovery गर्ने मोडालिटी बारे नेपाल सरकारको स्वीकृती लिने प्रक्रिया अगाडि बढाइएको । |
| २२२ | २०६६ माघ १ गतेदेखि तोकिएका आम उपभोग्य खाद्य वस्तु, औषधी, पेयपदार्थ र कीटनाशक औषधीको बिक्री वितरण हुने खुद्रा प्याकमा आयातकर्ताको नाम र ठेगाना स्पष्टरूपमा देखिने गरी अनिवार्यरूपमा टाँस गर्नुपर्ने व्यवस्था मिलाइने । | ◆अनुगमन टोलीले निरीक्षणको क्रममा तोकिएका सबै उपभोग्य खाद्यवस्तु, औषधी, पेय पदार्थ आदिमा आयातकर्ताको नाम र ठेगाना खुलेको हुनुपर्ने तर्फ बिक्रेताहरूलाई सचेत गराएको र यससम्बन्धी थप प्रक्रिया अघि बढ्दै रहेको । उत्पादकहरूसँग अन्तरक्रिया गरिने कार्यक्रम रहेको । बजारमा पेय पदार्थको विशेष निगरानी अघि बढ्दै रहेको । |
| २८९.ग | मेची भन्सार कार्यालयमा सुख्खाबन्दरगाह आगामी वर्षभित्र सञ्चालनमा ल्याइनेछ । तातोपानीको लार्चामा सुख्खाबन्दरगाहको निर्माण कार्य थालिनेछ । | ◆काँकडभिट्टास्थित सुख्खा बन्दरगाह सञ्चालन तथा व्यवस्थापनको लागि TMC छनौट गर्न बोलपत्र आह्वान गरिएकोमा पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन कार्य समाप्त भइसकेको ।<br>◆सिन्धुपाल्चोकको लार्चास्थित सुख्खा बन्दरगाह निर्माण गर्न आवश्यक जग्गा अधिग्रहण भई सकेको । |

### ३.१४ वातावरण मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १८१ | ग्रामीण क्षेत्रका एक मेगावाटसम्मको लघु | ◆विभिन्न ३७ जिल्लाहरूमा लघु जलविद्युतबाट १,६९५.१७ किलोवाट विद्युत |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | जलविद्युत् आयोजनाहरूको प्रवर्द्धन गरिनेछ । यस्ता आयोजना-हरूबाट थप २७.८ मेगावाट विद्युत उत्पादन भई दुर्गम गाउँका थप २७,४८० घर परिवारले विद्युत सेवा उपभोग गर्न पाउने । | उत्पादन भएको छ । यसबाट १३,८४७ घरपरिवारहरूले विद्युत सेवा पाएका छन् ।<br>◆ ७२ जिल्लाहरूमा ३६,१३५ वटा सौर्य घरेलु विद्युतप्रणाली जडान भई ३६, १३७ घरपरिवारहरूले विद्युत सेवा पाएका छन् ।<br>◆ २४ जिल्लाहरूमा ५,९१३ वटा साना सौर्य घरेलु विद्युतप्रणाली जडान भई ५,९१३ न्यून आय भएका घरपरिवारले उज्यालोको सेवा पाएका छन् |
| १८२ | रुकुम उज्यालो कार्यक्रमलाई निरन्तरता दिदै अन्य जिल्लाहरूमा पनि यस्तो कार्यक्रम विस्तार गरी उज्यालो नेपाल अभियान सञ्चालन गरिने । सम्भाव्य क्षेत्रमा निजी क्षेत्रको सहभागितामा वायु ऊर्जा उत्पादन प्रारम्भ गरिने । | ◆ रोल्पा र जाजरकोट जिल्लामा विद्युतिकरणको लागि एकीकृत ग्रामिण विद्युतिकरणको गुरुयोजना तयार गरिएको, रुकुम जिल्लामा २० वटा लघु तथा साना जलविद्युत आयोजनाको विस्तृत सम्भावना अध्ययन गरिएको,<br>◆ वायु ऊर्जाको लागि वायुऊर्जा नीतिको मस्यौदा तयार गरिएको र वायुऊर्जाबाट उत्पादित विद्युतलाई राष्ट्रिय ग्रीडमा जोड्नेसम्बन्धी अध्ययन भइरहेको । |
| १८३ | सम्भाव्य क्षेत्रका गरिव, दलित, द्वन्दपिडित र उत्पिडीत वर्ग र जनजातिलाई लक्षित गरी हाल दिईदै आएको अनुदानमा वृद्धि गरी थप १८ हजार गोवरग्याँस प्लान्ट जडान गरिने । | ◆ ६९ जिल्लामा लक्षितवर्गमा पुग्ने गरी १९,५११ वटा गोबरग्यास प्लान्ट निर्माण गरिएको छ । |
| १८४ | आयातीत पेट्रोलियम पदार्थको विकल्पमा स्वदेशभित्रै सजिवनबाट जैविक डिजेल उत्पादन गर्न सजिवन खेती र प्रशोधन उद्योगको प्रवर्द्धन गरिने । जैविक इन्धनका अन्य विकल्पहरूको अनुसन्धानमा जोड दिइने । | ◆ विभिन्न भौगोलिक स्थानमा पाइने सजिवनको गुणको पहिचानसम्बन्धी अध्ययन भइरहेको, तेल पेल्ने मेसिन ३ वटा स्थपना गरिएको, सजिवन खेतीको लागि १० वटा नर्सरी निर्माण, विभिन्न जिल्लाका कृषकहरूलाई तालिम दिइएको र सजिवनको उन्नत जातको बीऊ छनौट गर्न जर्मप्लाज्म स्थापना गरिएको छ । |

## ३.१५ शान्ति तथा पुनर्निर्माण मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ४१ | अस्थायी शिविरिहरूमा रहेका माओवादी सेनाका लडाकूहरूको समायोजन र पुनस्थापना नहुञ्जेल उनीहरूको भरणपोषण र मासिक भत्तालाई निरन्तरता दिने । | ◆ भरणपोषणतर्फ रु. ५६ करोड ५० लाख ५ हजार ५३२ एवं मासिक भत्ता रु. १ अर्ब १७ करोड ३१ लाख ९७ हजार ७४० वितरण भएको छ । |
| ४२ | राष्ट्रिय शान्ति तथा पुनस्थापना आयोग, उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएकाहरूको खोजी गर्ने आयोग गठन गर्ने । | ◆ उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी कानून निर्माणको लागि विधेयक व्यवस्थापिका-संसदमा प्रस्तुत भई सैद्धान्तिक स्वीकृतिसमेत प्राप्त भइसकेको छ ।<br>◆ बेपत्ता पारिएकाहरूको खोजी गर्ने आयोग गठनसम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा प्रस्तुत । |
| ४३ | गाउँ-देहातबाटै "जनताको पहलमा शान्ति अभियान" अन्तर्गत जनताको मन जित्ने कार्यक्रम सञ्चालन गरी समाजमा मेलमिलाप र सदभाव बढाउन स्थानीय | ◆ ६८ जिल्लामा स्थानीय शान्ति समिति गठन भएको छ ।<br>◆ स्थानीय शान्ति समिति निर्देशिका-२०६६ स्वीकृति भई लागू भएको छ ।<br>◆ स्थानीय शान्ति समितिका संयोजक, महिला सदस्य र कार्यालय सचिवहरूको क्षमता अभिवृद्धिको लागि तीन स्थानमा सम्पन्न गोष्ठीमा पाँचै विकास क्षेत्रका ७३ जिल्लालाई समेटिएको छ । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | शान्ति समितिहरूलाई गाउँस्तरसम्म पुऱ्याइने | |
| ४४ | साविकमा गणेशमान सिंह शान्ति अभियान अन्तर्गत परिकल्पना गरिएका कार्यक्रमहरूलाई निरन्तरता दिँदै जनआन्दोलन, सशस्त्र विद्रोह, मधेश आन्दोलन र अन्य विविध आन्दोलनका शहीद परिवार एवं घाइतेको जीवन निर्वाह भत्ता र सन्ततिहरूको छात्रवृत्ति प्रदान गर्ने । सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका व्यक्तिका परिवारमध्ये आर्थिक सहायता लिन नपाएकाहरूलाई आर्थिक सहायता उपलब्ध गराउने । | ◆ ७८२ जनालाई सम्पत्ति क्षतिबापत रु. ४ करोड २६ लाख ९९ हजार आर्थिक सहायता प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रकम उपलब्ध गराइएको छ ।<br>◆ अपहरणमा परेका ११९ जना नागरिकहरूलाई र १७० जना बेपत्ता भएका व्यक्तिका परिवारका सदस्यलाई गरी जम्मा रु. १ करोड ९९ लाख ७५ हजार आर्थिक सहायता उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रकम उपलब्ध गराएको छ ।<br>◆ १,१५७ जनालाई रु. ६ करोड ३ लाख ६२ हजार आर्थिक सहायता उपलब्ध गराएको छ ।<br>◆ २६ जना शहीद परिवारलाई रु. १९ लाख ५० हजार जीवन निर्वाह भत्ता उपलब्ध गराएको छ । २३ जना घाइतेहरूलाई रु. ६ लाख ७४ हजार जीवन निर्वाह भत्ता उपलब्ध गराएको छ ।<br>◆ २५ जनालाई रु. ५ लाख ५ हजार छात्रवृत्ति उपलब्ध गराइएको ।<br>◆ १,९५२ जना मृतकका परिवारलाई रु. १९ करोड ५२ लाख आर्थिक सहायता उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयहरूमा रकम उपलब्ध गराएको छ |
| ४७ | द्वन्द्वकालमा नष्ट भएका भौतिक संरचनाहरूको सकेसम्म चाँडो पुनर्निर्माण गरेर मात्र जनतालाई वास्तविकरूपमा शान्ति बहाली भएको अनुभूति दिलाउन सकिने महसूस गरी दुई वर्षभित्रमा सम्पूर्ण पुनर्निर्माण सम्पन्न गर्ने । | ◆ कूल १३५७ बटा पुनर्निमाण आयोजनाहरु मध्ये यस आ.व.मा कूल ५६६ वटा आयोजनाहरको पुनर्निमाण गर्ने कार्य सम्पन्न भएको छ । |

## ३.१६ संघीय मामिला, संविधानसभा, व्यवस्थापिका तथा संस्कृति मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ६४ | सबै जाति र जनजातिका भाषा, साहित्य, कला, संगीत तथा संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ । प्राचिन गुम्बा, मठ, मन्दिर, मस्जिद एवं पौराणिक र धार्मिक स्थलहरुको संरक्षणको कार्यलाई थप प्राथमिकताका साथ निरन्तरता दिइने | ◈ राष्ट्रिय प्रतिभा स्मारक संरक्षण कार्यक्रमअन्तर्गत ५१ वटा संस्थाहरुको कार्यक्रम स्वीकृत गरी अनुदान दिइएको ।<br>◈ नेपाल प्रज्ञा प्रतिष्ठानबाट ९५ वटा कार्यक्रमहरु भएको ।<br>◈ सामाजिक सेवा अनुदानतर्फ विभिन्न ३३३ वटा मुर्त सम्पदाहरुलाई संरक्षण गर्न अनुदान दिइएको । |
| ६५ | तराई–मधेश, पहाड र हिमालका सबै जात–जातिहरुलाई समेट्ने गरी विभिन्न जिल्लाहरुमा स्थानीय जनताको पहल र जिम्मेवारी हुने गरी जातीय सङ्ग्रहालयहरुको स्थापना गर्ने । | ◈ जनआन्दोलन तथा शहिद स्मृति सग्रहालय गोकर्णको कार्यक्रम स्वीकृति भई कार्यक्रम कार्यान्वयन समिति गठन गरी पुर्वाधार विकासका कार्यक्रमहरु शुरु गरिएको । |
| ६६ | साहित्य, संगीत, कला तथा अन्य कुनै पनि क्षेत्रमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय पुरस्कार प्राप्त गर्ने नेपाली प्रतिभाहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने परम्परा बसालिनेछ । त्यस क्षेत्रमा जीवन समर्पित गर्ने विशिष्ट | ◈ राष्ट्रिय र क्षेत्रीय प्रतिभा पुरस्कारबाट आर्थिक वर्ष २०६४/६५ र आर्थिक वर्ष २०६५/६६ को ४७ जना प्रतिभाहरुलाई पुरस्कार प्रदान गरिएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | प्रतिभाहरुको सम्मान र संरक्षणमा विशेष ध्यान दिइने | |
| ६७ | मैथिली भाषा, साहित्य र संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिलाई पुरस्कार दिन "महाकवि विद्यापति पुरस्कार गुठी" को अक्षयकोष स्थापना गर्ने । | ◈ विद्यापति अक्षयकोषको व्यवस्थापन गर्न सक्षम संस्थाको अर्को व्यवस्था नहुन्जेल मन्त्रालयअन्तर्गत बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्अन्तर्गत ब्याज आर्जन हुने गरी रु. १ करोडको अक्षयकोष स्थापना गरिएको । |

## ३.१७ शिक्षा मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ६२ | तराई-मधेशका विपन्न परिवारका किशोरीहरूको सीप र क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाउनको लागि पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका दलित र विपन्न मुसलमान परिवारका बालिकाले ८ कक्षा उत्तिर्ण गरी अ.न.मि. वा सो सरहको प्राविधिक शिक्षा लिन चाहेमा छात्रवृत्ति दिने व्यवस्था मिलाइने । यस्ता बालिकाले जुन संस्थामा पढ्ने इच्छा गर्छन् त्यो संस्थाले अनिवार्यरूपमा भर्ना गर्नु पर्नेछ । | ◆ विशेष कार्यक्रम संचालन निर्देशिका निर्माण गरिएको ।<br>◆ प्रशिक्षार्थी छनौट प्रक्रिया सम्पन्न भएको ।<br>◆ प्रशिक्षार्थी पठन पाठन गर्नको लागि संस्था छनौट गरी प्राविधिक र आर्थिक प्रस्तावना मुल्यांकन कार्य सम्पन्न गरिएको ।<br>◆ पठन पाठनको लागि संस्थाहरू छनौट भएको ।<br>◆ प्रमाणपत्र नर्सिङ्गमा ६ वटा संस्था नपुग भएकोले पुनः बोलपत्र भएको ।<br>◆ प्रशिक्षार्थी छनौट प्र्क्रिया सम्पन्न भएको । |
| १०१ | मुक्त कमलरीहरूलाई उमेर र इच्छाअनुसार निःशुल्क आवासीय विद्यालय शिक्षा वा प्राविधिक तालिम उपलब्ध गराइने । | ◆ रोजगारीको लागि सीप विकास परियोजना CTEVT मार्फत मुक्त कमलरीहरूलाई व्यवसायिक तालिम प्रदान गर्न विभाग र उक्त परियोजनाबीच सम्झौता भई ६ जिल्लामा अख्तियारी र कार्यक्रम पठाइएको ।<br>◆ कमलरी विद्यार्थी संख्या- १०५८०<br>◆ सीप विकास तालिममा भर्ना भएका विद्यार्थी संख्या- ६६५<br>◆ तालिम प्रदायक संस्था- १६ वटा<br>◆ मुक्त कमलरीहरूको छात्रवृत्ति वितरण भएको ।<br>◆ मुक्त कमलरीहरूको लागि छात्रवृत्ति रकम पठाइएको । |
| १४० | पेशागत सीप तथा दक्षता अभिवृद्धि हुने गरी ३६ हजार जनालाई व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ । ६ हजार जनालाई प्राविधिक एस.एल.सी. कक्षा सञ्चालन गरिने । | ◆ ६,३१२ जनालाई प्राविधिक एस.एल.सी. अध्ययनरत्, प्रमाणपत्र तहतर्फ ८,१४० जनालाई र ६,८१९ जना सीपमूलक तालिम सम्पन्न गरिएको । |
| २०१ | शिक्षालाई अनिवार्य गर्न कानूनी व्यवस्था गरिने । शिक्षालाई गुणात्मक, सीपमूलक र व्यावसायिकता-तर्फ उन्मुख गराइने । सबै नेपालीलाई आ-आफ्नो मातृभाषामा | ◆ १,७६० माध्यमिक शिक्षकलाई पेशागत तालिम<br>◆ १३५ जना मातृभाषी शिक्षकहरूलाई (उराँव, पूर्वी, सतार राजवँशी, मगर) बहुभाषिक शिक्षण तालिम<br>◆ २० जना गुरुकूल शिक्षामा शिक्षण<br>◆ २५ जना तामाङ भाषामा शिक्षण |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | प्राथमिक शिक्षा हासिल गर्न पाउने अवसर दिलाइने । कक्षा दशसम्म क्रमशः निःशुल्क शिक्षा उपलब्ध गराइने । | ◆१,३९८ जना **TPD** र प्रधानाध्यापक नेतृत्व विकास तालिम कार्यान्वयन ।<br>◆२६ जनालाई मातृभाषा शिक्षक तालिम ।<br>◆५५ जनालाई शिक्षक पेशागत विकाससम्बन्धी **MTOT** संचालन<br>◆६६३४ जनालाई **TPD** कार्यान्वयनको लागि रोष्टर प्रशिक्षक तालिम<br>◆१५ प्राविधिक सहायक, २० जना तृतीय श्रेणी र १३ जना द्वितीय श्रेणीका अधिकृत गरी ४८ जनालाई १ महिने सेवाकालिन, १०० जना अधिकृतस्तरका लाई शैक्षिक व्यवस्थापनसम्बन्धी **Post training**, **Follow up** कार्यशाला<br>◆२८५ निजी विद्यालयका प्रिंशिपल प्रधानाध्यापक नेतृत्व विकास तालिम<br>◆८४३१ जना प्रावि नि.मा र मा.वि तहका शिक्षकलाई लामो अवधिको तालिम<br>**सामग्री विकास**<br>◆बहुकक्षा शिक्षण शिक्षक तालिम सामग्री<br>◆१५ वटा मातृभाषामा शिक्षक तालिमका लागि **Training Manual** सामग्री, ७ मातृभाषामा शिक्षक तालिम<br>◆प्रधानाध्यापक क्षमता विकास तालिम पाठ्यक्रम<br>◆शिक्षक पेशागत विकास तथा प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम कार्यक्रमको प्रशिक्षक प्रशिक्षण निर्देशिका<br>◆शिक्षक पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका<br>◆प्रशासनिक नेतृत्व क्षमता विकास तालिम कार्यान्वयन पुस्तिका<br>◆यस आ.व.मा थप एक मातृभाषा तामाङ् सम्वोटा लिपिमा कक्षा १ को पाठ्यपुस्तकको मुद्रण भई सकेको र ३ वटा मातृभाषामा (चाम्लिङ, थकाली र संस्कृत) सन्दर्भ सामग्रीहरूको मुद्रण प्रति भइसकेको ।<br>◆मुगाली भाषाको कक्षा २, याक्खा भाषाको कक्षा ३, सुनुवार र राजवंशी भाषाको कक्षा ४ का पाठ्यपुस्तकको मुद्रण कार्य सम्पन्न भएको ।<br>◆११ जिल्लाका २९ विद्यालयबाट ५० जना शिक्षकलाई बहुभाषिक शिक्षा सम्बन्धी कार्यशाला सञ्चालन । |
| २०२ | विद्यालयमा भर्ना हुने तर निरन्तर विद्यालय नगई बीचमै कक्षा छाड्ने समस्यालाई न्यूनीकरण गर्न दिवा पोषणयुक्त खाजा कार्यक्रमलाई हालका २१ जिल्लाबाट ३५ जिल्लामा विस्तार गरिनेछ । दिवा खाजामा स्थानीय खाद्यान्नको प्रयोग अनिवार्य गर्न आवश्यक पर्ने प्रविधि र तालिम कार्यक्रम सञ्चालन गरिने । | ◆दिवाखाजा कार्यक्रमअन्तर्गत १२,९५,२३० विद्यार्थीहरूलाई खाद्यान्न वितरण गरियो ।<br>◆छात्रा उत्प्रेरणा कार्यक्रमअन्तर्गत ४,७०,८६२ छात्राहरूलाई खानेतेल उपलब्ध गराइयो ।<br>◆मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रमअन्तर्गत २,१०,७१६ सहायतार्थीहरूलाई न्यूट्रीमिक्स वितरण भएको । |
| २०३ | शिक्षाको पहुँच नपुगेका सीमान्तीकृत वर्गका बाल-बालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याउन बालविकास केन्द्रहरू विस्तार | ◆पिछडिएका र विपन्नवर्ग, मुसलमान, दलित, थारु, मधेशी, लोपोन्मुखहरूको पहुँच पुग्ने गरी जिल्लागतरूपमा बाल विकास केन्द्रहरू सञ्चालन गरिँदै आएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | गरिने । अपाङ्ग, पिछडिएका र विपन्न वर्ग, मुसलमान, दलित, थारु, मधेशी, लोपोन्मुख र कर्णाली क्षेत्रका लागि विशेष कार्यक्रम सञ्चालन गरिने । | ◆ मदरसाका अध्ययनरत विद्यार्थीहरूलाई राष्ट्रिय मूलधारमा समाहित गराउन मदरसाहरूलाई अनुदान दिइँदै आएको ।<br>◆ कर्णाली अञ्चलका १-१२ सम्म अध्ययनरत सबै र अन्य स्थानमा लक्षित र दलित समूहका विद्यार्थीहरूलाई निःशुल्क अध्ययनको व्यवस्था गरिएको<br>◆ अपाङ्ग विद्यार्थीका लागि ३५० स्रोत कक्षा, २९ विशेष विद्यालय, २१ एकीकृत विद्यालय सञ्चालन र आर्थिक वर्ष २०६६/६७ का लागि ३९,८४८ अपाङ्ग विद्यार्थीका लागि रकम निकासा भइसकेको । |
| २०४ | कामको चाप, गरिबी र द्वन्द्वका कारणले विद्यालय जान नसकी बीचमै पढाइ छाडेका विद्याथीहरूलाई विशेष प्रोत्साहन कार्यक्रमसहित खुला विद्यालय शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने । | ◆ विद्यालय निरीक्षक, स्रोत व्यक्ति, प्रधानाध्यापकसमेत गरी १४९ जनालाई खुला विद्यालय संचालन व्यवस्था अभिमुखीकरण<br>◆ थप ३२ खुला विद्यालय संचालन स्वीकृती भई खुला विद्यालय संख्या ८५ पुगेको<br>◆ खुला विद्यालय संचालनसम्बन्धी तालिम निर्देशिका, तालिम, स्रोत सामग्री दूरशिक्षा, खुला शिक्षक निर्देशिका परीमार्जन<br>◆ एस.एल.सी. सहयोग सामग्री,स्वाध्यायन सामग्री विकास र प्रकाशनरप्रसारण<br>◆ प्रौढहरूको लागि सञ्चालन हुने अनौपचारिक प्रौढ विद्यालय प्रावि. ७५८, निमावि ३७ र माध्यमिक ८५ केन्द्र सञ्चालनमा रहेको । |
| २०५ | समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार आएकाले आगामी वर्ष थप चार हजार विद्यालयहरू समुदायद्वारा व्यवस्थापन गरिने | ◆ सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा जिम्मा लिने कार्यक्रमअन्तर्गत प्राथमिक विद्यालय १,१७४; निम्नमाध्यामिक विद्यालय ३९५; माध्यामिक विद्यालय १८२ गरी जम्माः १,६४७ विद्यालयहरू समुदायलाई हस्तान्तरण भएको । |
| २०६ | विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नका लागि विद्यार्थी भर्नादर, विद्यालय छाडने दर र परीक्षा उत्तीर्ण प्रतिशतका आधारमा प्रोत्साहन प्रणाली लागु गरिने । विद्यालयका शिक्षक र कर्मचारीलाई आफ्नो जिम्मेवारी प्रति निष्ठावान बनाउन तथा विद्यार्थी र अभिभावक प्रति थप उत्तरदायी बनाउन आचार-संहिता परिपालनामा जोड दिइने । | ◆ उत्कृष्ट विद्यालय छनौटका आधारहरू कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख गरी पठाइएको, सोहीअनुसार जिल्लामा विद्यालय छनौट भइरहेको जानकारी प्राप्त भएको ।<br>◆ आधारभूत तहको ३०० विद्यालयहरू र माध्यामिक विद्यालय तहका २०० विद्यालयहरूलाई प्रति विद्यालय रु. ५० हजार र रु. १ लाखको दरले प्रोत्साहन अनुदान जिल्ला शिक्षा कार्यालयमा पठाइएको । |
| २०७ | सामुदायिक विद्यालयहरूको शैक्षिक प्रणालीमा आधुनिकीकरण गरी विद्यार्थीहरूको आकर्षण बढाउन क्षेत्रगतरूपमा नमूना विद्यालय सञ्चालन गरिने । यस्ता नमूना विद्यालयहरूमा बुढानिलकण्ठ स्कुल र गण्डकी बोडिङ्ग स्कुलबाट प्राविधिक सहयोग उपलब्ध हुने व्यवस्था मिलाइने । | ◆ शैक्षिक सत्र-२०६७ का लागि नमूना विद्यालयमा अध्ययन गर्ने छात्र-छात्राका लागि आवेदन दिने र परीक्षा सञ्चालन सम्बन्धमा गोरखापत्रमा सूचना प्रकाशन गरिएको । ती विद्यालय व्यवस्थापन र सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनयन गरिएको ।<br>◆ हालसम्म निम्नानुसार ४ विद्यालयहरूमा विद्यार्थी भर्ना भई लाभान्वित भएकाः<br>○ वीरेन्द्र विद्यामन्दिर उच्चमाध्यामिक विद्यालय, टिकापुर-कैलाली- ४६ जना<br>○ बालमन्दिर माध्यामिक विद्यालय, लुम्ले-कास्की- ४२ जना<br>○ कुलेश्वर आवासीय माध्यामिक विद्यालय, कुलेश्वर-काठमाडौँ- ४८ जना<br>○ नवजीवन उच्चमाध्यामिक विद्यालय, जुटपानी,सर्लाही- ३ जना । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २०८ | विद्यार्थी र शिक्षक अनुपातमा सन्तुलन कायम गरी विद्याथी चाप बढी भएका विद्यालयहरूमा शिक्षक-हरूको सुनिश्चितता गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरिने । | ◆ **SSR** का ३ **Model** जिल्लाहरू र अन्य ३० जिल्लाको विद्यालय नक्साङ्कन कार्यको प्रतिवेदन प्राप्त भएको र तथ्याङ्क अद्यावधिक भइरहेको । |
| २०९ | विद्यालयमा जाने शिक्षक अनुदानसहित सम्पूर्ण अनुदानलाई पारदर्शी बनाउन प्रति विद्यार्थी लागत अनुदान प्रणालीलाई अनिवार्य बनाई यसको कडा अनुगमन गरिने । | ◆ विद्यालयमा अध्यनरत विद्यार्थीहरूको संख्या यकिन गर्दै अद्यावधिक गर्ने कार्यमा जिल्लाका प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा कार्यालयलाई पूर्ण जिम्मेवार बनाइएको ।<br>◆ प्रति विद्यार्थी एकाइ लागत अनुदानको कार्यान्वयन पक्षलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन निर्देशिका तयार भएको ।<br>◆ विद्यालयमा जाने सबै रकमको लेखापरीक्षणको साथै सामाजिक परीक्षण गर्ने अनिवार्य व्यवस्था गरिएको । |
| २१० | पिछडिएका हिमाली क्षेत्रका विद्यार्थीको आधारभूत शिक्षामा पहुँच सहज र सुनिश्चित बनाउन आवासीय विद्यालयहरूको स्थापना गरी त्यस्ता विद्यालयबाट शिक्षा दिने कार्य सुरु गरिने । | ◆ मुस्ताङ, हुम्ला र जुम्लामा आवासीय विद्यालय सञ्चालन भइरहेकोमा यस वर्ष ताप्लेजुङ, रसुवा, संखुवासभा, सोलुखुम्बु, गोरखा, जुम्ला र दार्चुलामा गरी थप सात वटा आवासीय विद्यालय निर्माणको स्वीकृत डिजाइन, ड्रइङ्ग सहितको निर्देशिका पठाइएको । |
| २११ | विद्यालयमा भइरहेको भौतिक सुधारसम्बन्धी कार्यक्रमलाई प्रयोगकर्तामैत्री बनाउँदै लगिने । आगामी आर्थिक वर्ष आठ हजार सात सय कक्षा कोठा निर्माण र अन्य विद्यालयको भौतिक सुधार गरिने । आधुनिक शिक्षा दिने मदरसालाई भवन निमाणमा सहयोग गरिने | ◆ विभिन्न २१ जिल्लाका सम्पूर्ण कार्यक्रमहरू वितरण भएको जानकारी प्राप्त नभएकोले तुरुन्त सम्पन्न गर्न जिल्लाहरूलाई निर्देशन गरिएको ।<br>◆ शिक्षा विभागमा हालसम्म ७३ जिल्लाबाट विद्यालय छनौटको नामावली प्राप्त भएको ।<br>◆ ५६ जिल्लाबाट भौतिक निर्माणको प्रगति प्राप्त भएको । |
| २१२ | प्राथमिकदखि उच्च तहसम्मका विभिन्न छात्रवृत्तिलाई निरन्तरता दिएको । सामुदायिक विद्यालयबाट उत्तीर्ण भएका विद्यार्थीलाई प्रतिस्पर्धाका आधारमा उच्च शिक्षामा प्रदान गर्ने छात्रवृत्तिमा प्राथमिकता दिइने व्यवस्था मिलाइने । | ◆ दलित १०,१५,५०९ जना, ५० प्रतिशत छात्रा १२,१३,८६८ जना र अपाङ्ग ३९,८४८ (विशेष शिक्षा परिषद्, आवासीय सुविधा छात्रवृत्रिसमेत) जना विद्यार्थीका लागि छात्रावृत्ति प्रदान ।<br>◆ कूल ४,००० छात्रालाई (कक्षा ११ र १२ गरी) प्रति महिना रु. ५००।- का दरले १० महिनाको वितरण कोटाः ४००० । |
| २१३ | त्रिभुवन विश्वविद्यालयको सरचनालाई पुनरावलोकन गरिने । विश्वविद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विशेष जोड दिइने । विश्वविद्यालय नभएका क्षेत्रहरूमा नयाँ विश्वविद्यालय स्थापना गर्दै जाने नीतिअनुरूप आगामी वर्ष सूदरपश्चिमका कञ्चनपुर, मध्यपश्चिम र वीरगञ्जमा विश्व-विद्यालय स्थापना गरिने । साथै, जनकपुरमा राजर्षीजनक विश्वविद्यालय स्थापना गरिने । कैलालीको गेटा-अत्तरीयामा | ◆ सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, कृषि, वन तथा पशु विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक व्यवस्थापिका-संसदबाट पारित । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | मेडिकल कलेज र चितवनको मौजुदा रामपुर कषि तथा पशु विज्ञान क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयसँग परामर्श गरी विश्वविद्यालयको रूपमा विकास गरिने । प्राविधिक शिक्षालाई अगाडि बढाउन पूर्वाञ्चलमा प्रौद्योगिक विश्वविद्यालय स्थापना गरिने । | |
| २१४ | त्रिभुवन विश्वविद्यालयअन्तर्गतका पुराना क्याम्पस-हरूमध्ये काठमाडौको अमृत, त्रिचन्द्र र रत्नराज्य, वीरगञ्जको ठाकुरराम, विराटनगरको महेन्द्र मोरङ्ग, पोखराका पृथ्वीनारायण, पाल्पाको त्रिभुवन क्याम्पस र नेपालगञ्जको क्याम्पस भवन निर्माण र सुधार गरिने । | ◆ त्रिभुवन विश्वविद्यालयका १० वटा आङ्गिक क्याम्पसहरूलाई भवन निर्माण र सुधारका लागि उपलब्ध गराउनु पर्ने रु. १ करोडका दरले १० करोड निकासा भएको । |
| २१६ | त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन भइरहेको प्रविणता प्रमाणपत्र तहलाई प्रतिस्थापन गर्न सबै जिल्ला सदरमुकामहरूमा विज्ञान विषयको अध्यापन सविधासहितको १/१ वटा दश जोड दुई विद्यालय सामुदायिक तवरमा सञ्चालन गर्न आवश्यक आर्थिक सहयोग गरिने । | ◆ उच्च माध्यमिक विद्यालय र २०६६ को कक्षा ११ को परीक्षामा संलग्न भएका तर Performanc grant नपाएका सबै विद्यालयहरूलाई सहयोग गर्न तथ्याङ्क संकलन विवरण तयारी र निर्णय भइरहेको ।<br>◆ दोस्रो उच्च शिक्षा परियोजनाको तर्फबाट ७० वटा विज्ञान संकाय सञ्चालन भएका सामुदायिक उच्च माध्यमिक विद्यालयलाई रु.७ करोड ९९ लाख १६ हजार ७२६ जिल्लाहरूमा विद्यालयले पाउने गरी निकासा गरिएको । |
| २१७ | तराई-मधेसका विद्यार्थीको नसिङ्ग शिक्षामा पहुँच बढाउन रौतहटको गौर र सर्लाहीको मलङ्गवामा नर्सिङ्ग इन्स्टिच्युट स्थापना गर्ने | ◆ गौरमा ट्रान्सफर जडान सम्पन्न र गौर र मलङ्गवामा शैक्षिक भवनको प्लिन्थ लेभलसम्मको कार्यका लागि बोलपत्रसम्बन्धी कार्य सम्पन्न भएको<br>◆ गौर र मलङ्गवामा भवन निर्माण गर्न शिलान्यास सम्पन्न भएको । |
| २१९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूमा आमनागरिकको पहुँचलाई सुनिश्चित गराउन कार्यक्रम विस्तार गरी विद्यालय शिक्षासँग संयोजन गरी सञ्चालन गर्ने नीति लिइने । ३० वटा विद्यालयहरूमा प्राविधिक शिक्षा एनेक्स कार्यक्रम सञ्चालन गरिने । | ◆ १५ वटा साधारण विद्यालयहरू एनेक्स कार्यक्रम संचालन गर्न छनौट भईसकेको ।<br>◆ छनौट भएका विद्यालयहरूको लागि शैक्षिक सामाग्री दिन बोलपत्र छनौटका लागि मूल्याङ्कन भईरहेको । |
| २२० | प्राविधिक शिक्षाको पहुँच नेपालभरि विस्तार गर्ने उद्देश्यअनुरूप आगामी आर्थिक वर्षमा कैलालीको टिकापुरमा पोलिटक्निक इन्टिच्युट स्थापना गरिने । | ◆ भवन निर्माणको कार्य प्रारम्भ भएको । |
| २२१ | सबै नेपालीलाई साक्षर बनाउन "साक्षर बनौ क्षमता बढाउ" साक्षरता कार्यक्रमलाई | ◆ राष्ट्रिय साक्षरता अभियानअन्तर्गत ७५ जिल्लामा संचालित ४३,०५९ प्रौढ साक्षरता कक्षाहरूमध्ये ७३ जिल्लाका साक्षरता कक्षाहरूमा सहभागि |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | स्थानीय निकाय, विद्यालय, शिक्षक र स्थानीय राजनीतिक दलहरूको सहभागितामा अभियानकारूपमा सञ्चालन गरिने । | प्रौढहरूको विवरण प्राप्त भई तालिकीकरण गर्दा महिला ६,८०,९१७ जना र पुरुष १,६९,५३९ गरी कुल सहभागी ८,५०,४५६ जना पुगेको । यसवर्षको लक्ष्य १२,१०,५६० जना रहेकोमा उक्त सहभागिताका आधारमा ७०.२५ प्रतिशत प्रगति हासिल भएको । |

## ३.१८ सामान्य प्रशासन मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २५७ | जनतालाई सुशासनको अनुभूति दिलाई छिटो छरितो, गुणस्तरयुक्त र सुलभ ढङ्गमा सेवा प्रवाह गर्न वर्तमान सरकार दृढ सङ्कल्पित छ । सार्वजनिक प्रशासनलाई जनउत्तरदायी, सक्षम, निष्पक्ष, पारदर्शी तथा राज्यको पूनःसंरचनासँग सामन्जस्य हुने गरी व्यापक सुधार गरिनेछ । | ◆ कार्ययोजना स्वीकृतिको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश भई प्रशासन समितिमा छलफल भएको ।<br>◆ आयोगबाट दोस्रो प्रतिवेदन प्राप्त भएको ।<br>◆ स्वीकृत अवधारणापत्र अनुसार डोटी बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी धनकुटा, दोलखा, डडेल्धुरा, प्युठान, ईलाम र रोल्पा जिल्लास्थित कलेजहरूमा **Persuasive Partnership Program** सञ्चालन गरिएको । |
| २६० | निजामती कर्मचारीहरूको प्रतिस्पर्धात्मक क्षमता र मनोवल उच्च राख्न सबै कर्मचारीलाई क्षमता विकास तथा सेवा र सुविधामा समान अवसर उपलब्ध गराउने नीति अबलम्वन गरिनेछ। लामो समयसम्म वृद्धि नभएको दूर्गमस्थानमा काम गर्ने कर्मचारीको स्थानीय भत्ता र गाउँगाउँमा काम गर्ने कर्मचारीको फिल्ड भत्तामा वृद्धि गरेको छु । सिमित साधनलाई जनताको विकासप्रतिको उर्लदो आकांक्षा पूरा गर्ने अनेकौं प्रयोजनमा विनियोजन गर्नु परेको हुँदा मैले राष्ट्रसेवक कर्मचारीहरूको माग बमोजिम तलब पुनरावलोकन गर्न सकिन । तथापि महङ्गीलाई दृष्टिगत गरी भत्तास्वरूप सुविधामा केही वृद्धिको प्रस्ताव गरेको छु । हालको तलबमानमा रहेको श्रेणीगत विसङ्गतिलाई पनि भत्ताबाट मिलाईनेछ । उच्चस्तरीय तलब आयोगका बाँकी सिफारीशहरू कार्यान्वयन गर्न प्रशासन पुनःसंरचना आयोगबाट प्राप्त हुने अन्तिम प्रतिवेदनलाई समेत अध्ययन गरी वैज्ञानिक तलबमान कायम गर्न प्रयास गरिनेछ। | ◆ रु. १२००।०० का दरले महंगी भत्ता दिईएको<br>◆ राजपत्रांकित कर्मचारीको ४ प्रतिशत र राजपत्रअनंकितको ६ प्रतिशतका दरले तलव वृद्धि गएिको ।<br>◆ रा.प.अनं. द्धितीय र रा.प.अनं. प्रथम श्रेणीको तलवमान समायोजन गरिएको ।<br>◆ दुर्गम भत्ता वृद्धि गरिएको ।<br>◆ फिल्ड भत्ता वृद्धि गरिएको । |
| २६१ | निजामती सेवाबाट जनतामा प्रवाह हुने सेवालाई जनमुखी र गुणस्तरयुक्त बनाईनेछ | ◆ कार्यविवरण निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत भएकोले सोबमोजिम अनुगमन गर्ने गृहकार्य गरिएको ।<br>◆ शैक्षिक योग्यता प्रमाणीकरण गर्ने निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत भई |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | । सरकारप्रति जनविश्वास वृद्धि र छवि सुधार गर्न प्रशासनलाई राजनैतिक हस्तक्षेपबाट पूर्णरूपमा मुक्त राखिनेछ । साथै आचारसंहिताको पूर्णपालन, कार्यप्रणालीमा सरलीकरण, ग्राहक सन्तुष्टि सर्भेक्षण र शासकीय सुधार कार्यक्रमको प्रभाव अध्ययन लगायतका कार्यहरूलाई निरन्तरता दिईनेछ । | कार्यान्वयनमा आएको ।<br>◆ ताप्लेजुङ्ग, पाँचथर, ईलाम, मोरङ्ग र काभ्रे जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला अस्पताल, मालपोत कार्यालय र धुलिखेल नगरपालिका कार्यालयमा सेवाग्राही सन्तुष्टी सर्भेक्षण कार्यक्रम सञ्चालन भएको ।<br>◆ प्रशासन सुधारसम्बन्धी प्रचार-प्रसार १७ वटा Episode प्रसारण भइसकेको र रेडियो/एफ.एम.बाट पनि प्रचार-प्रसार गर्ने तयारी भइरहेको ।<br>◆ सङ्गठन तथा व्यवस्थापनसम्बन्धी कार्यविधी कार्यान्वयन गर्न तयार गरिएको निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत भई आएकोले सबै मन्त्रालयहरूमा परिपत्र गरिएको र निर्देशिका प्रकाशनसमेत गरिएको ।<br>◆ कैलाली, प्युठान र उदयपुर जिल्लाको मालपोत कार्यालय, भूमिसुधार कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालय र वन कार्यालयमासमेत गरी जम्मा ५/५ वटा कार्यालयहरूको सर्भेक्षण गरी प्रतिवेदन तयार गरिएको ।<br>◆ सोलुखुम्बु, सिरहा, अछाम, मनाङ्ग, तनहुँ, कपिलवस्तु, पाल्पा, बारा, मकवानपुर, कञ्चनपुर, धनुषा र सुनसरी जिल्लास्थित कार्यालयहरू तथा केन्द्रीयस्तरका ४१ वटा सरकारी निकायहरूमा व्यवस्थापन परीक्षण सम्पन्न भएको । |
| २६२ | निजामती सेवामा कार्यरत सबै कर्मचारीहरूको लागि आवास व्यवस्था निर्माण गर्ने नीति लिईनेछ । नमुनाको रूपमा आगामी वर्ष दार्चुला र महोत्तरी जिल्लामा कर्मचारी आवास प्रकृतिका भवनको निर्माण शुरु गरिने । | ◆ नेपाल खाद्य संस्थान, उपशाखा, दार्चुलाको नाममा रहेको ४-१३-१-० रोपनी जग्गा खरिद भइसकेको ।<br>◆ महोत्तरी जिल्लामा वन तथा भू-संरक्षण मन्त्रालयको नाममा रहेको १-१६-१७-० बिगाहा जग्गा प्राप्तिको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको । |
| २६३ | निजामती अस्पताललाई जटिल रोगहरूको रेफरल केन्द्रकोरूपमा विकास गर्दै लैजाने नीतिअनुरूप आगामी आर्थिक वर्षमा अर्बुदरोग तथा मृगौलारोग इकाई शुरु गरिने छ । | ◆ निजामती कर्मचारी अस्पतालमा बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा, आकस्मिक सेवा तथा अपरेसन सेवासमेत सञ्चालनमा ल्याइएको र आधुनिक उपकरणहरू जडान गरी मेडिसिन, सर्जरी, प्रसुती तथा स्त्रीरोग, बालरोग, हाडजोर्नी, छालारोग, मानसिकरोग, आँखारोग, दाँतरोग तथा फिजियोथेरापी सेवासमेत सञ्चालनमा ल्याइएको ।<br>◆ मृगौला उपचारसम्बन्धी केन्द्रको स्थापना गर्न आवश्यक पूर्वाधारको तयार गरी दक्ष चिकित्सकको सेवाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरिएको ।<br>◆ अर्बुद रोगको पहिचान गर्नको लागि आवश्यक उपकरणहरू खरिद गरिएको । |
| २६४ | आफ्ना बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा दिलाउन सुगम क्षेत्रमा सरुवा तथा पदस्थापनको चाहना राख्ने प्रवृति बढिरहेको छ । यसको निराकरणको लागि निश्चित स्थानहरूमा निजामती कर्मचारीका बाल-बालिकाहरूले प्राथमिकता पाउने गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने आवासीय विद्यालय स्थापना गर्ने व्यवस्था मिलाएको । आगामी आर्थिक वर्ष दिपायल र धनकुटामा १/१ वटा उच्चमाध्यमिक विद्यालय स्थापना | ◆ धनकुटा र डोटी जिल्लामा आवासीय विद्यालय निर्माण गर्न क्षेत्रीय प्रशासन कार्यालय धनकुटा र दिपायलको विद्यालय व्यवस्थापन समितिको नाममा रु. १/१ करोडको रकम निकाशा पठाइसकेको ।<br>◆ जग्गा उपलब्ध गराउने व्यवस्थाका लागि वन तथा भू-संरक्षण मन्त्रालयमा पत्राचार भइसकेको छ । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | गरिनेछ, यस्ता विद्यालयको सञ्चालनमा स्थानीयस्तरमा अभिभावक कर्मचारीहरूकै सञ्चालक समिति रहनेछ । केन्द्रीयस्तरमा यसको समन्वय सामान्य प्रशासन मन्त्रालयले गर्नेछ | |
| २६५ | स्वदेशी विश्वविद्यालयहरूमा डाक्टर र ईन्जिनियर विषयको स्नातक र विज्ञान, व्यवस्थापन तथा अर्थशास्त्र विषयमा स्नातकोत्तर उपाधिको लागि प्रतिष्पर्धाको आधारमा छनौट भएका निजामती कर्मचारीका छोराछोरीमध्ये बार्षिक दुईसय जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइनेछ । निजामती कर्मचारीहरूलाई समुचित तलब सुविधा, बसोवासको व्यवस्था, स्वास्थ्य सेवा र सन्ततिको उच्चशिक्षाको अवसरलाई क्रमिकरूपमा वृद्धि गर्दै लैजान सरकार कटिबद्ध छ यसबाट सदाचार, इमान्दारिता र लगनशीलता वृद्धि भई सेवा प्रवाहमा सुधार आउने विश्वास लिइएको छ । | ◆ निजामती कर्मचारीहरूका छोराछोरीको लागि छात्रवृत्ति प्रदान गर्न तयार गरिएको छात्रवृत्तिसम्बन्धी निर्देशिका, २०६७ मन्त्रिपरिषद्, विधेयक समितिबाट स्वीकृत भइआएको हुँदा छात्रवृत्ति कोष स्थापना गरी छात्रवृत्ति प्रदान गर्ने गृहकार्य भइरहेको । |

## ३.१९ सूचना तथा संचार मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १९२ | सूचना प्रविधिमा आम नेपाली जनताको पहुँच वृद्धि गर्न सबै गाउँ विकास समितिहरूमा आगामी आर्थिक वर्षभित्र टेलिफोन सेवा पुऱ्याइनेछ । आगामी पाँच वर्षभित्र पचहत्तरै जिल्लामा अप्टिकल फाइवर विस्तार गरिनेछ । | ◆ टेलिफोन सेवा पुग्न बाँकी ३८० गाउँ विकास समितिमा टेलिफोन सेवा पुगी मुलुकका सबै ३,९१५ गाउँ विकास समितिमा टेलिफोन सेवा पुगेको ।<br>◆ २६० स्थानमा **VSAT Rural Terminal** जडान भएको ।<br>◆ १८ स्थानमा **VSAT Backhaul** बाट **GSM** सेवा सञ्चालनमा आएको ।<br>◆ **CDMA** को १२३ वटा **BTS** जडान भएको ।<br>◆ यस आर्थिक वर्षमा विभिन्न ११२ वटा हुलाक कार्यालयमा टेलिसेन्टर स्थापना गर्ने कार्य पूरा भएको र बाँकी ८ हुलाक कार्यालयमा स्थापनाका लागि अन्तिम चरणमा पुगेको ।<br>◆ प्रत्येक जिल्ला सदरमुकामसम्म अप्टिकल फाइबर नेटवर्क निर्माण गर्ने र वैकल्पिक सूचना राजमार्ग तयार गर्ने सम्बन्धमा **Modality** तय गर्न गठित समितिले अन्तिम प्रतिवेदन पेश गरेको ।<br>◆ प्रत्येक जिल्ला सदरमुकामसम्म अप्टिकल फाइबर नेटवर्क निर्माण गर्ने र वैकल्पिक सूचना राजमार्ग तयार गर्ने सम्बन्धमा **Modality** तय गर्न गठित समितिले प्रस्ताव गरेअनुरूप निर्माण हुने **District Optical Fibre Network** को **Minimum Quality Standard** निर्धारण गर्न गठित कार्यदलले पेश गरेको प्रतिवेदनमा छलफल भई परिमार्जित **RFA** तयार पार्न कार्यटोली गठन भएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १९३ | जनहित र लोककल्याणलाई मद्दत पुऱ्याउने खालका सूचनामूलक सामग्रीलाई प्रचार-प्रसार गरी जनताको सुसूचित हुने अधिकारलाई सुनिश्चित गरिनेछ । | ◆ सूचना विभागमा पोर्टलको निर्माण कार्य सम्पन्न गरी आवश्यक सूचनाहरू सङ्कलन तथा सम्प्रेषण कार्य जारी रहेको ।<br>◆ प्रेस जगत्को गरिमा र महत्वलाई उच्च राख्ने उद्देश्यले छापाखाना तथा प्रकशनसम्बन्धी ऐन, २०४८ र सोको नियमावली, २०४९ मा समसामयिक संशोधन गर्ने गरी प्रस्ताव गरिएको छ ।<br>◆ नेपाल टेलिभिजनबाट जनहित र लोकल्याणलाई मद्दत पुऱ्याउने खालका समाचार तथा समाचारमूलक कार्यक्रम र विभिन्न किसिमका टेलिफिल्म, टेलिश्रृंखला तथा कार्यक्रमहरू प्रसारण गरिएको ।<br>◆ सगरमाथाको आधारशिविरबाट मन्त्रिपरिषद् वैठक र सोसम्बन्धी गतिविधिको, प्रजातन्त्र दिवस (परिसंवादसमेत) तथा पर्यटन दिवस २०६६ सम्बन्धी कार्यक्रमहरू प्रत्यक्ष प्रसारण गरिएका छन् ।<br>◆ बृत्तचित्रहरू "संकल्प" र "नेतृत्व" तथा स्व. गिरिजाप्रसाद कोइरालाको स्मृतिमा विशेष कार्यक्रम प्रसारण गरिएको ।<br>◆ सूचना तथा सञ्चार मन्त्रालयको महिला सशक्तीकरण तथा अपाङ्ग उत्थान कार्यक्रमअन्तर्गत "अठोटका पाइलाहरू" नामक टेलिफिल्म निर्माण भई प्रसारण भएको ।<br>◆ रेडियो नेपालको गुल्मी, गोरखा, दार्चुला, बझाङ र रोल्पामा **FM** रिले केन्द्र स्थापना गर्ने सिलसिलामा दार्चुला, बझाङ र गुल्मीमा रिले केन्द्र स्थापना भई परीक्षण प्रसारण प्रारम्भ गरिएको । |
| १९४ | नेपालको भौगोलिक अवस्थिति, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यताको कारण चलचित्र छायाङ्कनको प्रचुर सम्भावना रहेकोले नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनको लागि आकर्षक थलोका रूपमा विकास गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछन् । | ◆ नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनको लागि आकर्षक थलो एवं चलचित्र पर्यटनस्थलको रूपमा विकास गर्न चलचित्र विकास बोर्डको **Website www.film.gov.np** मार्फत प्रचार प्रसार गर्ने कार्य भइरहेको ।<br>◆ नेपालमा रहेका चलचित्र छायाङ्कनस्थलहरू र चलचित्रसम्बन्धी नीति नियमहरू समावेश गरी **Location Guide** तयार गर्न एक समिति गठन भई कार्य भइरहेको ।<br>◆ हङकङ फिल्म फेष्टिबलमा एसियन फिल्म अवार्डका लागि तीन वटा चलचित्र छनौट गरिएको । |

## ३.२० सिंचाई मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ९१ | सिक्टा सिंचाइ आयोजनालाई उच्चप्राथमिकता दिइने छ । मूल नहरको प्रथम खण्डको १५ किलोमीटर निर्माण र थप ३५ किलोमीटर सम्मको खण्डको डिजाईन र लगत इष्टिमेट तयार गर्ने कार्य सम्पन्न गरिने । | ◈ डाइभरर्सन स्ट्रक्चर तथा १.४ किलोमीटर **Flushing Channel** को सम्पूर्ण सिभिल निर्माण कार्य सम्पन्न ।<br>◈ विभिन्न चैनेजमा नहरमा माटो खन्ने र **Canal Lining** कार्य चालू रहेको ।<br>◈ यस **Reach** को विभिन्न चैनेजमा नहरमा माटो खन्ने, **Canal Lining** र **Structure** निर्माण कार्य चालू रहेको ।<br>◈ विस्तृत सर्भे, डिजाइन तथा लागत अनुमान तयार भइरहेको । |
| ९२ | कैलाली जिल्लाको रानीजमरा कुलरीया सिंचाइ आयोजनाले उक्त जिल्लाको करीब २० हजार हेक्टर खेती योग्य जमिनमा सिंचाइ उपलब्ध हुने भएकोल यो आयोजना | ◈ **Intake** र **Protection Works** को **Design, Drawings** स्वीकृत भएको ।<br>◈ **EIA** प्रतिवेदन अध्ययन कार्यको परामर्शदाताबाट मस्यौदा प्रतिवेदन प्राप्त भई अध्ययन भइरहेको ।<br>◈ इन्टेक, डिसिल्टिङ्ग बेसिन तथा लिङ्क क्यानल निर्माणको लागि पुनः टेण्डर |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | शुरु गर्ने । बारामा जमुनी सिंचाइ आयोजनाको निर्माण कार्य प्रारम्भ गरिने । दाङको बड्कापथ सिंचाइ आयोजनाको काममा तीव्रता दिइने । | आव्स्वान गरेको ।<br>◈EIA अध्ययन प्रतिवेदन स्वीकृतीको प्रक्रिया सम्बन्धमा वातावरण मन्त्रालयमा प्रस्तुतिको लागि मिति तय भएको । |
| ९३ | महाकाली सिंचाइ आयोजना (तेस्रो चरण) अर्न्तगत भारतको टनकपुर व्यारेजबाट नेपाललाई प्राप्त हुने पानीको उपयोगबाट थप ३६ हजार हेक्टर जमिनमा सिंचाइ सुविधा विस्तार हुने भएकोले यस आयोजनालाई विनियोजन प्राथमिकताका साथ सञ्चालन गर्न बजेट विनियोजन । | ◈प्रथम खण्डको क्रमागत ३ किलोमीटर नहरको माटो खन्ने कार्य सम्पन्न भएको । |
| ९४ | तराईका २० जिल्लामा १२ वटा नयाँ डीप टयूबवेल, क्रमागत २५ वटा डीप टयूबवेल र ७ हजार वटा स्यालो टयूबवेल जडान गरी १६ हजार ६ सय हेक्टर जग्गामा वर्षैभरि सिंचाइ सुविधा पुऱ्याइने । | ◈१८ वटा डीप ट्यूबवेलहरूको निर्माण सम्पन्न भइसकेको, ४ वटाको निर्माण कार्य चालू रहेको ।<br>◈विभिन्न जिल्लाहरूमा १२ वटाको निर्माण कार्य पूरा भएको, ७ वटाको निर्माण कार्य चालू रहेको ।<br>◈७,५३५ वटा स्यालो ट्यूबवेल निर्माण भइसकेको । |
| ९५ | साना तथा मझौला सिंचाइ योजना निर्माणमा उच्च प्राथमिकता । व्यापकरूपमा सञ्चालन गरिने यस्ता सिंचाइ आयोजनाहरूले रोजगारीको अवसर पनि सिर्जना हुने । | ◈विभिन्न जिल्लाहरूअन्तर्गत क्रमागतमा रहेका करीब ३० वटा सिंचाइ योजनाहरूको निर्माण कार्य सम्पन्न र बाँकी योजना-हरूको निर्माण भइरहेको ।<br>◈क्रमागत सिंचाइ योजनाहरूको निर्माण कार्य सुचारु रहेको (११२ वटा योजनाहरूको निर्माण कार्य चालू भइरहेको) ।<br>◈करीब १०० वटा सिंचाइ योजनाहरूको अध्ययन सम्पन्न र अरु योजनाहरूको अध्ययन कार्य भइरहेको । |
| ११० | तराई-मधेसका विनाशकारी नदी तथा खहरे खोलाहरूमा गुरुयोजना बमोजिमको नदी नियन्त्रण कार्य क्रमिकरूपमा सम्पन्न गरिनेछ । अन्य नदी तथा खहरे खोलाहरूमा तटबन्ध निर्माण कार्य गरिनेछ | ◈वार्षिक लक्ष्य ३०.७३ किलोमीटर तटबन्ध गर्ने रहेकोमा आर्थिक वर्षको अन्त्य सम्ममा ३० किलोमीटर निर्माण कार्य सम्पन्न भएको छ<br>◈गुरुयोजनामा आधारित २५ वटा नदी स्थानहरूमा नदी नियन्त्रण गर्ने वार्षिक लक्ष्य रहेकोमा २५ वटै निर्माण कार्य सम्पन्न भएका छन् ।<br>◈केन्द्रीयस्तर प्रकोप नियन्त्रण कार्यक्रमअन्तर्गत ५५० वटा बाढी पहिरो नियन्त्रण लक्ष्य रहेकोमा ४९४ वटा निर्माण कार्य सम्पन्न भएको छ ।<br>◈साना प्रकोप नियन्त्रणअन्तर्गत १,९३३ वटा बाढी पहिरो नियन्त्रण कार्य गर्ने लक्ष्य रहेकोमा १,६४४ वटा निर्माण कार्य सम्पन्न भएको छ<br>◈वागमती नदी नियन्त्रण आयोजनाअन्तर्गत तटबन्ध २ किलोमीटर, रिभेटमेन्ट ७०० मीटर, स्पर स्टड १० वटा, ग्यावेलिङ्ग १५ किलोमीटर र एन्टिफ्लडस्लुइस ७ वटा निर्माण कार्य भएको छ ।<br>◈लालबकैया नदी नियन्त्रण आयोजनाअन्तर्गत तटबन्ध १४.५ किलोमीटर, रिभेटमेन्ट १,९१५ मीटर, स्पर स्टड ४३ वटा, एन्टिफ्लडस्लुइस २ वटा र इरिगेशन आउटलेट एउटा निर्माण कार्य सम्पन्न भएको छ ।<br>◈कमला नदी नियन्त्रण आयोजनाअन्तर्गत तटबन्ध १८.३ किलोमीटर, रिभेटमेन्ट ३.५ किलोमीटर, स्पर स्टड ७ वटा र एन्टिफ्लडस्लुइस २ वटा निर्माण कार्य सम्पन्न भएको छ ।<br>◈कन्काई नदी नियन्त्रण आयोजनाअन्तर्गत तटबन्ध १.१५ किलोमीटर र |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | | रिभेटमेन्ट १.१५ किलोमीटर निर्माण कार्य सम्पन्न भएको छ ।<br>◈सुनसरी नदी नियन्त्रण आयोजनाअन्तर्गत तटबन्ध ३.१ किलोमीटर र स्पर स्टड ६ वटा निर्माण कार्य सम्पन्न भएको छ ।<br>◈इन्द्रावतीबगर करिडोर आयोजनाअन्तर्गत ५०० मीटर तटबन्ध गर्ने लक्ष्य रहेकोमा शतप्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । |

## ३.२१ स्थानीय विकास मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ४८ | द्वन्द्वोत्तर विकास निर्माण कार्यक्रमबाट २६० किलोमिटर सडक र ४० वटा पुल निर्माण कार्य सुरु हुने, ९६ वटा झोलुङ्गे पुल, १०४ वटा स–साना पूर्वाधारहरू निर्माण हुने तथा ८० वटा खानेपानी योजना सम्पन्न हुनेछन् । | ◆२६० किलोमीटर सडकको सम्भाव्यता अध्ययन भएको ।<br>◆२६० किलोमीटर सडक विस्तृत सर्वेक्षण डिजाइन भएको ।<br>◆३८ वटा सडकको **Cadastral Survey** सम्पन्न भएको । अन्य ११ वटा सडकको पुनर्बास योजना तयार गर्ने काम भइरहेको र १८ वटा सडकको पुनर्बास योजना तयार भइसकेको ।<br>◆३४ किलोमीटर सडक निर्माण कार्य भइरहेको । बाँकी सडक निर्माण कार्यको लागि ठेक्का बन्दोबस्ती गर्ने कार्य भइरहेको ।<br>◆१३ वटा सडक पुलको सम्भाव्यता अध्ययन सम्पन्न भएको ।<br>◆४६ वटा झोलङ्गे पुल निर्माण कार्य सम्पन्न, अन्य ४९ वटा झोलङ्गे पुल निर्माण कार्य भइरहेको ।<br>◆२४१ वटा खानेपानी तथा सरसफाई योजनाको सम्भाव्यता अध्ययन भएको ।<br>◆२ वटा खानेपानी योजनाको कार्य सम्पन्न तथा ७४ वटा खानेपानी योजना निर्माण कार्य शुरु भएकोमा ६६ वटा सम्पन्न हुने अवस्थामा रहेको । |
| ५४ | जेष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जाति, आंशिक तथा पूर्ण अपाङ्ग भएका व्यक्तिहरूलाई प्रदान गरिदैं आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिएकोछु । राउटे जातिलाई दिदै आएको मासिक भत्तालाई रु. ५ सयबाट बढाएर रु. १ हजार पुऱ्याएकोछु । साथै, राउटेहरूले स्थायी रूपमा बसोवास गर्न चाहेमा उपयुक्त स्थानमा बसोबास गराइनेछ । | ◆लक्षित समूह यकीन भई जेष्ठ नागरिक-५,३२,६३४, जेष्ठ नागरिक (दलित)-९,३७७ जेष्ठ नागरिक (कर्णाली)-१४,१०८, एकल महिला-२,६७,८५७, लोपोन्मुख जाति-१६,४७०, पूर्ण अशक्त अपाङ्ग-१३,०८९ र आंशिक अपाङ्ग-६,८७५ लाई पहिलो, दोस्रो र तेस्रो किस्ता भत्ता वितरण कार्य गरिएको । |
| ५७ | आर्थिक तथा सामाजिक विकासमा पछाडि पारिएका आदिवासी–जनजाति, थारु, तराईबासी, मधेसी, दलित, मुस्लिम, पिछडावर्ग, लोपोन्मुखजाति, उत्पीडित, विपन्न, अपाङ्ग तथा पिछडिएको क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, रोजगारी र सशक्तिकरणका लागि उच्च प्राथमिकताका साथ विशेष कार्यक्रम सञ्चालन गरिनेछ । | ◆दलिततर्फ २४ जना जेहेन्दार विद्यार्थीलाई पुरस्कृत गरिएको तथा ५८४ जना विद्यार्थीहरूलाई उच्चशिक्षा छात्रवृत्ति विवरण गरिएको ।<br>◆३४२ जनालाई उच्चशिक्षा अध्ययनका लागि छात्रवृति वितरण गरिएको ।<br>◆७५ जिल्लामा आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन भएको ।<br>◆१० जिल्ला विभिन्न १० स्थानहरूमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी करीव ११,५०० जनालाई स्वास्थ्य सेवा घरदैलोमै उपलब्ध गराइएको । |
| ६० | विपन्न तथा अत्यन्त पिछडिएका परिवारमा | ◆बालसंरक्षण अनुदान कार्यविधि स्वीकृत भएको ।<br>◆कर्णाली अञ्चलका सबै र देशभरका सबै विपन्न दलित परिवारको जिल्लागत |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | शिशु स्याहारको अवस्थामा सुधार ल्याउन आगामी आर्थिक वर्षको कात्तिकदेखि प्रत्येक विपन्न दलित परिवार र कर्णाली अञ्चलका सबै परिवारका ५ वर्ष मुनीका दुई जनासम्म बालबालिकाको पोषणमा खर्च गर्नेगरी आमा वा आमा नभएमा संरक्षकलाई प्रति बालबालिका मासिक रु. २ सयका दरले "बाल संरक्षण अनुदान" दिइनेछ । यस सम्बन्धी कार्यविधी स्थानीय विकास मन्त्रालयले २०६६ असोज मसान्तसम्ममा तयार गर्नेछ । यो कार्यक्रमबाट करीब ४ लाख बालबालिकाको पोषण स्थितिमा सुधार हुनेछ । | लगत सङ्कलन र लक्षित समूहको पहिचान गर्ने क्रममा ३,९२,४६१ जना बालबालिकाहरूको तथ्याङ्क सङ्कलन भएको ।<br>◆ लक्षित समूहलाई भत्ता रकम वितरण गर्न ७५ वटै जिल्ला विकास समितिमा रु.७२ करोड अख्तियारी प्रदान गरिएको । |
| ६१ | साविकमा सञ्चालनमा रहेका गरीबसँग विश्वेश्वर र महिला जागृति कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूलाई जिल्ला विकास समितिमार्फत निरन्तरता दिने व्यवस्था मिलाएको । | ◆ गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका स्वीकृत भई कार्यान्वयनमा आएको ।<br>◆ सामाजिक परिचालन कार्यक्रमका लागि बजेट बाँडफाँड गरी ६३ जिल्लामा अख्तियारी पठाइएको । |
| १६४ | शहरी क्षेत्रको फोहर व्यवस्थापन गर्न नगरपालिकाको अगुवाईमा "हाम्रो शहर सफा शहर" कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ । प्रत्येक नगरवासीलाई घर घरमा नै फोहोर व्यवस्थापन गर्न उत्प्रेरित गरिनेछ । फोहरलाई विभिन्न समूहमा छुट्याएर मात्र घरबाट बाहिर निकाल्नु पर्ने व्यवस्था मिलाइनेछ । साथै, फोहर मैला व्यवस्थापनमा व्यापक रूपमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । | ◆ जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न नगरपालिकाहरू-लाई निर्देशन पठाइसकिएको । तर शहरी क्षेत्रको फोहोरमैला व्यवस्थापनमा ठोस प्रगति हासिल हुन सकेको छैन । |
| १६५ | शहरी क्षेत्रभित्र निस्कने फोहर उपत्यका बाहिर रहेका ल्याण्डफिल साइटमा लगेर फ्याँक्ने कार्यमा ल्याण्डफील साइट वरिपरिका जनताले बेला बेलामा विभिन्न माग राखेर आन्दोलन गरी अवरोध सिर्जना गर्ने र हप्तौंसम्म फोहर उठाउन नसकी शहर दुर्गन्धित हुने गरेकोछ भने शहरबाट निस्कने फोहोरको प्रशोधन गरी उपयोग गर्न सकिएको छैन । यी समस्याको | ◆ फोहरमैला व्यवस्थापन अधिकारसम्बन्धी उच्चस्तरीय समिति गठन भएको ।<br>◆ पूर्वाधार विकास निर्माण सम्बन्धमा भएको अधिकार प्रयोग गर्न अधिकार प्रत्यायोजनका लागि **TOR** सहितको प्रस्ताव स्विकृत भएको ।<br>◆ काठमाडौँ उपत्यकाको फोहरमैलालाई सार्वजनिक-निजी साझेदारीमा व्यवस्थापन गर्न मनसायपत्र मूल्याङ्कनबाट छनौट सूचीमा परेका ११ वटा कम्पनीहरूसँग प्रस्ताव आव्ह्वानका लागि ३० दिने सूचना प्रकाशन गरिएकोमा विभिन्न ८ वटा कम्पनीहरूबाट प्राप्त भई मूल्याङ्कनको क्रममा रहेको ।<br>◆ सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउन आवश्यक विवरण सहित प्रस्ताव तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने प्रक्रियामा रहेको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | समाधान गरी दीर्घकालीनरूपमा सबै शहरी क्षेत्र र खासगरी उपत्यकाको फोहरलाई उपयोगमूलक ढंगले व्यवस्थापन गर्न शहरी क्षेत्रभित्रै फोहर प्रशोधन गरी मल कारखाना स्थापना गर्न प्रोत्साहन गरिनेछ । यसको लागि एक उच्चस्तरीय अधिकार सम्पन्न फोहर व्यवस्थापन समिति गठन गरी २०६६ कात्तिक महिनाभित्र प्रतिस्पर्धाबाट निजी क्षेत्रको कम्पनीलाई छनौट गरिनेछ । मल कारखाना स्थापना गर्ने कम्पनीलाई सार्वजनिक जग्गा दीर्घकालीन लीजमा उपलब्ध गराइनेछ । साथै, कारखानाको लागि आवश्यक मेशिनरी सामानको आयातमा मूल्य अभिवृद्धि कर र भन्सार महसुल छुट दिइनेछ । | |
| १८५ | नेपाली जन र मनमा विकासको अवधारणा बनेको "आफ्नो गाउँ आफै बनाऔं" कार्यक्रम ग्रामिण विकासको कोशेढुंगा सावित भएको छ । यो कार्यक्रमअन्तर्गत गाउँमा जाने लगानीमा ठूलो वृद्धि भएको छ र गाउँ घरमा अनेकौ विकास निर्माणका कार्यहरू सम्पन्न भएका छन् । तर, हालका वर्षहरूमा निर्वाचित जनप्रतिनिधि र पर्याप्त जनशक्तिको अभावका कारण एकातिर अनुदान गएको रकम पूरै खर्च हुन सकेको छैन भने अर्कोतर्फ खर्चको प्रभावकारिता पनि कम रहेकोछ । श्रममूलक जनसहभागिता वृद्धि गर्न, निर्माण भएका संरचनाको स्थायित्व कायम गर्न र अनुदान रकमको दुरूपयोग रोक्न कार्यक्रम सञ्चालन प्रणालीमा परिमार्जन गरिनेछ । गाउँ विकास समितिमा गएको अनुदानको उपयोग र त्यसको प्रभाव सम्बन्धमा केन्द्रबाट निरन्तर रूपमा प्रभावकारी अनुगमन गरिनेछ । प्रत्येक गाउँ विकास समितीको जनसंख्या, लागत तथा भौगोलिक क्षेत्रफलको आधारमा अनुदान वितरण गरिनेछ । | ◆ गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६ मन्त्रिपरिषद्बाट स्विकृत भई कार्यान्वयनमा रहेको ।<br>◆ खर्च प्रभावकारिताको अनुगमनको लागि सूचकसहितको अनुगमन फारम तयार गरी जिल्ला विकास समितिमा उपलब्ध गराइएको तर केन्द्रीयस्तरबाट प्रभावकारी अनुगमनको व्यवस्था गर्न सकिएको छैन । |
| १८६ | जिल्ला विकास समिति र नगरपालिकामा | ◆ न्यूनतम तथा थप अनुदान वितरण गर्ने सुत्र अध्याबधिक गरिएको । सो |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | जाने अनुदानमा वृद्धि गरी रु. २ अर्ब ८ करोड बजेट विनियोजन भएको । | अनुसार अनुदान बाँडफाँड भएको ।<br>◆ जिल्ला विकास समितिको चौमासिक सूचक फाराम परिमार्जन गरिएको ।<br>◆ सबै विकास क्षेत्र तथा भौगोलिक क्षेत्र समेट्ने गरी प्रत्येक चौमासिकमा कम्तिमा १५ जिल्लाको अनुगमन गरिने सन्दर्भमा ३८ जिल्लामा अनुगमन गरिएको । |
| १८७ | स्थानीय निकायको क्षमता अभिवृद्धि, समुदायको सहभागितामा आधारित सेवा प्रवाह र सामाजिक परिचालनको माध्यमबाट समुदायको सशक्तिकरणका लागि स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन । | ◆ दातृ समुदायसँग **Joint Financing Arrangemant (JFA)** को सम्झौता सम्पन्न ।<br>◆ सामाजिक परिचालन सेवा प्रदायकहरूको नक्साङ्कन गर्ने काम शुरु भएको । परामर्शदातृ निकायसँग सम्झौता सम्पन्न भइसकेको ।<br>◆ १,६४९ गाउँ विकास समितिहरूमा सामाजिक परिचालनको लागि बजेट पठाइएको ।<br>◆ ७४ जिल्लामा स्थानीय सेवाप्रदायकहरूको छनौट भएको ।<br>◆ जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिका क्षमता विकास अनुदान निर्देशिका तयारी भइसकेको ।<br>◆ ७५ जिल्ला विकास समिति तथा ५६ वटा नगरपालिकाहरूको क्षमता विकास योजना तयार भएको ।<br>◆ जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिका थप अनुदान सञ्चालन कार्यविधि, २०६६ स्वीकृत भइसकेको । थप अनुदानअन्तर्गत योजना छनौट भई कार्यान्वयन चरणमा रहेको ।<br>◆ **MCPM** को आधारमा स्थानीय निकायलाई रु. २ अर्ब ४७ करोड २९ लाख थप एकमुष्ठ अनुदान वितरण गरिएको ।<br>◆ **Sector Condition Grant** निर्देशिका/कार्यविधि स्वीकृत भएको ।<br>◆ **LGCDP/ GESI Strategy** स्विकृत भइसकेको । |
| १८८ | ग्रामीण क्षेत्रमा निर्माण सम्पन्न भएका सडकलाई बाह्रै महिना सञ्चालन हुने बनाउन ५ सय १५ किलोमिटर सडक ग्राभेल, ३ हजार ५ सय ३२ किलोमिटर सडकको नियमित मर्मत र २ सय वटा झोलुंगे पुलको निर्माण सम्पन्न गर्ने । साथै, ग्रामीण पूर्वाधारको लागि ७ सय ३८ किलोमिटर नयाँ ट्र्याक खोल्नको लागि पनि आवश्यक बजेट व्यवस्था गरेको । | ◆ स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमको निर्देशिकाको संशोधन स्वीकृत भई जिल्ला विकास समिति, नगरपालिका र जिल्ला प्रीविधिक कार्यालयमा पठाइसकिएको ।<br>◆ ८४४ किलोमीटर कच्ची सडक निर्माण सम्पन्न । ६०१ किलोमीटर सर्भे डिजाइन सम्पन्न ।<br>◆ ७१९ किलोमीटर मर्मत सम्भार भएको ।<br>◆ ४५ किलोमीटरमा सडक स्तरोन्नती भएको ।<br>◆ २१० वटा स-साना पुल पुलेसा निर्माण सम्पन्न भएको ।<br>◆ १२९ वटा क्रमागत झोलङ्गे पुल निर्माण सम्पन्न । क्रमागत २३० झोलङ्गे पुलहरू निर्माणाधिन ।<br>◆ १८४ वटा क्रमागत खानेपानी योजना सम्पन्न । बाँकी खानेपानी योजनाहरू निर्माणाधिन रहेका ।<br>◆ **RTI/SWAp** लाई **Piloting** को रूपमा ७ जिल्लामा कार्यान्वयन गर्न निर्देशिका तयार भएको । |
| १८९ | २१ दूर्गम जिल्लामा कामको लागि खाद्यान्न वितरण गर्न ६ हजार ५ सय मेट्रिकटन खाद्यान्न उपलब्ध गराई १ सय १२ किलोमिटर सडक निर्माण गर्नका लागि | ◆ आर्थिक वर्ष २०६६/६७ मा विश्व खाद्य कार्यक्रमबाट प्राप्त हुनुपर्ने वैदेशिक अनुदान सो कायक्रमले आर्थिक अभाव देखाई उपलब्ध नहुने जानकारी गराएको हुँदा नेपाल सरकार कै स्रोतबाट उक्त कार्यक्रम सञ्चालन गर्न बार्षिक कार्यक्रम संशोधन राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट स्वीकृत भई जिल्लाहरूमा अख्तियारी पठाई सकिएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | बजेट विनियोजन गरेको छ। | ◆५२.५ किलोमीटर ग्रामीण सडकको सर्भेक्षण कार्य सम्पन्न भई ४५ किलामीटर निर्माण सम्पन्न भएको। |
| १९० | निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि रु. ६० करोड १० लाख प्रस्ताव गरेको छ। | ◆संविधान सभामा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित तथा समानुपातिक र मनोनिततर्फका जम्मा ५९७ जना सभासद्हरूको कार्यक्रम सञ्चालनको लागि प्रति सभासद् रु. १० लाखको दरले अख्तियारी पठाइएको। |
| १९१.क | कर्णाली रोजगार कार्यक्रमका लागि रु. २२ करोड ५६ लाख विनियोजन गरेको छ। | ◆बेरोजगार परिवारहरूको लगत तयार गर्ने क्रममा बेरोजगार संख्या ७१,००५ कायम भएको।<br>◆जिल्लाले बेरोजगार परिवारको लगत निकाल्ने, योजनाको छनौट गर्ने र निकासा दिने कार्य भइरहेको। |
| १९१.ख | चालु आर्थिक वर्षदेखि स्थानीय विकास शुल्कको असुली खारेज गरिएकोले साविकमा नगरपालिकाहरूलाई प्रदान गर्दै आइरहेको स्थानीय विकास शुल्कको लागि रु. २ अर्व विनियोजन भएको। | ◆जगेडाकोष कार्यक्रमबाट सञ्चालन हुने योजनाहरूको रकम निकाशा गर्ने सन्दर्भमा रु.२० करोड ८६ लाख ६९ हजार निकासा भएको, रु.७१ करोड ३ लाख ९९ हजार बराबरको १४१ वटा योजना स्वीकृत भएको।<br>◆सडकबत्तीको महसुल निर्धारण गर्न अध्ययन दलले **TOR** तयार गरी परामर्शदाता खरीदको लागि सूचना प्रकाशन गरिएकोमा योग्य परामर्शदाता प्राप्त हुन नसकेको।<br>◆२७ वटा नगरपालिकाहरूको सञ्चालित कार्यक्रमको उपलब्धिको **DataBase** तयारीको अनुगमन कार्य सम्पन्न। |

### ३.२२ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २२२ | निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई निरन्तरता दिँदैं यसलाई जिल्ला तहसम्म विस्तार गरिनेछ । यसका लागि भौतिक पूर्वाधार, आवश्यक जनशक्ति र बजेटको व्यवस्था मिलाई "सबैको लागि स्वास्थ्य"को अवधारणालाई क्रमशः कार्यान्वयन गरिदै लगिनेछ। साथै, जनताको स्वास्थ्यबीमा गर्ने कार्यक्रम सञ्चालन गर्नका लागि आगामी वर्ष सम्भाव्यता अध्ययन गर्ने। | ◆हालसम्ममा १,३१,८१,१९८ जनालाई सेवा प्रदान गरिएको।<br>◆स्वास्थ्य बीमाको सम्भाव्यता अध्ययनको लागि परामर्शदाताबाट अवधारणापत्र प्राप्त भई थप अध्ययन कार्य भइरहेको। |
| २२३ | सरकारले निःशुल्करूपमा वितरण गर्दै आएको औषधी समयमै विरामीलाई उपलब्ध गराउनका लागि औषधीको केन्द्रीयस्तर-बाट एकमुष्ट ठेक्का प्रणालीबाट खरिद सम्झौता गरी जिल्लास्तरमा नै आपूर्ति हुने र त्यहिँबाटै रकम भुक्तानी गर्ने प्रणाली सुरु गरिनेछ। | ◆मन्त्रिपरिषद्बाट निर्देशिका स्वीकृत भएको।<br>◆औषधी खरिदको लागि टेण्डर मूल्याङ्कन गरेर स्वीकृतिको लागि विश्व बैङ्कमा पठाइएको। |
| २२४ | ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थाको स्तरोन्नति र शहरी क्षेत्रका अस्पतालहरूमा विरामीको चाप, जनसंख्या र भौगोलिक अवस्थाको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | ◆दरबन्दी सिर्जनाको लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको क्रममा रहेको।<br>◆**CEOC/BEOC** भवनतर्फ १० वटा निर्माण सम्पन्न भई हस्तान्तरण भएका, ६ वटा निर्माण सम्पन्न हुने क्रममा रहेका, ३ वटाको टेण्डर/मूल्याङ्कन र १३ वटा निर्माणाधीन रहेका छन् भने वथिङ्ग सेन्टरतर्फ ८ वटाको निर्माण सम्पन्न भई |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
| --- | --- | --- |
| | गरी प्राप्त नतिजाको आधारमा भौतिक सुधार र शैया विस्तार गरी सेवा प्रवाहलाई प्रभावकारी पारिनेछ । | हस्तान्तरण भएका, ९ वटाको निर्माण सम्पन्न हुने क्रममा रहेका, १२ वटाको टेण्डर/मूल्याङ्कन र ३४ वटा निर्माणाधीन रहेका छन् । |
| २२५ | ग्रामीण तहमा स्वास्थ्य चेतना जगाउन र प्राथमिक उपचार सहयोग दिन महिला स्वयंसेविकाको भूमिका महत्वपूर्ण रहेको छ । उनीहरूलाई प्रोत्साहनस्वरूप भदौ महिनामा एकमुष्ट रु. ३ हजार भत्ता दिने प्रस्ताव गरेको छु । | ◆ सबै जिल्लामा रकम वितरण भएको । |
| २२६ | शहरी विपन्न वर्गका नागरिकको स्वास्थ्य सेवामा पहुँच बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।जनसंख्या तथा भूगोलको आधारमा नगरपालिका अस्पताल स्थापना तथा सुदृढीकरण, थप महिला स्वास्थ्य स्वयं सेविकाको व्यवस्था र तिनको सशक्तिकरण गरी सेवा प्रवाह प्रभावकारी बनाइने छ । | ◆ परामर्शदाताबाट शहरी स्वास्थ्य नीति निर्माण गर्ने कार्य भइरहेको ।<br>◆ गिरीजाप्रसाद कोइराला स्वास-प्रस्वास अस्पताल स्थापना गर्न मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति भएको । |
| २२७ | बाल स्वास्थ्यमा सुधार ल्याई बालमृत्युदर घटाउने राष्ट्रिय लक्ष्य हासिल गर्न सरकार कटिबद्ध छ । विस्तारित खोप एवं राष्ट्रिय पोलियो कार्यक्रमलाई अभियानकैरूपमा सञ्चालन गर्न पर्याप्त बजेट विनियोजन गरेको छु । | ◆ ३,९७,६२४ जनालाई डि.पि.टि.३ तेस्रो मात्रा तथा ४,५२,१५२ जनालाई बि.सि.जी. खोप र ६,५०,६३३ जना गर्भवती महिलालाई टि.टि. खोप सेवा प्रदान गरिएको ।<br>◆ २०६७०३।०५ र ०६ गते तराई, भित्री मधेश र काठमाडौँ उपत्यकाका ३ सहित २७ जिल्लामा विशेष पोलियो खोप अभियान (MOP-Up) सञ्चालन गरिएको । |
| २२८ | **"सुरक्षित मातृत्व, महिला अधिकार"** को अभियानलाई सार्थक तुल्याउन निःशुल्क प्रसूती सेवालाई निरन्तरता दिँदै गैरनाफा-मूलक स्वास्थ्य संस्थाहरूसम्म विस्तार गरिनेछ । आगामी वर्षदेखि प्रसूती पूर्व हेरचाह र प्रसूतीपश्चात हेरचाहको पूर्ण उपयोग गरी स्वास्थ्य संस्थामा गई प्रसूती सेवा लिने महिलालाई चौथो भ्रमण सिध्याएपछि चारसय रूपैयाँ भत्ता दिने व्यवस्था मिलाएको छु । | ◆ हालसम्म २,६७,१७६ जनालाई निःशुल्क प्रसूति सेवा प्रदान गरिएको ।<br>◆ निर्देशिका स्वीकृत भइसकेको र निर्देशिकामा तोकिएका सर्त पुरा गरेका महिलाहरूलाई रकम वितरण भइरहेको । |
| २२९ | आङ्ग खस्ने समस्याबाट पीडित महिलाका लागि उपचारात्मक र निरोधात्मक सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । आङ्ग खस्ने समस्या कम गर्न पाँचवटै क्षेत्रका २५ वटा दूर्गम जिल्लाहरूमा विशेष शिविर सञ्चालन गरिनेछ । | ◆ प्राप्त विवरण अनुसार हालसम्ममा अञ्चल, क्षेत्रीय, केन्द्रीय अस्पताल र गैरसरकारी स्वास्थ्य संस्थाहरूबाट १०,९७९ जना (सरकारीस्तरबाट १०,११२ जना र गैरसरकारीस्तरबाट ८६७ जना) महिलाको शल्यक्रिया गरिएको । |
| २३० | सामुदायिक अस्पताल स्थापना र सञ्चालन गर्नका लागि निश्चित मापदण्डको | ◆ मन्त्रिपरिषद्बाट निर्देशिका स्वीकत भएको ।<br>◆ अनुदान उपलब्ध गराउन ८१ वटा सामुदायिक अस्पतालहरूको छनौट गरी ७३ |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | आधारमा अनुदान उपलब्ध गराइने छ । साथै, स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ । आगामी वर्ष स्वास्थ्य संस्थाको भवन निर्माण, मर्मत तथा पूर्वाधार विकासका लागि रकम विनियोजन गरेको छ । | वटालाई प्रथम किस्तावापतको रकम वितरण गरिएको ।<br>◆ २ वटाको डिजाइन/लागत अनुमान, ७४ वटाको निर्माण सम्पन्न भई हस्तान्तरण भएका, ७७ वटाको निर्माण सम्पन्न हुने क्रममा रहेका, १६३ वटाको टेण्डर मूल्याङ्कन र २७२ वटा निर्माणाधीन । |
| २३१ | भाइरल एभिएन इन्फ्लुएन्जा, बर्डफ्लु, स्वाइनफ्लु जस्ता नयाँ देखा परेका र पर्न सक्ने सरूवा रोग, प्राकृतिक प्रकोपपश्चात हुने महामारीजन्य रोग र श्वासप्रश्वास, झाडापखाला, औलो, कालाजार र हात्तिपाइले जस्ता संक्रामक रोगको रोकथाम र नियन्त्रण कार्यलाई अभियानकोरूपमा सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु । | ◆ औलो तथा कालाजारबाट प्रभावित २२ जिल्लामा किटनाशक बिषादी छिडकाउ गरी करीब १३,५०,००० जनसंख्यालाई सुरक्षित गरिएको एवं औलो तथा कालाजारको लागि चाहिने औषधीहरू बाँके जिल्ला, सरुवारोग अस्पताल तथा क्षेत्रीय स्वास्थ्य निर्देशनालय-पोखरामा पठाइएको ।<br>◆ हात्तीपाइले रोग निवारण कार्यक्रमअर्न्तगत १०/१० जिल्लामा बेसलाइन तथा फलोअप सर्भे गरिएको ।<br>◆ झाडापखाला रोग नियन्त्रणको लागि चाहिने औषधी काठमाडौं, बाँके र डडेल्धुरा तथा क्षेत्रीय मेडिकल स्टोर नेपालगञ्जमा पठाइएको । |
| २३२ | सबै लोपोन्मुख जाति, ७५ वर्ष नाघेका जेष्ठ नागरिक र १५ वर्षमुनिका बाल बच्चाको मुटुरोगको शल्यक्रियासहितको निःशुल्क उपचार तथा पाँचसय जना गरिबहरूलाई शहीद गङ्गालाल हृदयरोग केन्द्रमा निःशुल्क मुटुको भल्भ फुकाउने उपचार गरिनेछ । लोपोन्मुख जाति र ७५ वर्ष नाघेका जेष्ठ नागरिकको मृगौलाको निःशुल्क डाइलिसिस गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका अतिरिक्त आगामी आर्थिक वर्षदेखि लोपोन्मुख जाति, ७५ वर्ष नाघेका ज्येष्ठ नागरिक र १५ वर्षमुनिका बालबच्चाको भरतपुर क्यान्सर अस्पतालबाट निःशुल्क क्यान्सर उपचार गरिनेछ । सुदूरपश्चिमाञ्चलका ९ जिल्ला र कर्णाली अञ्चलका सबै जिल्लामा चार हजार मोतीविन्दुका विरामीहरूको निःशुल्क शल्यक्रिया गर्ने प्रबन्ध गरेको छु । | ◆ ७५ वर्ष माथिका ८८ जना र १५ वर्ष मुनिका ६४८ जना गरी जम्मा ७३६ जनालाई निःशुल्क मुटुरोगको उपचार गरिएको ।<br>◆ ४२५ जनाको निःशुल्क मुटुको भल्भ फुकाई उपचार गरिएको ।<br>◆ ३२ जना विरामीको ३०० सेसन डाइलाइसिस गरिएको ।<br>◆ कार्यक्रम सञ्चालन गर्न आवश्यक थप बजेट निकासा नभएको, आर्थिक वर्षको अन्त्यमा स्वास्थ्यकर कोषबाट रु. ४३ लाख ३० हजार १५ वर्षमुनिका बालबालिकालाई क्यान्सररोगको उपचार र सुविधा प्रदान गर्ने गरी निकासा भएकोमा उक्त रकमले भ्याएसम्म उपचार सुविधा प्रदान भएको र ७५ वर्षमाथिका क्यान्सररोगका विरामीहरूलाई शल्यक्रिया र रेडिएसन सेवा पूर्णरूपमा छुट दिने व्यवस्था गरिएको ।<br>◆ ४२४३ जना मोतियाबिन्दुका रोगीको शल्यक्रिया तथा २०,५६३ जनाको आँखाको उपचार गरिएको । |
| २३३ | लोकतान्त्रिक आन्दोलनका योद्धा दुर्गानन्द झाको स्मरणमा उहाँको जन्मस्थल जटही, धनुषामा प्रसूती सेवासहितको दश शैयाको दुर्गानन्द झास्मृति अस्पताल स्थापना गरिने छ । साथै, सिरहाको लाहानमा बाल अस्पताल स्थापना गरिनेछ । | ◆ अस्पताल स्थापनार्थ धनुषा जिल्लाको नगराइन गाउँ विकास समितिको वडा नं.८ जटहीमा जग्गा प्राप्त भएको तथा आगामी वर्षको लागि बजेट प्रस्ताव गरिएको ।<br>◆ बाल अस्पताल निर्माणको लागि जग्गा प्राप्त भई भवन निर्माण गर्न आगामी वर्षको लागि बजेट प्रस्ताव गरिएको । |

### ३.२३ श्रम तथा यातायात व्यवस्था मन्त्रालय

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १२६ | औद्योगिक एवं अन्य सङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकहरूको लागि न्यूनतम कार्य सम्पादनको आधारमा वृद्धि हुने गरी दुई किसिमको ज्यालादर निर्धारण गर्न उत्प्रेरित गरिने, श्रम सुरक्षा तथा लगानी-मैत्री श्रम नीतिमा जोड दिइने । | ◆श्रमिकहरूको सेवा शर्तमा सुधार गर्न सरोकारवाला पक्षहरूको सहभागितामा श्रम कानुनमा संशोधन गर्ने कार्य भइरहेको । मिति २०६६।१०।२२ गते केन्द्रिय श्रम सल्लाहकार समितिको बैठक बसेको ।<br>◆श्रम सुरक्षा तथा लगानीमैत्री वातावरण तयार गर्ने बैठकहरूमा सहभागिता रहेको । |
| १३७ | बेरोजगारको तथ्याङ्क सङ्कलन गरी सीप अनुसारको रोजगारीको लागि सिफारिश गर्ने रोजगारदाताहरूसँग अन्तरक्रिया गर्ने र विद्युतीय माध्यमबाटसमेत रोजगारीसम्बन्धी सूचना प्रवाह गर्ने उद्देश्यले सञ्चालनमा रहेका रोजगार सूचना केन्द्रहरूलाई थप सुदृढ गरिने । शुल्करहित टेलिफोन र स्थानीय एफ.एम. रेडियोबाट रोजगारीसम्बन्धी जिज्ञासाहरूको जवाफ दिने व्यवस्था मिलाईने । | ◆चौधवटै रोजगार सूचना केन्द्रहरूबाट करीव २३,२४२ बेरोजगारहरूको लगत सङ्कलन भएको ।<br>◆करीव ११,००० बेरोजगारहरूको लगत विभागको वेभसाइटमा राखिएको<br>◆शुल्करहित टेलिफोनको लागि आवश्यक कारवाही भइरहेको, राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको । |
| १३८ | वैदेशिक रोजगारलाई प्रवर्द्धन तथा व्यवस्थापन गर्न चालू आर्थिक वर्ष गठन भएको वैदेशिक रोजगार विभागको सुदृढीकरण गरी वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, पारदर्शी र स्वच्छ बनाइने । निजी क्षेसँगको सहकार्यमा वैदेशिक रोजगारीमा हुने गरेका ठगीलाई कडाईका साथ नियन्त्रण गरिने ।विदेशस्थित नेपाली नियोगसँग समन्वय गरी सम्झौता अनुसार काम र पारिश्रमिक पाए नपाएको कुराको अनुगमन गरी सम्झौताको कार्यान्वयन सुनिश्चित गरिने ।कामको लागि विदेश गई अलपत्र परेर फर्किने व्यक्तिलाई सम्बन्धित रोजगारदाता एजेन्सीबाट क्षतिपूर्ति उपलब्ध गराईने ।वैदेशिक रोजगारीमा जानु अघि अनिवार्यरूपमा अभिमुखीकरण तालिम दिनुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिने ।वैदेशिक रोजगारमा जाने र फर्केका श्रमिकहरूलाई अन्तर्राष्ट्रिय विमानस्थल सहजिकरणको व्यवस्था गरिने । | ◆वैदेशिक रोजगार विभागको आन्तरिक कार्य सञ्चालन निर्देशिकाको तर्जुमा भई कार्यान्वयन भएको ।<br>◆वैदेशिक रोजगार व्यवसायीहरूको सहयोगमा ठगी नियन्त्रण कार्य भइरहेको ।<br>◆**WebBased Software** निर्माण गरी मन्त्रालय र एयरपोर्टमा वैदेशिक रोजगारसम्बन्धी आवश्यक सूचना तथा तथ्याङ्क हेर्न सक्ने बनाउने कार्य गरिएको ।<br>◆वैदेशिक रोजगार विभागको आधिकारिक **Website: www.dofe.gov.np** सञ्चालन भइरहेको ।<br>◆१८७ वटा ठगी मुद्दा अदालतमा दायर गरिएको ।<br>◆२३० वटा उजुरीहरू फरफारक गरिएको ।<br>◆एजेन्सीबाट पीडितपक्षलाई क्षतिपूर्ति दिने व्यवस्था मिलाइएको ।<br>◆वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका अधिकृतस्तरका कर्मचारीहरूबाट अभिमुखीकरण तालिमको अनुगमन नियमितरूपमा गर्ने गरिएको ।<br>◆श्रम डेस्कलाई उपयुक्त स्थान नमिलेको कारण श्रम डेस्कबाट सम्पादन गर्नु पर्ने कार्यहरू प्रभावकारी हुन नसकेको । हालसम्म आगमन कक्षमा स्थान उपलब्ध नभएको कारण श्रम डेस्क राख्न नसकिएको ।<br>◆सूचनामूलक लिफलेट श्रम डेस्कबाट वितरण गर्ने कार्य गरिएको । |
| १४० | रोजगारीको अवसर तथा श्रमिकको उत्पादकत्व वृद्धिका लागि “सीप सिकौं, रोजगार बनौं” अभियानका साथ सीपमूलक | ◆कुल २२,५६२ जनालाई सिपमूलक तालिम दिइएको ।<br>◆पिछडिएका वर्गका लागि विशेष सीप विकास तालिमको लागि कारवाही भइरहेको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| | तथा व्यवसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिने<br>स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रमबजारको मागको आधारमा पेशागत सीप तथा दक्षता अभिवृद्धि हुने गरी ३६ हजार जनालाई व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गरिने ।<br>६ हजार जनालाई प्राविधिक एस.एल.सी. कक्षा सञ्चालन गरिनेछ ।<br>निजी क्षेत्रसँग सहकार्य गरी औद्योगिक पोलिटेक्निक संस्थाहरू स्थापना र सञ्चालन गरिने<br>व्यवसायिक तथा सीपमूलक तालिममा द्वन्दपीडित, शहीद परिवार, मधेशी, पिछडा वर्ग, दलित, आदिवासी-जनजाति, मुसलमान, महिला र पिछडिएका क्षेत्रमा जनतालाई प्राथमिकता दिनुका साथै दूर्गम, पहाडी तथा हिमाली क्षेत्रमा घुम्ती अल्पकालीन सीप विकास तालिम कार्यक्रमसमेत सञ्चालन गरिने । | ◆ कुल ११० जना महिलालाई आवासीय तालिम दिने लक्ष्य रहेकोमा १०९ जनाले तालिम लिइसकेका ।<br>**अल्पकालीन तालिम**<br>◆ सीपमूलक तालिम (१ हप्ता देखि ३ महिनासम्मको) कार्यक्रमअन्तर्गत १२,२८७ जनाले तालिम लिइसकेका ।<br>◆ वैदेशिक रोजगारमूलक तालिम (४ हप्ते र ६ हप्ते) कार्यक्रमअन्तर्गत १,४५० जनाले तालिम लिइसकेका ।<br>◆ **विशेष सीप विकास तालिम**अन्तर्गत १,५१० जनाले वैदेशिक एवं युवा स्वरोजगारमूलक तालीम लिईसकेका ।<br>◆ ६८५ जनालाई एकहप्ते उद्यमशीलता विकास तालिम प्रदान गरिएको ।<br>◆ १,०१५ जनालाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्रमको प्रयोजनार्थ वैदेशिक राजगार एवं स्वरोजगार -मूलक तालिम प्रदान गरिएको । |
| १४१ | बोनस ऐन बमोजिम कल्याणकारी कोषमा जम्मा भएको रु. १ अर्व रूपैयाँ श्रमिकहरूको हकहित, सुरक्षा र सुविधामा प्रभावकारीरूपमा उपयोग हुन नसकेकोले राष्ट्रियस्तरका ट्रेड यूनियनहरूसँग समन्वय गरी अल्पकालीन र दीर्घकालीन कार्यक्रम तर्जुमा गरिने । | ◆ ठोस प्रगति हासिल नभएको । |
| २५४ | सवारी चालक अनुमतिपत्रको विद्युतीय अभिलेखको व्यवस्थापन यसै वर्ष सम्पन्न गरिने । आगामी मंसिर १ गतेदेखि नयाँ सवारी दर्ता, सडकमार्ग अनुमतिपत्र, चालक अनुमतिपत्र वितरण तथा नवीकरण विद्युतीय माध्मयबाटै गरिने ।<br>यातायात व्यवस्था कार्यालयहरूमा बैङ्क काउण्टरहरूको व्यवस्था गरी सम्पूर्ण नगद कारोवार बैङ्कमार्फत गर्ने व्यवस्था मिलाईने<br>सवारी साधनको नम्बर प्लेटमा नवीकरण बहाल रहने मितिसमेत उल्लेख हुने गरी मेशिनद्धारा नम्बरअङ्कित हुने प्रविधि अवलम्बन गरिने । | ◆ डाटा इन्ट्रिका लागि सफ्टवेयर निर्माण गरी हालसम्म करीव ९,०३,५१४ डाटा इन्ट्री कार्य सम्पन्न भएको ।<br>◆ यातायात व्यवस्था कार्यालय वागमती, गण्डकी र लुम्बिनीमा समेत उल्लेखित कार्य भइरहेको ।<br>◆ बैङ्क काउण्टरहरूको व्यवस्था गरी सम्पूर्ण नगद कारोवार बैङ्कमार्फत गर्ने व्यवस्था मिलाउने सन्दर्भमा अर्थ मन्त्रालयमा पत्राचार भई अर्थ मन्त्रालयबाट नेपाल राष्ट्र बैङ्कलाई पत्राचार भएको ।<br>◆ अधिकार सम्पन्न यातायात क्षेत्र व्यवस्थापन तथा कार्यान्वयन समिति गठन भएको, इम्बोस्ड नम्बरप्लेट र स्मार्ट कार्डको सम्बन्धमा श्रीलङ्कामा अध्ययन भ्रमण भई प्रतिवेदन पेश भएको ।<br>◆ इम्बोस्ड नम्बरप्लेट, स्मार्टकार्ड, नम्बरप्लेट मोनिटरिङ्ग कार्डको लागि अन्तर्राष्ट्रिय टेण्डर आव्हवान गरिएको । |

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| **२५५** | सडक दुर्घटनाका कारण मृतकका परिवारजनलाई तत्काल राहत प्रदान गर्न २०६६ भदौ १ गतेदेखि सबै सार्वजनिक तथा निजी यातायातका साधनले मृतकका परिवारलाई पाँच लाख रूपैयाको नगद राहत प्राप्त हुने गरी तेस्रोपक्ष बीमासमेत गर्नु पर्ने व्यवस्था अनिवार्य गरिने ।<br>नयाँ सवारी साधन दर्ता र नविकरण गर्दा तेस्रोपक्ष बीमा गराएको प्रमाण अनिवार्यरूपमा पेश गर्नुपर्ने व्यवस्था गरिनेछ । | ◆ तेस्रोपक्ष बीमा रकम रु. ५ लाख कायम भइसकेको । यसका लागि सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ मा दोस्रो संशोधन २०६६।०५।१७ मा भई लागू भइसकेको ।<br>◆ नयाँ सवारी साधन दर्ता र नविकरण गर्दा तेस्रोपक्ष बीमा गराएको प्रमाण अनिवार्यरूपमा पेश गर्नुपर्ने व्यवस्था लागू भइसकेको । |

### ३.२४ राष्ट्रिय योजना आयोग

| बुंदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ७३ | युवाहरुमा स्वयंसेवाको भावना जगाउँदै दिगो शान्ति तथा विकासमा परिचालन गर्ने नीति अन्तर्गत गाउँगाउँमा व्यापकरुपमा **युवा स्वयंसेवक** परिचालन गरिने । | ● नियमित कार्यक्रम तर्फ ८८८ जना स्वयंसेवक, युवा स्वयंसेवक कार्यक्रम तर्फ ७६७ जना स्वयंसेवी परिचालन गरिएको । युवा स्वयंसेवक परिचालन कार्यक्रम तर्फ भर्ना गरिएका स्वयंसेवकहरुको लागि अभिमुखिकरण तालिम सम्पन्न । |
| २७३ | राष्ट्रिय योजना आयोगले छानेका उच्च प्राथमिकता प्राप्त र जनस्तरसम्म प्रभाव पार्ने कार्यक्रमहरुको स्वतन्त्र अनुगमन तथा मूल्यांकन गर्ने कार्य प्रारम्भ गरिने । | ● ठूला र उच्च तथा जनस्तरसम्म तयार पार्ने कार्यक्रमको एउटै सूची तयार गरी कार्यक्रमहरु छनौट गरिएको ।<br>● स्वतन्त्र अनुगमन तथा मूल्यांकनका लागि निर्देशिका तयार गर्न कार्यदल गठन भएको । |

## ३.२५ प्रगति विवरणको समीक्षात्मक टिप्पणी

ढीलो गरी बजेट पारित भएको हुँदा प्रारम्भमा केही अनिश्चय जस्तो भए पनि आर्थिक वर्षको उत्तरार्थमा धेरै काम भएको देखिन्छ । समष्टिगत रुपमा बजेटका नीति र कार्यक्रमहरुको प्रगति सन्तोषजनक मान्न सकिन्छ । अर्कोतिर, निर्माण आयोजनाहरुको कार्यान्वयनमा निर्माण व्यवसायीहरु समयमा नै परिचालन हुन नसकी प्रगति हुन नसकेको देखिन्छ भने कतिपय आयोजनाहरु प्रभावितहरुबाट विभिन्न माग राखी तालावन्दीका कारण कार्य प्रगति गर्न नसकेको देखिन्छ । आयोजना कार्यान्वयनका क्रममा **ILO-169** अभिसन्धी अनुसार उक्त क्षेत्रको सम्बोधन हुनुपर्ने माग (सामाजिक उत्थान सम्बन्धमा) राखी कार्यमा अवरोध सिर्जना समेत भएको देखिदा **ILO-169** सम्बन्धी मार्गनिर्देशन तयार गरी कार्यान्वयन गर्नु पर्ने समेत देखिएको छ । नीति कार्यक्रमको कार्यान्वयनका मुख्य मुख्य उपलब्धीहरु निम्नानुसार छन्:

- विकासको मूल प्रवाहबाट बाहिरिएका अत्यन्त बिपन्न र गरिवीको रेखामुनी रहेको समुदायको पहिचान गरी समुदाय परिचालनको मध्यमबाट संचालित आय आर्जन, क्षमता अभिवृद्धि र सामुदायिक पूर्वाधारको विकास कार्यक्रमबाट १,५५,१२७ घरधुरी लाभान्वित भएका छन् ।

- द्वन्दको क्रममा सम्पत्ति कव्जा भएका परिवारले लिएको ऋणको सांवा बुझाएमा व्याज मिन्हा दिने कार्यविधि तयार गरी लागू गरिएको र सो प्रयोजनको लागि रु. ६६ लाख १८ हजार बैकहरुलाई शोधभर्ना उपलब्ध गराईएको ।

- पशु तथा बालीको लघु बीमाको योजनाबाट ६,०७५ वटा पशुधनीको संरक्षण भएको छ ।

- विदेशमा काम गर्ने नेपालीलाई लक्षित गरी बैदेशिक रोजगारमा बचतपत्र जारी गर्ने कार्यविधि स्वीकृत भई रु. १ अर्वको बचत पत्र निष्काशन गरिएकोमा रु. ४० करोड बचतपत्र बिक्री भएको ।

- सम्पत्ति शुद्धिकरण नियमावली पारित भएको ।

- राजस्व प्रशासनलाई सवल र सुदृढ तुल्याई राजस्व असुलीलाई बढावा दिन २६ वटा करदाता सेवा केन्द्र स्थापनाको कार्य प्रारम्भ गरिएको ।

- ग्रामीण विद्युतीकरणलाई गाउं गाउंमा विद्युत सेवा पुऱ्याउन २४१ वटा संस्थाहरुसंग सम्झौता भएको र १३२ वटा संस्था संचालनमा आएका ।

- नेपाल औद्योगिक विकास निगम लि. लाई व्यवसायिक संस्थाको रुपमा विकास गर्ने कार्य योजना तयार गरी बैंकिङ सेवा शुरु गरिएको छ ।

- विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको नीतिको मस्यौदा तयार भएको ।

- रासायनिक मलमा दिईएको अनुदान रकमबाट कृषि सामाग्री कम्पानी लि. ले ९४५०० मे.टन रासायनिक मल खरिद गरी ८१,५९८ मे.टन रासायनिक मल बिक्री बितरण गरेको ।

- प्रांगारिक मल उत्पादन प्रोत्साहन कार्यविधि र प्रांगारिक कृषि उत्पादन निर्यातका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रमाणपत्र निशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि स्वीकृत भएको ।

- सहकारी संस्था एवं निजी क्षेत्रहरुलाई समेत हुने गरी **उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योगको स्थापनाको लागि अनुदान बितरण कार्यविधि, २०६६** स्वीकृत भएको ।

- खाद्य संकटको चपेटामा परेका जनतालाई तत्काल राहत दिन २३ जिल्लामा खाद्यसंकट सम्बोधन कार्यक्रम संचालन गर्न १०१६ वटा आयोजनाहरु छनौट भई निर्माण कार्य प्रारम्भ भएकोमा ९१८ वटा आयोजनाको निर्माण पुरा भएको ।

- "गाउं शहरमा सहकारी घर घरमा रोजगारी" कार्यक्रम अन्तर्गत सहकारी खेतीलाई प्रोत्साहन गर्न सहकारी खेती कार्यक्रमको स्वीकृत कार्यविधि अनुसार साना सिचाई स्किमका १६९ वटा आयोजना सम्पन्न भएका साथै कृषि तर्फको स्किमका ९१ वटा आयोजना सम्पन्न ।

- बर्डफ्लु, स्वाईनफ्लु नियन्त्रणको कार्यक्रम अन्तर्गत स्वाईनफ्लु सर्भिलेन्स कार्यविधि निर्माण, ग्रामीण कुखुरा सर्भिलेन्स १२३२३ पटक गरिएको, व्यवसायिक कुखुरा सर्भिलेन्स १३००६ पटक गरिएको र पि.पि. आर. भ्याक्सिन उत्पादन २४ लाख १७ हजार ८ सय मात्रा भएको ।

- दलित र गैरदलित वीचको अन्तरजातीय विवाह प्रोत्साहन अनुदान वितरणको कार्यविधि तयार भई र्कायान्वयनमा आइसकेको । २०६७ असार मसान्तसम्म ४३ जोडीको त्यस्तो अन्तरजातिय विवाह जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको ।

- सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन केन्द्रीय निकायका रुपमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भई कार्यारम्भ भएको ।

- तराई मधेश फाष्ट ट्र्याक निर्माणको लागि जग्गा अधिकरण र पुनःस्थापना कार्यको साथै आवश्यक सीमांकनको कार्य गरिएको ।

- हुलाकी राजमार्गमा ३५ वटा पुलको निर्माण शुरु भएको, १४ वटा सडकहरुको IEE स्वीकृत तथा ९ वटा सडकको स्तरोन्नतीको लागि टेण्डर आव्हान भएको ।

- पुष्पलाल लोकमार्ग निर्माण एवं स्तरोन्नती कार्य अन्तर्गत १२० कि.मि. ट्र्याक खोलिएको एवं २० कि.मि. ग्राभेल गरिएको ।

- सोल्टीमोड-कलंकी-नागढुंगा सडक १.६ कि.मि. चौडा गर्ने कार्य भएको ।

- चीन सरकारबाट काठमाण्डौ उपत्यकामा ३१ वटा फ्लाई ओभरको सम्भाव्यता अध्ययन कार्य भईरहेको ।

- मेची-महाकाली ९४८ कि.मि. र काठमाण्डौ-पोखरा १८७ कि.मि. रेल मार्गको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको ।

- जनता आवास कार्यक्रम अन्तर्गत सप्तरीमा ९९९ वटा, सिराहामा ३२१ वटा तथा कपिलबस्तुमा १३४ वटा आवास ईकाई सम्पन्न भएका ।

- पर्यटन सेवा शुल्क असुली सम्बन्धमा नेपाल पर्यटन बोर्डको निमायवलीमा संशोधन गरी हवाई टिकटमै पर्यटन सेवा शुल्क असुल गर्ने व्यवस्था भएको ।

- मुक्तिनाथ क्षेत्रमा केवलकार सम्भाव्यता अध्ययन भई अन्तिम प्रतिवेदन प्राप्त भएको ।

- दोस्रो अन्तराष्ट्रिय बिमानस्थल निर्माणको बिस्तृत सम्भाव्यता अध्ययन गर्न कोरियन कम्पनीसंग सम्झौता सम्पन्न भई कार्य भैरहेको ।

- बैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगले अन्तिम प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरेको ।

- २३ वटा मालपोत कार्यालयहरुबाट कम्प्यूटर मार्फत जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराईएको ।

- बर्दिया, कैलाली र कञ्चनपुरमा गरी जम्मा २१३९ मुक्त कमैया परिवारलाई पुनःस्थापना गराईएको । कञ्चनपुर जिल्लाको पुनस्थाना कार्य समेत सम्पन्न भईसकेको ।

- मानव विकास र महिला विकास सुचकांकमा पछाडी परेका १५ जिल्लामा १२३९५ जनालई सामाजिक परिचालनका लागि बिभिन्न तालिमहरु प्रदान गरिएको ।

- कञ्चनपुर, कैलाली र कपिलबस्तुमा ५९३ हेक्टर बन अतिक्रमण हटाई बन क्षेत्र कायम गरिएको ।

- बिभिन्न प्रजातीका १ करोड ३० लाख बिरुवा उत्पादन तथा खरिद गरी ६४५ हेक्टरमा वृक्षारोपण गरिएको ।

- कबुलियती बन कार्यक्रमबाट ३२२७ हेक्टर बन क्षेत्र संरक्षण भई ६४८० बिपन्न घरधुरी लाभान्वित भएका ।

- CITES सम्बन्धी ऐन मन्त्रीपरिषदबाट स्वीकृत भएको ।

- मेची महाकाली चुरे संरक्षणको लागि चुरिया क्षेत्र बन व्यवस्थापन इकाइ स्थापना भएको तथा ६ जिल्लामा चुरिया संरक्षण कार्यक्रम संचालन भएको ।

- पशिमनाको ट्रेडमार्क ४ वटा देशमा दर्ता गराउने कार्य सम्पन्न भईसकेको र ८ देशसंग बिभिन्न चरणमा रहेको ।

- बिभिन्न दुर्गम जिल्लामा खाद्य संस्थानबाट १७२१७.४ मे.ट. खाद्यान्न ढुवानी भएको र १५००० मे.ट. खाद्यान्न वफरस्टक अन्तर्गत मौज्दातमा राखिएको ।

- बिभिन्न ३७ जिल्लामा लघु जलविद्युतबाट १६९५.१७ किलोवाट विद्युत उत्पादन भै १३८४७ घर परिवारले विद्युत सुविधा पाएका ।

- बिभिन्न ७२ जिल्लामा ३६१३५ वटा सौर्य घरेलु विद्युत प्रणाली जडान तथा बिभिन्न २४ जिल्लाहरुमा ५९१३ बटा साना सौर्य घरेलु विद्युत प्रणाली जडान भएका ।

- १९५११ वटा गोबर ग्यास प्लान्ट निर्माण भएका ।

- ७८२ जनालाई सम्पत्ति क्षती बापत रु. ४ करोड २६ लाख ९९ हजार आर्थिक सहायताको रकम उपलब्ध गराईएको ।

- २६ जना सहिद परिवार, २३ जना घाईतेलाई जीवन निर्वाह भत्ता उपलब्ध गराईएको ।

- मुक्त कमलरीलाई व्यवसायिक तालिम प्रदान गर्न जिल्लामा रोजगारीका लागि सीप विकास परियोजनासंग सम्झौता भएको छ ।

- १७६० जना शिक्षकलाई पेशागत तालिम तथा ६६३४ जना शिक्षकलाई रोष्टर प्रशिक्षक तालिम प्रदान गरिएको ।

- दिवा खाजा कार्यक्रम अन्तर्गत १२,९५,२३० विद्यार्थीलाई खाद्यान्न वितरण तथा छात्रा उत्प्रेरण कार्यक्रम अन्तर्गत ४७०८६२ छात्राहरुलाई खानेतेल उपलब्ध गराईएको ।

- कामको चाप, गरिवी र द्वन्दका कारणले बीचैमा पढाई छाडेका विद्यार्थीका लागि संचालित खुला विद्यालयको संख्या ८५ पुगेको ।

- प्रा.वि. ११७४, नि.मा.वि. ३९५ र मा.वि. १८२ समुदायलाई हस्तान्तरण गरिएको ।

- टेलिफोन सेवा पुग्न बाँकि ३८० गाउं विकास समितिमा टेलिफोन सेवा पुगी मुलुकका सबै गाउं विकास समितिहरुमा टेलिफोन सेवा पुगेको ।

- सिक्टा सिचाई आयोजनाको डाईभर्सन स्ट्रक्चर तथा १.४ कि.मि. Flushing Channel को सम्पुर्ण सिभिल निर्माण कार्य सम्पन्न ।

- साना प्रकोप नियन्त्रण अन्तर्गत १६४४ वटा बाढी पहिरो नियन्त्रणको कार्य सम्पन्न भएको ।

- जेष्ठ नागरिक ५३२६३४, जेष्ठ नागरिक (दलित) ९३७७, जेष्ठ नागरिक (कर्णाली) १४१०८, एकल महिला २६७८५७, लोपोन्मुख जाति १६४७० पूर्ण अशक्त अपांग १३०८९ र आंशिक अपांग ६८७५ गरी जममा ८ लाख ६० हजार ४सय १० जनालाई सामाजिक सुरक्षा भत्ता बितरण गरिएको ।

- वाल संरक्षण अनुदान कार्यविधि स्वीकृत भएको र उक्त अनुदान बितरण गर्न जम्मा ३९२४६१ जना बालबालिकाको तथ्याङक संकलन गरिएको ।

- ६३ वटा क्रमागत झोलुंगे पुल निर्माण सम्पन्न भएका तथा २३० झोलुंगे पुल निर्माणाधिन रहेका ।

- कामको लागि खाद्यान्न कार्यक्रम अन्तर्गत ५२.५ कि.मि. ग्रामीण सडकको सर्भेक्षण कार्य सम्पन्न भै ४५ कि.मि. निर्माण सम्पन्न भएको ।

- कर्णाली रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार परिवारको लगत तयार भएको र उक्त संख्या ७१००५ कायम भएको ।

- निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई निरन्तरता दिईएका कारण १ करोड ३१ लाख ८१ हजार १९८ जनाले त्यस्तो सेवा प्राप्त गरेका ।

- २६७१७६ जनालाई निःशुल्क प्रसूती सेवा प्रदान गरिएको ।

- औलो र कालजारबाट प्रभावित २२ जिल्लामा किटनासक बिषादी छिडकाउ गरी १३५०००० जनसंख्यालाई सुरक्षित गरिएको ।

- ७५ बर्ष माथिका ८८ जना र १५ बर्ष मुनिका ६४८ जना गरी जम्मा ७३६ जनालाई निशुल्क मुटुरोगको उपचार गरिएको ।

- चौध वटा रोजगार सूचना केन्द्रहरुबाट २३ हजार २४२ बेरोजगारको लगत संकलन भएको ।

परिच्छेद चार

# केही ठूला आयोजनाहरुको विवरण

आर्थिक वर्ष २०६६/६७ मा विभिन्न मन्त्रालयहरु अर्न्तगत संचालित विभिन्न कार्यक्रम तथा आयोजनाहरुमध्ये छानिएका केही मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरुको मन्त्रालयस्तरबाट प्राप्त प्रगति विवरणका आधारमा कार्यान्वयनको स्थिति निम्न बमोजिम छ ।

## ४.१ उर्जा मन्त्रालय

**आयोजनाको नाम : माथिल्लो तामाकोशी जलविद्युत आयोजना** (ब.उ.शी.नं. **८७-४-७७८**)

कूल बजेट : रु. २ अर्व २५ करोड

कूल खर्च रु. २ अर्व ११ करोड १५ लाख ५७ हजार

**लक्षित कार्यक्रमहरुको उपलब्धी**

- दोलखा-सिगटी ३५ कि.मि. सडक स्तरोन्नती कार्य मध्ये ३२.७ कि.मि. निर्माण सम्पन्न
- सिगटी-लामाबगर २८.६ कि.मि. ट्रयाक निर्माण सम्पन्न
- प्रवेशमार्गमा पर्ने ६ वटा पुलहरु मध्ये १ वटा सम्पन्न
- भूमिगत विद्युत गृह प्रवेश गर्न सुरुङ मार्ग ७६० मि. निर्माण सम्पन्न
- मुख्य सिभिल निर्माण कार्यका लागि Mobilization भएको ।

## ४.२ उद्योग मन्त्रालय

आयोजनाको नाम : औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र आयोजना समेत)

**(ब.उ.शी.नं. ३८-३/४-६०५)**

कूल बजेट : रु. ५० करोड ६७ लाख ५ हजार

कूल खर्चः रु. १६ करोड ८३ लाख ६९ हजार

**कार्यक्रमहरुको उपलब्धी**

- उदयपुर, मकवानपुर, दाङ, धादिङ, सुर्खेत र रोल्पाका निर्माणाधीन तथा प्रस्तावित सबै सीमेण्ट उद्योगस्थलसम्म पहूंच मार्ग निर्माण सम्बन्धी कार्य तर्फ ६००० रनिङ्ग मिटर सडक निर्माण गर्ने कार्य सम्पन्न भएको ।
- उदयपुर, मकवानपुर, दाङ, धादिङ, सुर्खेत र रोल्पाका निर्माणाधीन तथा प्रस्तावित सबै सीमेण्ट उद्योगस्थलसम्म विद्युत प्रसारण लाईन विस्तार र सव स्टेशन निर्माण गर्ने कार्य अन्तर्गत २.६३ कि.मी. मा विद्युत लाईन निर्माण गरिएको ।

- विशेष आर्थिक क्षेत्र, भैरहवामा पूर्वाधार निर्माण कार्य भैरहेको ।
- बीरगञ्जमा GPZ(Garment Processing Zone) को पूर्वाधार निर्माण कार्य निरन्तर भैरहेको ।
- पांचखाल, झापा र धनगढीमा विशेष आर्थिक क्षेत्रको विस्तृत सम्भाव्यता अध्ययन मस्यौदा प्राप्त भएको ।
- विशेष आर्थिक क्षेत्र जुम्ला,धनुषाको पूर्व सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएको ।

## ४.३ बाणिज्य तथा आपूर्ति मन्त्रालय

**आयोजनाको नाम : खाद्यान्न ढुवानी कार्यक्रम** (ब.उ.शी.नं. ६०-३/४-६१०)

कूल बजेट : रु. ८३ करोड १५ लाख

कूल खर्च : ७९ करोड ६९ लाख ६६ हजार

**कार्यक्रमहरुको उपलब्धी**

- १९२१२ मे.ट. खाद्यान्न ढुवानी भएको ।
- राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा १५००० मेट्रिक टन खाद्यान्न मौज्दातमा राखिएको ।
- सार्क खाद्य सुरक्षा भण्डारमा ४००० मेट्रिक टन खाद्यान्न मौज्दात राखिएको ।
- बिभिन्न ५ जिल्लामा गरी ३५०० मेट्रिक टन क्षमताको आधुनिक गोदाम निर्माण सम्पन्न हुने अवस्थामा रहेको ।

**अनुभव गरिएका समस्याहरु :**

- अनिकाल र प्राकृतिक प्रकोपका कारण थप खाद्यान्न कोटा र बजेट बारम्बार संशोधन गर्नु पर्दा समय र लागत बढेको ।
- दुर्गम क्षेत्रमा स्थानीय उत्पादन प्रवर्द्धन गर्न तथा Food Habit change सम्बन्धी कार्यक्रम हुन नसकेको ।
- खाद्यान्नको माग र आपूर्ति प्रक्षेपण गरी समन्वयात्मक रुपमा रणनीति तर्जुमा गर्न नसकिएको ।
- खाद्यान्न भण्डारण गर्ने गोदामहरु जीर्ण भएकोमा मर्मत गर्न र थप भण्डारणको व्यवस्था मिलाउन नसकिएको ।

## ४.४ भौतिक योजना तथा निर्माण मन्त्रालय

**आयोजनाको नाम : जनता आवास कार्यक्रम** (ब.शी.नं. ४८-३/४-७७०)

कूल बिनियोजन : रु. ३० करोड

कूल खर्च : रु. २७ करोड ६८ लाख

**कार्यक्रमहरुको उपलब्धी**

- सप्तरी जिल्लाः ९७२ आवास इकाइको निर्माण कार्य शुरु (१५ वटाको छानाको काम, ५५५ वटा गारोको काम, १८८ वटाको लिण्टर लेभलसम्मको काम र ७२ वटाको डिपिसी काम सम्पन्न भएको ।
- सिराहा जिल्ला : ८४३ आवास इकाइको निर्माण कार्य शुरु (८७ वटाको लिन्टल लेभल, ८९ वटा सिलिङ लेभल, ६५३ वटाको डिपिसी र ३४ वटाको जगको काम सम्पन्न भएको ।
- कपिलबस्तु : ४२६ आवास इकाइको निर्माण कार्य शुरु (८ वटाको छानाको काम, ६३ वटाको लिन्टल लेभल, १९ वटाको सिलिङ लेभल सम्पन्न भएको ।

**आयोजनाको नाम : पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना (ब.शी.नं. ४८-३/४-४०३)**

कूल बिनियोजन : रु. १ अर्व २ करोड ६ लाख ६२ हजार

कूल खर्च : रु. ९३ करोड ६ लाख ७१ हजार

**आयोजना/कार्यक्रमको उद्धेश्य**

नेपालको मध्यपहाडी क्षेत्रमा पूर्व-पश्चिम जोड्ने गरी दोहोरो गाडी चल्ने (२ लेनको) मध्य पहाडी लोकमार्गको निर्माण गर्ने ।

**आयोजना/कार्यक्रम मूख्य क्रियाकलापहरु**

मध्यपहाडी क्षेत्रमा विद्यमान सडकका अतिरिक्त नयां खण्डहरुको ट्र्याक खोल्ने कार्यक्रमसंगसंगै न्यूनतम सडक संरचनाहरुको निर्माण गरी ट्याक खोलिएका खण्डहरुको यातायात संचालन गर्ने र पूर्ववत रुपमा सांगुरो ट्र्याक खोलिएका खण्डहरुलाई सडक चौडा बनाउने र न्यूनतम सडक संरचना निर्माण गर्ने ।

**कार्यक्रमहरुको उपलब्धी**

- १२० कि.मि. गरी ट्र्याक खोल्ने कार्य सम्पन्न भएको ।
- ८० कि.मि. खण्डमा सडक चौडा गराउने कार्य सम्पन्न भएको ।
- २२६ कि.मि. ट्र्याक खोल्न ठेक्का व्यवस्थापन भई निर्माण कार्य संचालन भई रहेको ।

- काठमाडौं पूर्व तेह्रथुमसम्म हिउदको समयमा साना तथा मझौला सवारी साधनहरु संचालन भएको ।

- अन्य ट्र्याक खुलेका खण्डहरुमा सवारी साधन संचालन भएको ।

**आयोजनाको नाम : हुलाकी राजमार्ग (ब.शी.नं. ४८-३।४-२९४)**

कूल बिनियोजन : रु. ९७ करोड ४६ लाख ५४ हजार

कूल खर्च : रु. ७४ करोड २५ लाख ९ हजार

**आयोजनको उद्धेश्य**

तराईका २० जिल्लाहरुमा हुलाकी र सहायक सडक स्तरोन्नती सुधार गरी यातायात संचालन गर्ने ।

**आयोजना/कार्यक्रम मूख्य क्रियाकलापहरु**

दुई चरणमा १४४४ कि.मि. सडक स्तरोन्नती/निर्माण तथा ती सडकमा पर्ने १०४ वटा पुलहरु निर्माण

**कार्यक्रमहरुको उपलब्धी**

- प्रथम चरणका १६ वटा सडकहरुको IEE स्वीकृति
- मुआव्जा वितरण तथा युटिलिटि रिलोकेशन कार्य शुरु
- ३५ वटा पुल निर्माण कार्यको ठेक्का सम्झौता तथा निर्माण कार्य संचालन ।

## ४.५ महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय

आयोजनाको नाम : लैंगिक समानता तथा सशक्तिकरण आयोजना (ब.शी.नं. ५६-३/४-२०४)

कूल बिनियोजन : २२ करोड १२ लाख ७३ हजार

**कार्यक्रमहरुको उपलब्धी**

**(क) पुंजीगत तर्फ :**

- साना सामुदायिक योजना अन्तर्गत संचालित २८७ वटा पूर्वाधार विकासबाट करिव ९५०० घरधुरीहरु लाभान्वित

- २३ वटा महिला बहुउद्धेश्यीय केन्द्रको निर्माण भैरहेको ।

**(ख) आर्थिक शसक्तिकरण :**

- ६७५ जनालाई सम्भाव्य आर्जनका लागि तालिम प्रदान

- १६४० जना महिलालाई लघु उद्यम विकास तालिम र बस्तुगत टेवा प्रदान
- ६०० महिलाहरुको जीवनस्तरमा सुधार ल्याउन अभिमुखिकरण तालिम

(ग) **कानूनी सशक्तिकरण :**

- बैकल्पिक विवाद निरुपण सम्बन्धी तालिम प्रदान
- कानूनी सन्देशमुलक रेडियो जिंगल र संबाद स्थानीय ५ भाषामा उत्पादन र प्रशारण

(घ) **सामाजिक सशक्तिकरण :**

- ५९५ वटा समूह गठन भै सामाजिक परिचालनमा सकृय
- ३५ वटा महिला बहुउद्धेश्यीय संस्था दर्ता तथा २४ वटा संस्थाहरुमा परिपूरक कोष स्थापना
- ४१०० जनाले आधारभूत तालिम तथा ७५० जनाले संस्थागत तालिम प्राप्त गरेका ।
- २४६० जनलाई महिला पुरुष समविकास तालिम तथा ३७५ जनालाई लैगिक मूलप्रवाहिकरण तालिम प्रदान गरेको ।

(ङ) **संस्थागत सुदृढिकरण :**

- बिभिन्न निकायका ५७ जना कर्मचारीहरुलाई लैंगिक परीक्षण तालिम प्रदान
- ४६ जना कर्मचारीहरुद्वारा संस्थागत विकास तालिम र ५० जनाले सरकारी लेखा व्यवस्थापन तालिम प्राप्त गरेका कारण आयोजनाको कार्य सम्पादनमा सघाउ पुगेको ।

## ४.६ सिचाई मन्त्रालय

**आयोजनाको नाम : सिक्टा सिचाई आयोजना** (ब.उ.शी.नं. ६८-३/४-४१८)

कूल बिनियोजन : रु. १ अर्व ३६ करोड ५८ लाख २० हजार ।

कूल खर्च : रु. १ अर्व ३६ करोड १६ लाख १९ हजार

**लक्षित कार्यक्रम**

- डाइभर्सन स्ट्रक्चर निर्माण
- डिसिल्टिङ बेसिन निर्माण
- मुल नहरमा माटोको कार्य
- मुल नहर स्ट्रक्चर निर्माण

- नहर लाइनिङ कार्य
- वातावरणीय प्रभाव मुल्यांकन अध्ययन र बचाउ कार्य
- अनुसन्धान,अध्ययन, सर्भेक्षण तथा डिजाईन
- भवन मर्मत सुधार तथा निर्माण
- संस्थागत विकास

**लक्षित कार्यक्रमको उपलब्धी**

- हेडवर्क्सको Barrage माथि ३१७ मि. लामो पुल निर्माण
- ६१४ मि. लामो डिसिल्टिङ बेसिन र १.४ कि.मि. लामो Silt Flushing Channel निर्माण
- १४ कि.मि. मुलनहरमा माटो खन्ने काम सम्पन्न
- २२ वटा संरचना निर्माण कार्य शुरु (६० प्रतिशत सम्पन्न भएका)
- ६ कि.मि. नहर लाइनिङ कार्य सम्पन्न
- सिक्टा तथा गोवारपुर गाउ बचाउ कार्य भएको (१३५० मिटर वचावट)
- दाया मुल नहरको चेनेज १५ देखि ३५ कि.मि. सम्म alignment छनौट, सर्भेक्षण तथा डिजाईन कार्य भएको
- सिक्टा सिचाई आयोजनाको कार्यालय भवनको तला थप्ने कार्य भईरहेको

## ४.७ स्थानीय विकास मन्त्रालय

**आयोजनाको नाम : ग्रामीण सामुदायिक पुर्वाधार कार्यक्रम** (ब.शी.नं. ६९-३/४-८१०)

कूल बिनियोजन :रु १३ करोड ६७ लाख २ हजार

कूल खर्च : रु.१३ करोड ५ लाख ६४ हजार

**लक्षित कार्यक्रमको उपलब्धी**

- ५२.५ किलो मिटर ग्रामीण सडक निर्माण गर्ने लक्ष्य राखिएकोमा ४२.०९ किलो मिटर ग्रामीण सडक निर्माण भएको ।

**कार्यान्वयनका क्रममा अनुभव गरिएका समस्याहरु :**

- समयमा प्रगति प्रतिवेदन प्राप्त हुन नसक्नु ।
- प्राविधिक जनशक्तिको अभाव ।

- दातृ निकायबाट खाद्यान्न उपलब्ध नहुँदा अपेक्षित उपलब्धि हासिल हुन  नसक्नु ।

**आयोजनाको नाम : विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार आयोजना**

(ब.उ.शी.नं. ६९-३/४-८३९)

कूल बिनियोजन :रु १ अर्ब ७० करोड ३३ लाख १५ हजार

कूल खर्च : रु.१ अर्ब ५६ करोड ५५ लाख ७९ हजार

**लक्षित कार्यक्रम**

- १५६ कि.मी.सडक निर्माण गर्ने
- १५७ कि.मी.सडक पुर्नस्थापना र स्तरोन्नती गर्ने
- ५८ वटा नयां झोलुंगे पुल निर्माण गर्ने

**लक्षित कार्यक्रमको प्रगति**

- १०३ कि.मी.सडक निर्माण भएको
- १३३ कि.मी.सडक पुर्नस्थापना र स्तरोन्नती भएको
- ४५ वटा नयां झोलुंगे पुल निर्माण भएका

## ४.८ श्रम तथा यातायात व्यवस्था मन्त्रालय

**आयोजनाको नाम : व्यवसायिक तथा सीप विकास तालिम केन्द्र** (ब.उ.शी.नं. **७१-३/४-३२०**)

कूल बिनियोजन :रु ११ करोड ६९ लाख ९७ हजार

कूल खर्च : रु. ११ करोड ४१ लाख ६६ हजार

**लक्षित कार्यक्रमको उपलब्धी**

- २,२५,६६२ जनालाई बिभिन्न सीपमुलक तालिम प्रदान ।
- नियमित तथा आधारभूत तालिम ५५२१ जनालाई ।
- आवासीय महिला सीप विकास तालिम १०९ जनालाइ ।
- अल्पकालीन सीपमुलक तालिम १२२८७ जनालाई ।
- वैदेशिक रोजगार तालिम १४५० जनालाई ।

- विशेष सीप विकास तालिम १५१० जनालाई
- १ हप्ते उद्यमशीलता तालिम ६७० जनालाई ।
- शान्ति तथा पुर्नस्थापना मन्त्रालयको कार्यक्रम अन्तर्गत बैदेशिक एवं स्वरोजगार मूलक तालिम १०१५ जनालाई ।

**कार्यन्वयनमा देखिएका समस्याहरुः**

- तालिम भवन जीर्ण भएका, फर्निचरहरु धेरै पुराना भई प्रयोगको लागि अनुपयुक्त भएका ।
- प्रशिक्षकहरुलाई पुनर्ताजगी तालिमको अभाव ।

## परिच्छेद पांच

# वार्षिक खर्च विश्लेषण

## ५.१ वार्षिक खर्चको स्थिति

आर्थिक बर्ष २०६६।६७ का लागि रु. २८५ अर्व ९३ करोड कूल बिनियोजन गरिएकोमा रु. २५६ अर्व ५९ करोड ६३ लाख ८९ हजार खर्च भएको छ । खर्च रकम बिनियोजनको तुलनामा ८९.७४ प्रतिशत आउंछ भने गत आ.व. को खर्चको तुलनामा १६.८१ प्रतिशतले वृद्धि भएको छ । कूल खर्च मध्ये नगद खर्च रु. २४५ अर्व २१ करोड ९ लाख ५७ हजार र गैर नगद (बस्तुगत सहायता र सोझै भुक्तानी) खर्च रु. ११ अर्व ३८ करोड ५४ लाख ३२ हजार रहेको छ ।

चालु खर्चतर्फ रु. १६० अर्व ६३ करोड २३ लाख ६१ हजार बिनियोजन भएकोमा रु. १५१ अर्व ३६ करोड ३१ लाख ४७ हजार खर्च भएको छ । यो खर्च बिनियोजित बजेटको ९४.२३ प्रतिशत छ भने गत बर्षको तुलनामा १८.४९ प्रतिशतले वृद्धि भएको देखिन्छ । वजेट आईसकेपछि २०६६ साउनमा तलव भत्तामा भएको वृद्धि, विशेष सुरक्षा योजनामा भएको खर्च, सहकारीका पुराना कर्मचारी तथा संस्थानका कर्मचारीको दायित्व भुक्तानी र आर्थिक सहायता वितरणमा भएको वृद्धिले चालु खर्चतर्फ उल्लेख्य वृद्धि देखिएको हो ।

पूंजीगत खर्च तर्फ रु. १०६ अर्व २८ करोड ४७ लाख बिनियोजन भएकोमा रु. ८६ अर्व ८० करोड ९ लाख १९ हजार खर्च भएको छ । यो खर्च बिनियोजित बजेटको तुलनामा ८१.६७ प्रतिशत र गत आ.व. को तुलनामा १८.७६ प्रतिशतले वृद्धि भएको देखिन्छ । राष्ट्रिय गौरवका ठूला पूर्वाधार आयोजनामा मागे जति निकासा दिईएको, संचालित आयोजनाहरुको अनुगमन मूल्यांकनमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयले देखाएको तत्परता, बजेट नीति मार्फत कार्यान्वयनमा गरिएको सुधार र शान्ति सुरक्षाको स्थितिमा आएको सुधारका कारण आयोजनाहरुको कार्य संचालन हुन सकेकोले गत वर्षको तुलनामा पूंजीगत खर्चमा वृद्धि हुन सकेको देखिन्छ ।

सावां भुक्तानीतर्फ रु. १९ अर्व १ करोड २८ लाख ४६ हजार बिनियोजन भएकोमा १८ अर्व ४३ करोड २३ लाख २२ हजार खर्च भएको छ । यो रकम बिनियोजनको तुलनामा ९६.९५. प्रतिशत छ भने गत आर्थिक बर्षको खर्चको तुलनामा २.१३ प्रतिशतले घटेको देखिन्छ । नेपाली मुद्रा अमेरिकी डलरको बिनिमय दरसंग मजबुत बन्दै गएको कारण बिनियोजन भन्दा कम खर्च भएको देखिन्छ ।

## ५.२ नेपाल सरकार र वैदेशिक श्रोतको खर्चको स्थिति

आर्थिक वर्ष २०६६।६७ मा कुल खर्च रु. २५६ अर्व ५९ करोड ६३ लाख भएको छ । यो खर्च शुरु अनुमानको ८९.७४ प्रतिशत हुन आउंछ । बजेट तर्जूमाका वखत नेपाल सरकारको श्रोत तर्फ जम्मा वजेटको ७३ प्रतिशत खर्च गरिने तथा बैदेशिक अनुदान र ऋण तर्फ क्रमशः २० प्रतिशत र ७ प्रतिशत खर्च गरिने अनुमान गरिएको भएतापनि कुल खर्च रकममा नेपाल सरकारको श्रोत तर्फको योगदान ८२ प्रतिशत रहेको छ भने बैदेशिक अनुदान र ऋण तर्फको योगदान अनुमान भन्दा घट्न गई क्रमशः १४ प्रतिशत र ४ प्रतिशत रहेको देखिन्छ । नेपाल सरकारको श्रोततर्फ विनियोजनको तुलनामा १०१.२५ प्रतिशत खर्च भई रु. २०९ अर्व ९९ करोड पुगेको छ । वैदेशिक श्रोततर्फ विनियोजनको तुलनामा ५८.०७ प्रतिशत मात्र खर्च भई रु.४६ अर्व ६० करोड ३१ लाखमा सिमित भएको छ । आर्थिक वर्ष २०६६।६७ को श्रोतगत खर्चको विवरण निम्न वमोजिम छ ।

**तालीका नं. ५.१**

रकम रु. लाखमा

| श्रोत | विनियोजन | | खर्च | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| नेपाल सरकार | २०७४१३७ | ७३ | २०९९९३२ | ८२ |
| वैदेशिक अनुदान | ५६९५५६ | २० | ३६५७६८ | १४ |
| वैदेशिक ऋण | २१५६०७ | ७ | १००२६३ | ४ |
| जम्मा | २८५९३०० | १०० | २५६५९६३ | १०० |

यसरी श्रोतगत खर्चको विश्लेषण गर्दा वैदेशिक सहायता परिचालनको क्षमता न्यून रहेको पाइन्छ । त्यसमा पनि वैदेशिक ऋण परिचालनको अवस्था झन कमजोर देखिन्छ । सम्झौता हुने क्रममा रहेका वा सहायता प्रभावकारी नभएका वैदेशिक श्रोत समेत वजेटमा उल्लेख गरिएका कारण एवं श्रोतान्तर माग गर्नुपर्ने आयोजनाहरुबाट समयमै श्रोतान्तर माग नगरेका कारण पनि वैदेशिक सहायता कम परिचालन भएको देखिन्छ ।

## ५.३ खर्च शीर्षक अनुसार खर्चको स्थिति

आर्थिक वर्ष २०६६।६७ को खर्चको शीर्षकगत विश्लेषण गर्दा सबैभन्दा बढी खर्च शीर्षक नं. १.०१ तलवमा रु. ३५ अर्व ८० करोड १६ लाख ३३ हजार खर्च भएको छ । दोश्रोमा खर्च शीर्षक नं. ६.०५ सार्वजनिक निर्माणमा रु. २६ अर्व २० करोड ९५ लाख ९७ हजार खर्च भएको देखिन्छ । त्यसपछि क्रमशः सामाजिक सेवा निशर्त अनुदान र सामाजिक सेवा सशर्त

अनुदानमा खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०६६।६७ को खर्च शीर्षकगत विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ ।

## ५.४ मन्त्रालयगत खर्चको स्थिति

आर्थिक वर्ष २०६६।६७ मा शिक्षा मन्त्रालयको खर्च सबैभन्दा बढी देखिएको छ । उक्त मन्त्रालयमा रु.४६ अर्व ३९ करोड ८२ लाख ४२ हजार खर्च भएको देखिन्छ, जुन खर्च विनियोजनको तुलनामा ९९.५३ प्रतिशत हो । त्यसपछि क्रमशः भौतिक योजना तथा निर्माण मन्त्रालय र रक्षा मन्त्रालयको खर्च रहेको छ । विनियोजनको तुलनामा सबैभन्दा कम खर्च शान्ति तथा पुनः निर्माण मन्त्रालयमा भएको देखिन्छ । उक्त मन्त्रालयमा रु. ११ अर्व ५३ करोड ३४ लाख ९७ हजार विनियोजन गरिएकोमा रु. ५ अर्व ७२ करोड ६४ लाख ६१ हजार मात्र खर्च भएको देखिन्छ, जुन खर्च विनियोजनको तुलनामा ४९.५ प्रतिशत मात्र देखिन्छ । मन्त्रालयगत खर्चको स्थितिको विवरणलाई अनुसूची ८ मा उल्लेख गरिएको छ ।

## ५.५ वृद्धि तलवभत्ता तथा अन्य आकस्मिक खर्चको व्यवस्थापन

आर्थिक वर्ष २०६६।६७ को वजेट प्रस्तुत भईसके पछि कर्मचारीहरुको तलवभत्तामा भएको वृद्धि तथा समायोजन, विशेष सुरक्षा योजनाको कार्यान्वयन, सार्वजनिक संस्थानहरुका कर्मचारीहरुको दायित्व भुक्तानीका लागि करीव रु. १३ अर्वको दायित्व थपिन गै चालु खर्च वजेट अनुमानभन्दा बढी हुने प्रक्षेपण मध्यावधि समीक्षामा गरिएको थियो । पहिलो ६ महिनाको खर्चको प्रवृत्तिको आधारमा थप भएका चालु खर्च व्यवस्थापनका लागि पुरक बजेट ल्याउनु पर्ने सुझाव मध्यावधि मूल्याङ्कन प्रतिवेदनमा दिइएको थियो । तथापी, आर्थिक वर्षको तेश्रो चौमासिकको शुरुवातमा खर्चको प्रवृत्ति हेर्दा विनियोजित सबै रकम खर्च हुन नसक्ने देखिएको थियो । यसैवीच अर्थ मन्त्रालयले खर्च नियन्त्रणका उपायहरु अपनाएको, रिक्त दरवन्दीहरु पूर्ति हुन नसकेको तथा खर्च हुन नसकेका शीर्षकहरुवाट आवश्यक शीर्षकमा रकमान्तर गरिएका कारण बजेटको सीमा भित्रै चालु खर्चको व्यवस्थापन गर्न सफलता मिलेको छ ।

## ५.६ बैदेशिक सहायतता प्रतिवद्धताको स्थिति

आर्थिक बर्ष २०६६।६७ मा बिभिन्न दातृ निकायहरुबाट रु. ९६ अर्ब ६० करोड ९५ लाख सहायता दिने प्रतिवद्धता प्राप्त भएको थियो । यस मध्ये अनुदानतर्फ ७० अर्ब २५ करोड ८२ लाख र ऋण तर्फ रु. २६ अर्ब ३५ करोड १२ लाख रहेको छ । वैदेशिक सहायता प्रतिबद्धताको विवरण अनुसूची १० र ११ मा उल्लेख गरिएको छ ।

## ५.७ आन्तरिक ऋण

आर्थिक बर्ष २०६६।६७ मा रु. ३० अर्व ९१ करोड आन्तरिक ऋण उठाउने लक्ष्य रहेकोमा रु. २९ अर्व ९१ करोड आन्तरिक ऋण उठाईएको छ । चालु तथा पूंजीगत खर्चमा भएको वृद्धि तथा बैदेशिक सहायताको रकम परिचालन हुन नसकी आन्तरिक स्रोततर्फ स्रोतान्तर मागका कारण केन्द्रीय खाताको मौज्दात ऋणात्मक हुन गई आन्तरिक ऋण परिचालन करिव करिव अनुमान अनुसार नै भएको देखिन्छ । विदेशमा काम गर्ने नेपालीलाई लक्षित गरी रु. ७ अर्वको

वैदेशिक रोजगार वचतपत्र जारी गर्ने प्रारम्भिक अनुमान भएतापनि रु. १ अर्वको मात्र वचतपत्र जारी गर्न सकिएको र रु. ४० करोडको वचतपत्र विक्री भएको थियो । वैदेशिक रोजगार वचतपत्रबाट उठाउन नसकिएको रकम स्वदेश भित्रै अन्य उपकरणहरुबाट उठाइएकोले आन्तरिक ऋणको संरचना बजेटमा अनुमान गरिएभन्दा फरक हुन गएको छ ।

## ५.८ नेपाल सरकारको केन्द्रीय कोषको स्थिति

नेपाल राष्ट्र वैंकबाट प्राप्त विवरण अनुसार २०६७ असार मसान्तसम्म केन्द्रीय कोष रु. १६ अर्व ७१ करोड १५ लाखले ऋणात्मक रहेको छ । उक्त रकम समीक्षा वर्षको तथा गत वर्षको एकीकृत ऋणात्मक अंक हो । आर्थिक वर्ष २०६५।६६ मा केन्द्रिय कोषको अवस्था रु. ८ अर्व ८३ करोड ले ऋणात्मक थियो । आर्थिक वर्ष २०६६।६७ मा थप रु. ७ अर्व ८७ करोड ऋणात्मक हुन गई २०६७ असार मसान्तमा केन्द्रिय कोषको कूल न्युन रकम रु. १६ अर्व ७१ करोड पुगेको हो । अनुमान गरेभन्दा राजश्व असूली बढेको र खर्च घटेको अवस्थामा पनि केन्द्रीय कोष ऋणात्मक रहनुमा वैदेशिक सहायता संलग्न आयोजनाहरुबाट समय मै सोधभर्ना माग नगरिएको तथा माग भएको सोधभर्ना समयमा प्राप्त नभएको कारण देखिन्छ। साथै प्राप्त नहुने वैदेशिक सहायताको केही रकम नेपाल सरकारको श्रोततर्फ श्रोतान्तर गरी बढेको चालु दायित्व भुक्तानी र नयाँ पूंजीगत कार्यमा खर्च गरिएको कारणले नेपाल सरकारको श्रोतमा थप चाप पर्न गई केन्द्रिय कोष ऋणात्मक हुन गएको हो । आन्तरिक ऋण अनुमान गरिएभन्दा करिव रु.१ अर्व घटी उठाउनु पनि अर्को कारण हो । सोधभर्ना प्राप्त भएपछि केन्द्रीय कोषको अवस्थामा सुधार हुनेछ ।

## परिच्छेद छ
## सार्वजनिक खर्च व्यवस्थापनमा सुधारका कार्यसूची र उपलब्धी विश्लेषण

वित्तीय पारदर्शिता, वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्न परेको कठिनाई, आयोजनाहरुको व्यवस्थापन क्षमतामा ह्रास, सार्वजनिक खरिद प्रणाली प्रतिष्पर्धी हुन नसक्नु, ठूला पूर्वाधारका आयोजनाहरुमा रकमको अपर्याप्तता र कमजोर अनुगमन मूल्यांकन प्रणालीमा सुधार गरी बजेट तर्जुमा, कार्यान्वयन र मूल्यांकनलाई प्रभावकारी बनाउन आर्थिक बर्ष २०६६।६७ मा नीतिगत, संस्थागत र प्रकृयागत सुधारका प्रयासहरु गरिएका थिए । ती सुधारका प्रयासहरु र यसका उपलब्धीहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ६.१ एकल खाता कोष प्रणाली कार्यान्वयन

बित्तीय व्यवस्थापन अन्तर्गत नगद प्रवाहको अवस्था र वित्तीय सूचना प्रणालीलाई सुधार गर्दै जाने नीति अनुसार आर्थिक बर्ष २०६६।६७ देखि पहिलो चरणमा भक्तपुर र ललितपुर जिल्लामा बिनियोजन र धरौटीतर्फ एकलखाता कोष प्रणाली लागु गरि सकिएको छ । आगामी दुई आर्थिक बर्ष भित्र सबै मुख्य मुख्य जिल्लाहरुमा र तीन बर्ष भित्र सबै जिल्लाहरुमा यो प्रणाली लागु गर्ने उद्धेश्यले तयारीको कार्य तिब्र रुपमा अगाडी बढाईएको छ । आर्थिक वर्ष २०६७/६८ मा थप २५ जिल्लाहरुमा लागू गर्ने निर्णय भैसकेको छ ।

### ६.२ बहुबर्षीय ठेक्का बन्दोबस्त

आर्थिक बर्ष २०६६।६७ को अख्तियारीमा नै त्रिबर्षीय खर्च प्रक्षेपण अनुमानमा उल्लेखित अंकको परिधिभित्र रही ती बर्षको ठेक्का पट्टा एकैपटक गर्न समेत व्यवस्था गरिएको थियो । सार्वजनिक खरिद प्रकृयाका सबै चरणहरु बर्षेनी दोहोऱ्याउन नपर्ने गरी समयमै कार्य सम्पन्न हुने सोचले औषधि, खाद्यान्न, पासपोर्ट जस्ता सामाग्रीको आपूर्ति तथा पूर्वाधार निर्माणका कार्यहरुको लागि बहुबर्षीय ठेक्का गर्न सहमति समेत प्रदान गरिएको थियो । उल्लेखित सहमति अनुसार परराष्ट्र मन्त्रालयले पासपोर्ट छपाईको, स्वास्थ्य मन्त्रालयले औषधि खरिदको, जमुनिया सिचाई योजनामा तथा सडक विभाग अन्तर्गत बिभिन्न सडकहरुको कार्य बहुबर्षीय ठेक्का प्रणाली अनुसार भैरहेका छन् । सैद्धान्तिकरुपमा वहुवर्षीय ठेक्का प्रणाली राम्रो देखिएतापनि यथार्थ तथ्यांकको अभावमा आगामी वर्षको वजेट विनियोजनमा श्रोत व्यवस्थापन कठीन हुने र आवश्यकताभन्दा बढी ठेक्का लाग्न सक्ने सम्भावना देखिएकोले यो नीतिमा केही परिमार्जन गर्नु पर्ने देखिएको छ ।

### ६.३ सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग गठन

आर्थिक बर्ष २०६६।६७ मा समग्र अर्थतन्त्रमा देखिएका प्रतिकुलता एवं सरकारी बजेट, योजना तथा खर्च प्रणालीमा देखिएका विसंगतीहरुलाई सुधार गर्न आवश्यक अध्ययन गरी सुझाव लिन सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणली पुनरावलोकन आयोग गठन गरिएको । उक्त आयागले २०६६ असार ९ गते अन्तरिम प्रतिवेदन बुझाएको छ । योजना तथा कार्यक्रम, आयोजनाको प्राथमिकता, बजेट बिनियोजन तथा खर्च व्यवस्थापन, बैदेशिक सहायताको प्रभावकारीता, सार्वजनिक संस्थानका

सम्बन्धमा गर्नु पर्ने सुधारका बिषयहरु अन्तरिम प्रतिवेदनमा समेटिएको छ । २०६७ कात्तिक मसान्तसम्म अन्तिम प्रतिवेदन पेश गर्ने गरी म्याद थप गरिएकोमा थपिएको म्यादभित्रै अन्तिम प्रतिवेदन बुझाई सकेको छ । प्रतिवेदनका कैयन सुझावहरु आर्थिक वर्ष २०६६।६७ को वजेट मार्फत कार्यान्वयन गरिएको छ । बांकी सुझावहरु क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त भएको छ ।

## ६.४ विद्युतीय बोलपत्रको व्यवस्था

ठूला पूर्वाधार आयोजनाहरुका ठेक्कालाई निष्पक्ष र प्रतिस्पर्धी बनाउन विद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्ने व्यवस्था गरिएकोमा सडक विभाग अन्तर्गतका धेरै आयोजनाहरुमा विद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्ने कार्य भएको छ । ठेक्कापट्टाको प्रक्रिया प्रतिष्पर्धी बन्न गई सडक विभाग अन्तरगत ठूलो रकम बचत भएको जानकारी प्राप्त भएको छ । उपयुक्त कानूनी व्यवस्थाको अभावमा सबै सार्वजनिक खरिदलाई विद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्ने व्यवस्था अनिवार्य गर्न नसकिएको अवस्था छ ।

## ६.५ कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली

आयोजनामा बिनियोजन गरिएको बजेट समयमै खर्च गर्ने तथा सदाचार पद्धतिमा सुधार ल्याउने उद्धेश्यका साथ कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको शुरुवात गरिएको हो । आ.व. २०६६।६७ मा निजामती कितावखाना र महालेखा परीक्षकको कार्यालयका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएको छ । मध्यपहाडी लोकमार्ग, रानीजमरा कुलरिया सिचाई आयोजना, हुलाकी राजमार्ग, जनता आवास कार्यक्रम समेत गरी जम्मा ५ वटा आयोजनाहरुमा कार्यरत कर्मचारीहरुका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्न सैद्धान्तिक सहमति दिईएको थियो । ती आयोजनाहरुको कार्य सम्पादन सूचक निर्धारण गर्ने अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाका कर्मचारीहरुले सघाएका थिए । तर कार्य सम्पादन प्रोत्साहन प्रणालीको पूरै खाका तयार भई नआएकोले ती आयोजनाहरुमा यो प्रणाली लागू हुन सकेन ।

## ६.६ त्रिबर्षीय खर्च प्रक्षेपण/मध्यकालिन बजेट संरचना

निरन्तर संचालन हुने ठूला आयोजनाहरुमा कम्तिमा तीन बर्षको खर्चको अनुमान र स्रोतको व्यवस्था भएपछि कार्यान्वयनमा स्रोतको निश्चितता हुने उद्देश्यले आ.व. ०६६।६७ को बजेट व्यवस्थापिका-संसदमा प्रस्तुत गर्दा नै त्रिबर्षीय खर्च प्रक्षेपण पनि प्रस्तुत गरिएको थियो । आर्थिक वर्ष २०६७।६८ को बजेट तयारीको सन्दर्भमा पनि यो प्रणालीलाई निरन्तरता दिइएकोले यसले संस्थागत रुप धारण गर्न सफल भएको अनुभव भएको छ ।

## ६.७ राष्ट्रिय गौरवका आयोजनाहरुलाई रकम अभाव हुन नदिने प्रतिवद्धता

राष्ट्रिय गौरवका आयोजनाहरुलाई रकम अभाव हुन नदिने प्रतिवद्धता अनुरुप पर्याप्त बजेट बिनियोजन गरिएको तथा सिक्टा सिंचाई आयोजना, माथिल्लो तामाकोशी जलविद्युत आयोजनालाई क्रमशः रु. ७८ करोड र २ अर्व थप निकासा दिईएको छ ।

# परिच्छेद सात
## भोगिएका समस्याहरु र भविष्यमा अपनाउनु पर्ने सजगता

आर्थिक वर्ष २०६६।६७ मा विगतमा भोगिएका केही समस्याहरुको निरन्तरता र केही नयां खालका समस्याहरु अनुभव गरिएको छ । विगतमा देखिएका समस्याहरुलाई समाधान गर्ने तर्फ सम्बन्धित निकायहरुको कृयाशील भूमिकामा कमी रहेको देखिन्छ । हरेक वर्षका मूल्यांकन प्रतिवेदनले सुझावहरु सिफारिश गरेका हुन्छन तर कार्यान्वयनमा ठोस प्रगति हासिल हुन सकेको हुदैन । अतः समस्याहरु समाधानका लागि दिईएका सुझावहरुको कार्यान्वयन गर्ने चुनौती यस बर्ष पनि विद्यमान रहेको छ । बजेट कार्यन्वयनको सन्दर्भमा भोगिएका समस्याहरु र अपनाउनु पर्ने सजगतालाई निम्नअनुसार उल्लेख गरिएको
छ ।

### ८.१ प्रमुख आर्थिक परिसूचकहरु निराशाजनक

गत आर्थिक वर्ष न्यून आर्थिक वृद्धि, उच्च मूल्य वृद्धि दर, तरलता संकट र शोधनान्तर घाटा नेपाली अर्थतन्त्रका मूख्य चुनौतीका रुपमा देखा परेका थिए । यस्ता चुनौतीहरुलाई समाधान गर्नको लागि सरकारी लगानीमा बृद्धि र निजी क्षेत्रको लगानीको लागि उपयुक्त वातावरणको निर्माण गरेर आर्थिक वृद्धिको दर उच्च राख्न सकिन्छ । आन्तरिक उत्पादन बृद्धि, मौद्रिक नीतिमा कडाई र आपूर्तिजन्य समस्या समाधानबाट मूल्य वृद्धिलाई नियन्त्रण गर्न सकिन्छ । वैंकिंग सेवाप्रतिको जनविश्वासको पुनःस्थापना र प्रभावकारी नियमनद्धारा तरलताको असहज स्थिति हटाउन सकिन्छ । भुक्तानी सन्तुलनलाई अनुकूल बनाई राख्न निर्यात वृद्धि तथा आयात प्रतिस्थापन, अनौपचारिक माध्यमबाट आउने रेमिट्यान्स आयलाई बैकिंग प्रणालीबाट भित्रयाउने र पर्यटन एवं अन्य सेवा क्षेत्रबाट हुने वैदेशिक मुद्रा आर्जन बढाउनु पर्ने देखिन्छ ।

### ८.२ व्यवस्थापिका संसदबाट वजेट ढिलो पारित

संविधानसभाको निर्वाचन पछिका तीन वटै वर्षहरुको वजेट या त ढिलो प्रस्तुत भए या समय मै प्रस्तुत भए पनि ढिलो पारित भए । आर्थिक वर्ष २०६६।६७ को वजेट २०६६ असारमा नै प्रस्तुत भएपनि वजेट प्रस्तुतीको लगत्तै निरन्तर संसद अवरुद्ध भएकोले २०६६ मंसीर १० गते मात्र पारित भयो । वजेट ढिलो हुनुको अर्थ कार्यक्रम स्वीकृति पनि ढिलो हुनु हो । यसको स्वाभाविक असर कार्यक्रम कार्यान्वयनमा पर्दछ । यसको परिणती पूंजीगत खर्चको परिमाण कम हुनुको साथै खर्चको दक्षता र उपयोग पनि कम हुन जान्छ । समीक्षा वर्षमा पूंजीगत खर्च विनियोजनको ८१ प्रतिशत मात्र हुन सकेकोछ । यो समस्यालाई भविष्यमा दोहोरिन नदिन आर्थिक वर्ष शुरु हुनु भन्दा कम्तिमा पनि तीन महिना अगावै वजेट पेश गर्ने र असारभित्र वजेट तथा कार्यक्रम स्वीकृत गर्ने राजनैतिक सहमति कायम गरी त्यसलाई कानूनी रुप नै दिनु पर्दछ । अव बन्ने नयां संविधानमा यो कुरा उल्लेख गर्ने वा वजेट सम्बन्धी छुट्टै कानून तर्जूमा गरी संस्थागत गर्न सकिन्छ ।

## ८.३ मध्यकालीन खर्च संरचनालाई आन्तरिकीकरण गर्न नसकिएको

खर्चको प्राथमिकता र बजेटलाई नीतिमा आधारित बनाउन मध्यकालीन खर्च संरचनाको अवधारणालाई अगाडी सारिएको हो । तर, यसको बुझाई र संस्थागत अन्तरिकीकरणमा समस्या देखिएको छ । मध्यकालीन खर्च संरचनाको आधारमा स्रोतको बांडफांड गर्दा बजेट व्यवस्थापनलाई बढी पारदर्शी र यथार्थपरक बनाउन सकिन्छ । यथार्थमा मध्यकालीन खर्च संरचनालाई पूर्ण रुपमा आत्मसात गरी बजेट तर्जुमा गर्न नसकिएको अनुभूति गरिएको छ । वजेटलाई यथार्थपरक, प्राथमिकतामा आधारित र अनुमानयोग्य बनाउन मध्यकालीन खर्च संरचना/ मध्यकालीन वजेट संरचना/त्रिवर्षीय खर्च प्रक्षेपणबाट विचलन नहुने परिपाटी कायम गर्नु पर्ने देखिन्छ ।

## ८.४ गैर बजेटरी रकम माग गर्ने प्रवृत्ति कायमै

बजेटमा उल्लेखित कार्यक्रमहरुमा भन्दा अन्य कार्यक्रमको लागि रकम माग गर्ने प्रवृत्ति आर्थिक बर्ष २०६६।६७ मा पनि कायमै रह्यो । बजेट तर्जुमा बखत कार्यक्रम प्रस्ताव नगर्ने तर आर्थिक बर्षको बीच बीचमा नयां कार्यक्रमको लागि रकम माग गर्ने प्रवृत्तिले बजेट अनुशासन कायम गर्न बहुतै अप्ठेरो परेको छ । पूर्वानुमान गर्न नसकिएका कार्यक्रमहरुको लागि समेत बजेट व्यवस्थापन गर्नुपर्ने अवस्था निकै चुनौतीपूर्ण र पीडादायी हुन्छ । २०६७ साउनमा घोषणा भएको तलवभत्ता र विशेष सुरक्षा कार्यक्रमको खर्च व्यवस्थापन गर्ने कार्य समीक्षा वर्षको सर्वाधिक कठीन कार्य थियो ।

## ८.५ रकमान्तर तथा श्रोतान्तर मागमा वृद्धि

क्षेत्रगत मन्त्रालयहरुले दातृ निकायहरुसंग भएको सम्झौता बमोजिमका प्रकृया पुरा गरी सहायता रकम उपयोग गर्न नसक्दा नेपाल सरकरको स्रोततर्फ स्रोतान्तर माग गर्ने र खर्च गर्ने प्रवृत्ति बढेको छ । यस्तो स्रोतान्तर मागका कारण आन्तरिक स्रोतमाथि चाप परेको देखिन्छ । अतः स्रोत र कार्यक्रमको ढांचा निश्चित नभएसम्म बजेट प्रस्ताव नगर्ने तथा बैदेशिक सहायता रकमको उपयोग पश्चात मात्र आन्तरिक स्रोतको रकम उपयोग गर्ने परिपाटीको विकास गर्नु उपयुक्त हुने देखिन्छ । साथै, वजेट तर्जूमालाई बढी यथार्थपरक बनाउनु पनि त्यत्तिकै जरुरी देखिन्छ ।

## ८.६ आर्थिक बर्षको अन्तमा बढी खर्च गर्ने प्रवृत्ति

कार्यक्रम तथा आयोजनाहरुका सबै प्रकृया पुरा गरी समयमा नै काम शुरु हुन नसक्ने तथा जसरी पनि आर्थिक बर्षको अन्त्यमा काम सम्पन्न गर्ने प्रवृत्तिका कारण आर्थिक बर्षको अन्तमा बढी खर्च भएको देखिन्छ । आर्थिक बर्षको अन्तमा काम सम्पन्न गर्ने तर्फ मात्र ध्यान दिंदा कामको गुणस्तरीयतामा ध्यान पुग्न नसक्ने तर्फ समेत सचेत हुन जरुरी देखिन्छ । बजेट स्वीकृती र कार्यक्रम स्वीकृतीको समय तथा आवधिक रुपमा खर्च गर्न सक्ने रकमको सीमा

निर्धारण गर्न सकेमा तथा बहुबर्षीय ठेक्का प्रणालीलाई संस्थागत गर्न सकेमा आर्थिक वर्षको अन्तमा बढी रकम खर्च गर्ने प्रवृति निरुत्साहित भै सार्वजनिक खर्चको उपयुक्त परिचालन हुन सक्ने देखिन्छ ।

## ८.७ सबै खर्चको मापदण्डहरु निर्धारण नहुनु र भएको पनि पालना नहुनु

कार्यालय संचालन र सेवा खर्चका धेरैजसो शीर्षकहरुमा खर्च गर्ने मापदण्ड निर्धारण गर्न नसकिएको कारण विभिन्न निकायहरुमा फरक फरक तरिकाबाट खर्च हुने गरेको देखिन्छ । त्यस्तै, अनुदान, आर्थिक सहायता, विदेश भ्रमण खर्चमा उपयुक्त मापदण्डको अभाव महसुस गरिएको छ । यथार्थमा चालु खर्चहरुको मापदण्ड बनाई त्यसको पालना गर्न सकिएमा सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिने देखिन्छ । आर्थिक अनुशासन कायम गर्ने औजार पनि खर्चको मापदण्ड बन्न सक्दछ ।

## ८.८ कार्यक्रम कार्यान्वयनमा अन्तर निकाय समन्वयको कमी

एउटै लक्ष्य हासिल गर्ने कार्यक्रमको कार्यान्वयन कार्य प्रकृति अनुसार बिभिन्न निकायबाट हुने गर्दछ । तर, बिभिन्न निकायबीच आवश्यक समन्वय हुन नसकेको कारण कार्यक्रमको लागत बढ्ने गरी एकै प्रकारको क्रियाकलाप दोहोरिने गरेको देखिन्छ । त्यस्तै, ठूला आयोजनाहरु सञ्चालन/कार्यान्वयन गर्न सम्बन्धित सबै निकायहरुबीच आपसी समन्वयको कमीका कारण आयोजनाहरु समयमा कार्यान्वयन हुन नसकेको देखिन्छ । जग्गा प्राप्ति, रुख कटान, स्थानीय सरोकारवाला समूहसंगको सामञ्जस्यता र आयोजना प्रभावित समुदायको पुर्नस्थापना गर्ने विषयहरु ठूला आयोजनाको कार्यान्वयनमा प्रतिकूल असर पार्ने कडीको रुपमा देखा परेका छन । तसर्थ, सरोकारवाला निकायहरुबीच आयोजनाहरुको कार्यान्वयनमा प्रतिकूल असर गर्ने विषयहरुमा आवश्यक समन्वय र सहकार्य हुनु अत्यावश्यक देखिएको छ ।

## ८.९ सार्वजनिक खर्चको नियमित अनुगमनको कमी

सार्वजनिक खर्चको नियमित अनुगमन प्रणालीको स्थापना हुन नसकेका कारण सरकारी खर्च पूर्व घोषित नीति, कार्यक्रम र आयोजनाको उद्धेश्य प्राप्तिमा केन्द्रीत हुन सकेको छैन । सरकारी खर्चलाई भौतिक प्रगति, नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको आधारमा नियमति अनुगमन गर्ने संयन्त्र विकास गर्न सकिएमा बजेट मार्फत घोषणा गरिएका उद्देश्य प्राप्त गर्न सकिने हुन्छ । अतः अनुगमन गर्ने निकायको सक्रियता र नियमितता अझ बढाउनु जरुरी छ । वजेटमा घोषणा भएको तेश्रो पक्ष अनुगमनको कार्यविधि बनाई छिटै कार्यान्वयन गर्नु पर्ने देखिएकोछ ।

## ८.१० स्थानीय निकाय राजनीतिक नेतृत्वविहिन

विकेन्द्रीकरणको अवधारणा अनुरुप स्थानीय निकाय मार्फत खर्च गर्न ठूलो रकम विनियोजन गरिएको हुन्छ । समुदायको सहभागितामा आधारित सेवा प्रवाह, स्थानीय निकायको क्षमता अभिवृद्धि, जनसहभागितामा आधारित श्रममूलक पूर्वाधार कार्यक्रमहरु संचालन गर्न रकम

विनियोजन गरिएको हो । तर, लामो समयदेखि स्थानीय निकायमा जननिर्वाचित प्रतिनिधिहरुको नेतृत्व नभएका कारण ती कार्यक्रमहरु संचालन गर्न कठिनाई महसुस भएको छ । संचालित कार्यक्रममा पनि दुरुपयोग र अनियमितताका समाचारहरु प्राय वर्षभरिनै आइरहन्छन । यसमा सुधार गर्न स्थानीय निकायको राजनीतिक नेतृत्व शुन्यताको अवस्था छिटै हटाउनुपर्ने देखिन्छ । अहिलेको सर्वदलीय राजनैतिक संयन्त्रलाई कार्यात्मक वनाई संस्थागत क्षमता अभिवृद्धिमा जोड दिनु पनि त्यत्तिकै जरुरी छ । स्थानीय विकास मन्त्रालयको अनुगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी वनाउनु पर्दछ । तत्कालीन विकल्पको रुपमा क्षमता अनुसारको रकम मात्र पठाई अन्य कार्यक्रम केही समयलाई स्थगन गर्ने कठोर निर्णय गर्नुपर्ने महशुस गरिएको छ ।

## ८.११ लेखांकन नगरिएका लुप्त तथा आकस्मिक दायित्व भुक्तानी गर्नु पर्ने बाध्यता

नेपाल सरकारको लेखा प्रणालीमा आकस्मिक तथा लुप्त दायित्वको अभिलेख राखिदैन । यस्ता आकस्मिक दायित्वका लागि पर्याप्त वजेट छुट्याउन नसकिने तर, आर्थिक वर्षको अन्त्यतिर ती दायित्व भुक्तानीका लागि दवावहरु आउने गर्दछन् । आर्थिक वर्ष २०६६।६७ मा खारेजीमा परेका विराटनगर जुट मीलको रु. ५८ करोड र वुटवल धागो कारखानाको रु. ४७ करोडको कर्मचारीको दायित्व विकास वजेट कट्टा गरेर भुक्तानी दिईयो । यस्ता आकस्मिक दायित्वहरुलाई व्यवस्थापन गर्नको लागि लेखांकन गर्ने, वजेट तर्जूमाका वखत नै प्रस्ताव गर्ने व्यवस्था गर्न सकिएमा वजेट यथार्थपरक भै कार्यान्वयनमा सहजता आउने देखिन्छ ।

## ८.१२ वैदेशिक सहायताको उपयोग क्षमतामा ह्रास

वैदेशिक सहायता परिचालनको स्थिति निराशाजनक देखिएको छ । आर्थिक वर्ष २०६६/६७ मा वजेट अनुमानको तुलनामा अनुदान ६४.२ प्रतिशत र ऋण ४६.५ प्रतिशत मात्र परिचालन हुन सक्यो । शोधभर्ना बक्यौता रकम वर्षेनी बढ्दै गएको छ । यसको असर विदेशी मुद्रा संचिति, भुक्तानी सन्तुलन र केन्द्रीय कोषमा पऱ्यो । वैदेशिक सहायताको उपयोग क्षमता बढाउनको लागि Nepal Portfolio Performance Review 2009 र 2010 मा उल्लेख गरे जस्तै आयोजनाको गुणस्तरीय प्रवेश(Quality at Entry), मानव संसाधन विकास, सार्वजनिक वित्तीय व्यवस्थापन र खरीद व्यवस्थापन लगायत अनुगमन तथा मुल्यांकन प्रणालीमा व्यापक सुधारको खांचो रहेको महसुस गएिको छ ।

# परिच्छेद सात
# उपसंहार

बजेटको यथार्थपरक मूल्याङ्कनले कार्यान्वयनका उपलब्धीहरुको अभिलेखन गर्दै देखिएका कमी/ कमजोरीहरुलाई औंल्याउने र भविष्यमा पुनः ती कमजोरी दोहोरिन नदिने उपायहरु समेत प्रदान गर्दछ। यसका लागि बजेट कार्यान्वयनको समग्र मुल्यांकन गरी सुधारका सुचकहरु पहिल्याउन अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाले बजेटको बार्षिक मुल्यांकन गर्ने गरेको छ।

प्रमुख आर्थिक परिसूचकहरुका दृष्टिले समीक्षा वर्ष निराशाजनक रहेको छ । वैदेशिक सहायता परिचालन पनि लक्ष्य अनुरुप हुन सकेको छैन । ढिलो गरी वजेट पारित भएको हुँदा कार्यान्वयनमा ढिलाई भएको आधारमा विश्लेषण गर्दा नीति कार्यक्रमको कार्यान्वयनको अवस्था सन्तोषजनक नै मान्नु पर्ने अवस्था छ । चालु खर्चको तुलनामा पूँजीगत खर्च हुन सकेको छैन । वजेट आई सकेपछि कर्मचारीहरुको तलवभत्ता लगायत विशेष सुरक्षा योजनाका कारण बढ्न गएको चालु खर्चको मागलाई खर्च नियन्त्रणका उपायहरुद्धारा व्यवस्थापन गर्न सकिएको छ । राजश्व परिचालनमा भएको वृद्धिका कारण यस्ता खर्चलाई व्यवस्थापन गर्न सकिएको हो । ठूला पूर्वाधार आयोजनाहरुमा निर्वाध रुपमा काम गर्न सक्ने वातावरण बनाउन सबै पक्षहरुको समन्वय र सहकार्यको आवश्यकता समेत देखिएको छ । सार्वजनिक खर्च व्यवस्थापनमा सुधारका कार्यसूचीहरुको कार्यान्वयनले वजेट व्यवस्थापन र अनुशासन कायम गर्न विगत बर्षहरुमा भन्दा सकारात्मक योगदान पुग्न गएको देखिन्छ।

वजेटको मुल्यांकनले सुधारका क्षेत्रहरु पनि उजागर गरेको छ। गैर वजेटरी मागलाई निरुत्साहित गर्ने, मध्यकालीन खर्च संरचनालाई आन्तरिकीकरण गर्ने, आर्थिक वर्षको अन्तमा खर्च गर्ने प्रवृत्तिमा सुधार गर्ने, कामको गुणस्तरीयतामा ध्यान दिने, वजेट पेश गर्ने र स्वीकृत गर्ने समय सीमा तोक्ने, वैदेशिक सहायताको उपयोगमा वृद्धि गर्ने, खर्चको नियमित अनुगमन गर्ने, यथार्थपरक वजेट निर्माण गर्ने, बजेट कार्यान्वयनमा अन्तर निकाय समन्वयमा वृद्धि गर्ने र खर्चका मापदण्डहरु बनाई कार्यान्वयन गर्ने जस्ता सुधारका क्षेत्रहरु देखिएका छन।

मुल्यांकनमा उल्लेखित सुझावहरुलाई आगामी वर्षको वजेट तर्जुमा तथा कार्यान्वयनका समयमा उपयोगमा ल्याउन सके मात्र यसको उद्धेश्य पुरा हुन्छ। तसर्थ, देशको समग्र वजेट व्यवस्थापन गर्ने वजेट तथा कार्यक्रम महाशाखाले क्षेत्रगत मन्त्रालयहरुसंग समन्वय गरी वजेट तर्जुमा कै समयदेखि सजग भै यथार्थपरक र नतिजामुलक वजेट निर्माण तर्फ ध्यान दिनु पर्ने देखिन्छ । वजेट जति यथार्थपरक बन्न सक्छ, कार्यान्वयन पनि त्यति नै सहज हुने हुँदा वजेटका उद्धेश्यहरु हासिल गर्न सकिने हुन्छ।

अनुसूची १

# आर्थिक बर्ष २०६६।६७ को राजश्व लक्ष्य र असुली

रु हजारमा

| राजश्व शीर्षक | राजश्व विवरण | लक्ष्य | असुली | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| **१.१.०१.००** | **बैदेशिक व्यापारमा आधारित वस्तुगत कर** | ३४४०७००० | ३५१५१६१५ | १०२.१६ |
| १.१.०१.१० | पैठारी महसुल | २९१०७००० | २९९६४७८८ | १०२.९५ |
| १.१.०१.३० | भारतीय अन्तःशुल्क फिर्ता | ३७००००० | ३५२१०३२ | ९५.१६ |
| १.१.०१.४० | निकासी महसुल | १०००००० | ९०७९३५ | ९०.७९ |
| १.१.०१.६० | भन्सारको अन्य आय | २५०००० | २६०५१५ | १०४.२१ |
| १.१.०१.७० | कृषि सुधार शुल्क | ३५०००० | ४९७३४४ | १४२.१० |
| **१.१.०२.००** | **वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत कर** | ७०४४१३४० | ७९३७८५२५ | ११२.६९ |
| १.१.०२.१० | मूल्य अभिबृद्धि कर | ५१८८४३४० | ५४८९६५०१ | १०५.८१ |
| १.१.०२.११ | उत्पादन | ५४०९३४० | ५९९९१५७ | ११०.९० |
| १.१.०२.१२ | पैठारी | ३३२७५००० | ३४५५५२०२ | १०३.८५ |
| १.१.०२.१३ | विक्री वितरण | ४१००००० | ३२८६६२४ | ८०.१६ |
| १.१.०२.१४ | ठेक्का तथा परामर्श | २३५०००० | २१८६७१४ | ९३.०५ |
| १.१.०२.१५ | पर्यटन व्यवसाय | ११००००० | २२२१५८९ | २०१.९६ |
| १.१.०२.१९ | अन्य सेवा | ५६५०००० | ६६४७२१४ | ११७.६५ |
| १.१.०२.२० | अन्तःशुल्क | १८५५७००० | २४३१५०५१ | १३१.०३ |
| १.१.०२.२१ | चुरोट | ४७५०००० | ४५०८९९१ | ९४.९३ |
| १.१.०२.२२ | विडी | ४९०० | २५४६ | ५१.९७ |
| १.१.०२.२३ | मदिरा | ३५४०००० | ३७४११९३ | १०५.६८ |
| १.१.०२.२५ | वियर | २५४०००० | २८४२८५६ | १११.९२ |
| १.१.०२.२६ | अन्य औद्योगिक उत्पादन | २३२०००० | २५१४०४१ | १०८.३६ |
| १.१.०२.२७ | पैठारी अन्तशुल्क | ५१३५१०० | १०५४६८७७ | २०५.३९ |
| १.१.०२.२८ | बैदेशिक रोजगार सेवा शुल्क | ७००० | ४४ | ०.६३ |
| १.१.०२.२९ | स्वास्थ्य सेवा कर | १४०००० | १५८५०३ | ११३.२२ |
| १.१.०२.३० | शिक्षा सेवा कर | १२०००० | १६६९७३ | १३९.१४ |
|  | अप्रत्यक्ष कर | १०४८४८३४० | ११४५३०१४० | १०९.२३ |
| **१.१.०३.००** | **आयकर** | ३५८९७३०० | ३३८३२०७८ | ९४.२५ |
| १.१.०३.१० | संस्थागत आयकर | २५६५३००० | २४०५४२६५ | ९३.७७ |
| १.१.०३.११ | सरकारी प्रतिष्ठानहरु | ८००००० | ११३२५३० | १४१.५७ |
| १.१.०३.१२ | पब्लिक लिमिटेड कम्पनीहरु | १२९८०००० | १२०२३५३९ | ९२.६३ |
| १.१.०३.१३ | प्राइभेट लिमिटेड कम्पनीहरु | ६१२३००० | ६२६८७५२ | १०२.३८ |
| १.१.०३.१४ | व्यक्तिगत वा एकलौटी फर्म | ५१५०००० | ३८४२३१० | ७४.६१ |
| १.१.०३.१९ | अन्य निकाय | ६००००० | ७८७१३५ | १३१.१९ |
| १.१.०३.२० | पारिश्रमिक आयकर | ४०६३००० | ४४२००११ | १०८.७९ |
| १.१.०३.२१ | पारिश्रमिक | ४०६३००० | ४४२००११ | १०८.७९ |
| १.१.०३.२३ | सामाजिक सुरक्षा कर |  | ० |  |
| १.१.०३.५० | लगानीमा आयकर | ५९५२३०० | ५०८७७६१ | ८५.४८ |

| | | | | |
|---|---|---|---|---|
| १.१.०३.५१ | वहाल | १३२०००० | ८९५५६० | ६७.८५ |
| १.१.०३.५२ | ब्याज | १९७०००० | २४६९७३४ | १२५.३७ |
| १.१.०३.५३ | पुँजीगत लाभ | १४४०००० | १०४३०२७ | ७२.४३ |
| १.१.०३.५४ | लाभांश | १२२०००० | ६७२९९७ | ५५.१६ |
| १.१.०३.५९ | लगानीको अन्य आय | २३०० | ६४४३ | २८०.१५ |
| १.१.०३.६० | आकस्मिक लाभ कर | २९००० | २०९२६ | ७२.१६ |
| १.१.०३.९० | अन्य | २००००० | २४९११५ | १२४.५६ |
| **१.१.०४.००** | **घरजग्गा तथा अन्य सम्पत्तीमा लाग्ने कर** | ९५००००० | ७९२८४११ | ८३.४६ |
| १.१.०४.३० | घरजग्गा रजिष्ट्रेशन | ६०००००० | ५५१०७८४ | ९१.८५ |
| १.१.०४.५० | सवारी साधन कर | ३५००००० | २४१७६२७ | ६९.०८ |
| | **प्रत्यक्ष कर जम्मा** | ४५३९७३०० | ४१७६०४९० | ९१.९९ |
| | **कर राजश्व जम्मा** | १५०२४५६४० | १५६२९०६३० | १०४.०२ |
| **१.१.०५.००** | **दस्तुर तथा शुल्क** | ७४१६००० | ८४४७५७१ | ११३.९१ |
| १.१.०५.१० | फर्म रजिष्ट्रेशन दस्तुर | ३५०००० | ३८१०७१ | १०८.८८ |
| १.१.०५.२० | एजेन्सी रजिष्ट्रेशन दस्तुर | १५००० | ११२०६ | ७४.७१ |
| १.१.०५.३० | हात हतियार रजिष्ट्रेशन दस्तुर | ५००० | ६२६७ | १२५.३४ |
| १.१.०५.४० | यातायात सम्बन्धी दस्तुर | १६००००० | ३०२३७८१ | १८८.९९ |
| १.१.०५.४१ | सवारी इजाजत दस्तुर | ४५०००० | ६६५२१५ | १४७.८३ |
| १.१.०५.४२ | सडक सुधार दस्तुर | ६००००० | १०१७२२७ | १६९.५४ |
| १.१.०५.४३ | शहरी सडक निर्माण तथा संभार दस्तुर | ५५०००० | १३४१३३९ | २४३.८८ |
| १.१.०५.५० | निकासी पैठारी इजाजत दस्तुर | ७०००० | ५२७०२ | ७५.२९ |
| १.१.०५.६० | परीक्षा दस्तुर | ६५००० | १३६४२९ | २०९.८९ |
| १.१.०५.७० | पासपोर्ट दस्तुर | ३१००००० | १८९९९४७ | ६१.२९ |
| १.१.०५.८० | पर्यटन शुल्क | १३६१००० | १९२८३७४ | १४१.६९ |
| १.१.०५.८१ | भिसा शुल्क | ७५०००० | १२२१७८९ | १६२.९१ |
| १.१.०५.८२ | पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क | ३००००० | ३४३४५३ | ११४.४८ |
| १.१.०५.८३ | प्रदुषण नियन्त्रण शूल्क | ३१०००० | ३६३१३२ | ११७.१४ |
| १.१.०५.८९ | अन्य शुल्क | 1000 | 0 | |
| १.१.०५.९० | अन्य प्रशासनिक शुल्क | ८५०००० | १००७७९४ | ११८.५६ |
| १.१.०५.९१ | स्थानीय बिकास शुल्क | ० | ६८१६५ | |
| १.१.०५.९५ | टेलिफोन स्वामित्व तथा सेवा शुल्क | ६००००० | ५९८१५९ | ९९.६९ |
| १.१.०५.९९ | अन्य प्रशासनिक दस्तुर | २५०००० | ३४१४७० | १३६.५९ |
| **१.१.०६.००** | **दण्ड,जरिवाना र जफत** | २७५००० | ३६६३४५ | १३३.२२ |
| १.१.०६.१० | न्यायीक दस्तुर,दण्ड, जरिवान र जफत | २१०००० | २७०७१७ | १२८.९१ |
| १.१.०६.२० | प्रशासनिक दण्ड, जरिवाना र जफत | ६५००० | ९५६२८ | १४७.१२ |
| **१.१.०७.००** | **सरकारी सम्पत्ती, सेवा तथा वस्तुहरुको विक्री तथा भाडाबाट प्राप्त आय** | १७५०११० | १७५८१२४ | १००.४६ |
| १.१.०७.१० | जलश्रोत क्षेत्रको आय | ५११० | ५१४४ | १००.६७ |
| १.१.०७.११ | पिउने पानी | ३५०० | ३१३६ | ८९.५९ |
| १.१.०७.१२ | सिचाई | १५०० | १८६४ | १२४.२४ |
| १.१.०७.१३ | विद्युत | ११० | १४४ | १३१.०७ |

| | | | | |
|---|---|---|---|---|
| १.१.०७.२० | हुलाक क्षेत्रको आय | २४०००० | २०३४३४ | ८४.७६ |
| १.१.०७.३० | खाद्य कृषि क्षेत्रको आय | ५५००० | ६९८२९ | १२६.९६ |
| १.१.०७.४० | शिक्षा क्षेत्रको आय | ३००००० | ३१००६० | १०३.३५ |
| १.१.०७.५० | बन क्षेत्रको आय | ७५०००० | ७२०९०९ | ९६.१२ |
| १.१.०७.६० | यातायात क्षेत्रको आय | १५०००० | १३८४०२ | ९२.२७ |
| १.१.०७.७० | सरकारी क्षेत्रको अन्य आय | २५०००० | ३१०३४७ | १२४.१४ |
| **१.१.८.००** | **लाभांश** | ७८४७००० | ७३५१९३० | ९३.६९ |
| १.१.०८.१० | वित्तीय प्रतिष्ठान | ३५००००० | २५३२१३७ | ७२.३५ |
| १.१.०८.२० | व्यापारिक प्रतिष्ठान | २००० | २९२ | १४.६२ |
| १.१.०८.३० | औद्योगिक प्रतिष्ठान | ४५००० | १६०४७ | ३५.६६ |
| १.१.०८.४० | सेवामुलक प्रतिष्ठान | ४३००००० | ४८०३४५४ | १११.७१ |
| **१.१.०९.००** | **ब्याज** | १३००००० | ४४७१५६ | ३४.४० |
| १.१.०९.१० | वित्तीय प्रतिष्ठान | ९०००० | ४४८९५ | ४९.८८ |
| १.१.०९.२० | व्यापारिक प्रतिष्ठान | ५५०००० | ४० | ०.०१ |
| १.१.०९.३० | औद्योगिक प्रतिष्ठान | ५५००० | २०३१३ | ३६.९३ |
| १.१.०९.४० | सेवामुलक प्रतिष्ठान | ६००००० | ३७९५३० | ६३.२६ |
| १.१.०९.५० | अन्य | ५००० | २३७९ | ४७.५८ |
| **१.१.१०.००** | **रोयल्टी र सरकारी सम्पत्ति बिक्री** | ३३११००० | २९४८३०५ | ८९.०५ |
| १.१.१०.१० | रोयल्टी | २२७१००० | २७६४९२५ | १२१.७५ |
| १.१.१०.११ | खानी रोयल्टी | २१००० | ४२२४० | २०१.१४ |
| १.१.१०.१२ | जलश्रोत सम्बन्धी रोयल्टी | १०००००० | १४०२७५६ | १४०.२८ |
| १.१.१०.१३ | क्यासिनो रोयल्टी | २५०००० | १२०९५९ | ४८.३८ |
| १.१.१०.१९ | अन्य रोयल्टी | १०००००० | ११९८९७० | ११९.९० |
| १.१.१०.२० | बिक्री | १०४०००० | १८३३८० | १७.६३ |
| १.१.१०.२१ | सरकारी घर जग्गा बिक्री | १०००० | ७८४६८ | ७८४.६८ |
| १.१.१०.२२ | सरकारी सामान बिक्री | ३०००० | ३४६९३ | ११५.६४ |
| १.१.१०.२३ | अन्य बिक्री | १०००००० | ७०२१९ | ७.०२ |
| **१.१.१२.००** | **दातव्य तथा उपहार र विविध आय** | ३०१००० | ३७६४८१ | १२५.०८ |
| १.१.१२.१० | दातव्य तथा उपहार | १००० | ११३ | ११.३५ |
| १.१.१२.२० | विविध आय | ३००००० | ३७६३६७ | १२५.४६ |
| | गैर कर राजश्व जम्मा | २२२००११० | २१६९५९१२ | ९७.७३ |
| **१.१.११.००** | **साँवा फिर्ता** | ४०५८००० | १९५३७६४ | ४८.१५ |
| १.१.११.१० | वित्तीय प्रतिष्ठान | ३५००० | ३२२३४ | ९२.१० |
| १.१.११.२० | व्यापारिक प्रतिष्ठान | ३०००००० | ३०००१४ | १०.०० |
| १.१.११.३० | औद्योगिक प्रतिष्ठान | ३००० | ७३३२५ | २४४४.१८ |
| १.१.११.४० | सेवामुलक प्रतिष्ठान | १०००००० | १५३८४९७ | १५३.८५ |
| १.१.११.५० | अन्य | २०००० | ९६९४ | ४८.४७ |
| साँवा फिर्ता प्राप्ती सहितको गैरकर राजस्व | | २६२५८११० | २३६४९६७७ | ९०.०७ |
| | **राजश्व जम्मा** | १७६५०३७५० | १७९९४०३०६ | १०१.९५ |

अनुसूची २

## आर्थिक बर्ष २०६५।६६ र २०६६।६७ को राजश्वको तुलनात्मक लक्ष्य र संसोधित असुली

**रु. हजारमा**

| राजश्व शीर्षक | राजश्व विवरण | आर्थिक बर्ष २०६५।६६ | आर्थिक बर्ष २०६६।६७ | परिवर्तन (प्रतिशतमा) |
|---|---|---|---|---|
| **१.१.०१.००** | **बैदेशिक व्यापारमा आधारित वस्तुगत** | २६७९२८४७ | ३५१५१६१५ | १३१.२० |
| १.१.०१.१० | पैठारी महसुल | २२०५६५६५ | २९९६४७८८ | १३५.८५ |
| १.१.०१.३० | भारतीय अन्तःशुल्क फिर्ता | ३२१११०२ | ३५२१०३२ | १०९.६५ |
| १.१.०१.४० | निकासी महसुल | ७९३७५४ | ९०७९३५ | ११४.३८ |
| १.१.०१.५० | निकासी सेवा शुल्क | २६३८ | ० | ०.०० |
| १.१.०१.६० | भन्सारको अन्य आय | २३१६०० | २६०५१५ | ११२.४८ |
| १.१.०१.७० | कृषि सुधार शुल्क | ४९७१८८ | ४९७३४४ | १००.०३ |
| **१.१.०२.००** | **वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत कर** | ५५९३८३२१ | ७९३७८५२५ | १४१.९० |
| १.१.०२.१० | मूल्य अभिबृद्धि कर | ३९७००९२१ | ५४८९६५०१ | १३८.२८ |
| १.१.०२.११ | उत्पादन | ४०५७८९२ | ५९९९१५७ | १४७.८४ |
| १.१.०२.१२ | पैठारी | २५७८२४२८ | ३४५५५२०२ | १३४.०३ |
| १.१.०२.१३ | विक्री वितरण | २३७११८८ | ३२८६६२४ | १३८.६१ |
| १.१.०२.१४ | ठेक्का तथा परामर्श | १६०३२४१ | २१८६७१४ | १३६.३९ |
| १.१.०२.१५ | पर्यटन व्यवसाय | ८३६३९१ | २२२१५८९ | २६५.६२ |
| १.१.०२.१९ | अन्य सेवा | ५०४९७८१ | ६६४७२१४ | १३१.६३ |
| १.१.०२.२० | अन्तःशुल्क | १६२२०८८६ | २४३१५०५१ | १४९.९० |
| १.१.०२.२१ | चुरोट | ३७७३९९०७ | ४५०८९९१ | ११.९५ |
| १.१.०२.२२ | विडी | २४४० | २५४६ | १०४.३६ |
| १.१.०२.२३ | मदिरा | ३०६०००६ | ३७४११९३ | १२२.२६ |
| १.१.०२.२५ | वियर | २०६७३३६ | २८४२८५६ | १३७.५१ |
| १.१.०२.२६ | अन्य औद्योगिक उत्पादन | २०९५०१६ | २५१४०४१ | १२०.०० |
| १.१.०२.२७ | पैठारी अन्तशुल्क | ५१२८९५३ | १०५४६८७७ | २०५.६३ |
| १.१.०२.२८ | बैदेशिक रोजगार सेवा शुल्क | १७५४७ | ४४ | ०.२५ |
| १.१.०२.२९ | स्वास्थ्य सेवा कर | १०९६८१ | १५८५०३ | १४४.५१ |
| १.१.०२.३० | शिक्षा सेवा कर | १६५१४ | १६६९७३ | १०११.१० |
| | अप्रत्यक्ष कर | ८२७३११६८ | ११४५३०१४० | १३८.४४ |
| **१.१.०३.००** | **आयकर** | २७२४७३८६ | ३३८३२०७८ | १२४.१७ |
| १.१.०३.१० | संस्थागत आयकर | १९६२४७६८ | २४०५४२६५ | १२२.५७ |
| १.१.०३.११ | सरकारी प्रतिष्ठानहरु | ९५९०४६ | ११३२५३० | ११८.०९ |
| १.१.०३.१२ | पब्लिक लिमिटेड कम्पनीहरु | ९४२५१३२ | १२०२३५३९ | १२७.५७ |
| १.१.०३.१३ | प्राइभेट लिमिटेड कम्पनीहरु | ४१९७५३६ | ६२६८७५२ | १४९.३४ |
| १.१.०३.१४ | व्यक्तिगत वा एकलौटी फर्म | ४४७२०९१ | ३८४२३१० | ८५.९२ |
| १.१.०३.१९ | अन्य निकाय | ५७०९६३ | ७८७१३५ | १३७.८६ |

| | | | | |
|---|---|---|---|---|
| १.१.०३.२० | पारिश्रमिक आयकर | ३१९५६२३ | ४४२००११ | १३८.३१ |
| १.१.०३.२१ | पारिश्रमिक | ३१९५६२३ | ४४२००११ | १३८.३१ |
| १.१.०३.२२ | उद्योग व्यापार पेशा व्यवसाय | ४ | ० | ०.०० |
| १.१.०३.५० | लगानीमा आयकर | ४१६१९६४ | ५०८७७६१ | १२२.२४ |
| १.१.०३.५१ | वहाल | ९६०१९८ | ८९५५६० | ९३.२७ |
| १.१.०३.५२ | व्याज | १६८५०९४ | २४६९७३४ | १४६.५६ |
| १.१.०३.५३ | पुँजीगत लाभ | ७६१६१७ | १०४३०२७ | १३६.९५ |
| १.१.०३.५४ | लाभांश | ७३६५४७ | ६७२९९७ | ९१.३७ |
| १.१.०३.५९ | लगानीको अन्य आय | १८५०८ | ६४४३ | ३४.८१ |
| १.१.०३.६० | आकस्मिक लाभ कर | १७३८० | २०९२६ | १२०.४० |
| १.१.०३.९० | अन्य | २४७६५१ | २४९११५ | १००.५९ |
| **१.१.०४.००** | **घरजग्गा तथा अन्य सम्पत्तीमा लाग्ने कर** | ७०७३३५३ | ७९२८४११ | ११२.०९ |
| १.१.०४.३० | घरजग्गा रजिष्ट्रेशन | ५२२३२७७ | ५५१०७८४ | १०५.५० |
| १.१.०४.५० | सवारी साधन कर | १८४९९५८ | २४१७६२७ | १३०.६९ |
| | **प्रत्यक्ष कर जम्मा** | ३४३२०७३९ | ४१७६०४९० | १२१.६८ |
| | **कर राजश्व जम्मा** | ११७०५१९०७ | १५६२९०६३० | १३३.५२ |
| **१.१.०५.००** | **दस्तुर तथा शुल्क** | ९५४११७८ | ८४४७५७१ | ८८.५४ |
| १.१.०५.१० | फर्म रजिष्ट्रेशन दस्तुर | ३७७१९७ | ३८१०७१ | १०१.०३ |
| १.१.०५.२० | एजेन्सी रजिष्ट्रेशन दस्तुर | ९१५४ | ११२०६ | १२२.४२ |
| १.१.०५.३० | हात हतियार रजिष्ट्रेशन दस्तुर | ११८३६ | ६२६७ | ५२.९५ |
| १.१.०५.४० | यातायात सम्बन्धी दस्तुर | २०७२७८७ | ३०२३७८१ | १४५.८८ |
| १.१.०५.४१ | सवारी इजाजत दस्तुर | ५५७७८८ | ६६५२१५ | ११९.२६ |
| १.१.०५.४२ | सडक सुधार दस्तुर | ८२३५३६ | १०१७२२७ | १२३.५२ |
| १.१.०५.४३ | शहरी सडक निर्माण तथा संभार दस्तुर | ६९१४६३ | १३४१३३९ | १९३.९९ |
| १.१.०५.५० | निकासी पैठारी इजाजत दस्तुर | ५९९५५ | ५२७०२ | ८७.९० |
| १.१.०५.६० | परीक्षा दस्तुर | ७५६९२ | १३६४२९ | १८०.२४ |
| १.१.०५.७० | पासपोर्ट दस्तुर | २१११६५४ | १८९९९४७ | ८९.९७ |
| १.१.०५.८० | पर्यटन शुल्क | १५३२९३२ | १९२८३७४ | १२५.८० |
| १.१.०५.८१ | भिसा शुल्क | ९९२३२२ | १२२१७८९ | १२३.१२ |
| १.१.०५.८२ | पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क | ५३८९२३ | ३४३४५३ | ६३.७३ |
| १.१.०५.८३ | प्रदुषण नियन्त्रण शूल्क | १६८७ | ३६३१३२ | २१५२५.२९ |
| १.१.०५.८९ | अन्य शुल्क | ० | 0 | ०.०० |
| १.१.०५.९० | अन्य प्रशासनिक शुल्क | ३२८९९७१ | १००७७९४ | ३०.६३ |
| १.१.०५.९१ | स्थानीय बिकास शुल्क | २५४१६७८ | ६८१६५ | २.६८ |
| १.१.०५.९५ | टेलिफोन स्वामित्व तथा सेवा शुल्क | ४०९४९० | ५९८१५९ | १४६.०७ |
| १.१.०५.९९ | अन्य प्रशासनिक दस्तुर | ३३८८०३ | ३४१४७० | १००.७९ |

| | | | | |
|---|---|---|---|---|
| **१.१.०६.००** | **दण्ड,जरिवाना र जफत** | २८३६५५ | ३६६३४५ | १२९.१५ |
| १.१.०६.१० | न्यायीक दस्तुर,दण्ड, जरिवान र जफत | १९८२९० | २७०७१७ | १३६.५३ |
| १.१.०६.२० | प्रशासनिक दण्ड, जरिवाना र जफत | ८५३६५ | ९५६२८ | ११२.०२ |
| **१.१.०७.००** | **सरकारी सम्पत्ती, सेवा तथा वस्तुहरुको विक्री तथा भाडाबाट प्राप्त आय** | १६१०६७१ | १७५८१२४ | १०९.१५ |
| १.१.०७.१० | जलश्रोत क्षेत्रको आय | ५४०२ | ५१४४ | ९५.२२ |
| १.१.०७.११ | पिउने पानी | ३४७८ | ३१३६ | ९०.१५ |
| १.१.०७.१२ | सिचाई | १८०१ | १८६४ | १०३.४८ |
| १.१.०७.१३ | विद्युत | १२३ | १४४ | ११७.२१ |
| १.१.०७.२० | हुलाक क्षेत्रको आय | १८९९८० | २०३४३४ | १०७.०८ |
| १.१.०७.३० | खाद्य कृषि क्षेत्रको आय | ५५८४० | ६९८२९ | १२५.०५ |
| १.१.०७.४० | शिक्षा क्षेत्रको आय | २६२४६२ | ३१००६० | ११८.१४ |
